# पुष्प अधिकारी ‘अञ्जलि’को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**माधवप्रसाद अधिकारी**

परीक्षा रोल नं. १९०२०३/०६६
त्रि.वि. दर्ता नं. ०३५-०१६६७५
क्याम्पस रोल नं.: ४३/०६४


**वीरेन्द्र बहुमुखी क्याम्पस**

नेपाली विभाग
भरतपुर, चितवन
सन् २०१३/२०७० साल

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र माधवप्रसाद अधिकारीले **पुष्प अधिकारी 'अञ्जलि'को जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

२०७०/०३/२७
११ जुलाई २०१३

दामोदर रिजाल
सहप्राध्यापक
**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**पुष्प अधिकारी 'अञ्जलि'को जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर (एम.ए.) तह द्वितीय वर्षको नयाँ पाठ्यक्रमअनुसार दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । शोधकार्यको पूर्णताका लागि जुनसुकै बखत आफ्नो अमूल्य समयबाट फुर्सद निकालेर महत्त्वपूर्ण निर्देशन दिनुहुने आदरणीय गुरु तथा शोधनिर्देशक सह-प्राध्यापक दामोदर रिजालप्रति हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध शीर्षकलाई स्वीकृति प्रदान गरी आवश्यक राय तथा सुझाव एवम् परामर्श दिनुहुने विभागीय प्रमुख सम्मान्य गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति विशेष हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री सङ्कलनमा सहयोग र स्रोत उपलब्ध गराउने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति ऋणी छु । त्यस्तै लेखन कार्यमा हरतरहबाट सहयोग र सुझाव दिनुहुने सहप्राध्यापक विष्णु सापकोटा, सहप्राध्यापक होमनाथ सापकोटा लगायतका विद्वत्जनप्रति पनि आभार प्रकट गर्दछु ।

यसै गरी शोधपत्रलाई यथाशीघ्र सम्पन्न गर्न अभिप्रेरणा प्रदान गर्नुहुने पूज्य बुबाममा भूमिनन्द अधिकारी, ओत कुमारी अधिकारीप्रति विशेष आभारी छु । शोधपत्र तयारीका लागि घरयासी समस्याका बाबजुद स्वतन्त्रता दिँदै उपयुक्त वातावरण मिलाएर आइपरेका सम्पूर्ण बाधा अड्चन र झन्झट आफैले अङ्गीकार गर्ने जीवन सङ्गिनी श्रीमती सुशिला अधिकारी, लेखन कार्यमा सहयोग गर्ने छोराहरू प्रतीक चन्द्र अधिकारी, सरोज चन्द्र अधिकारी, उमेश चन्द्र अधिकारी, बुहारीहरू विजया दुवाडी (अधिकारी), ईश्वरी अर्याल (अधिकारी), दाजु, भाउजू, भाइ, बुहारी, भतिजाहरू धन्यवादका पात्र छन् । साथै यस शोधपत्रलाई शुद्धसँग टङ्कण गरी व्यवस्थित बनाउन सहयोग गर्ने कालिका कम्प्युटर सर्भिसका महेश पौडेललाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष पेस गर्दछु ।

२०७०/३/२५

९ जुलाई २०१३

...............................

**माधवप्रसाद अधिकारी**

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# विषयसूची

## परिच्छेद : एक

### शोधपरिचय


| | |
|---|---|
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधप्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधकार्यको उद्देश्य | २ |
| १.६ पूर्वकार्यको विवरण | ३ |
| १.७ शोधकार्यको औचित्य र महत्त्व | ५ |
| १.८ शोधकार्यको सीमाङ्कन | ५ |
| १.९ सामग्री सङ्कलन पद्धति | ६ |
| १.१० शोधविधि | ६ |
| १.११ सैद्धान्तिक ढाँचा | ६ |
| १.१२ शोधकार्यको रूपरेखा | |


## परिच्छेद : दुई

### साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' को जीवनी


| | |
|---|---|
| २.१ विषयप्रवेश | ८ |
| २.२ जन्म र जन्मस्थान | ८ |
| २.३ बाल्य अवस्था र उपनयन | ९ |
| २.४ शिक्षादीक्षा | १० |
| २.५ पारिवारिक तथा वैवाहिक स्थिति | १० |
| २.६ आर्थिक अवस्था | ११ |
| २.७ आजीविका र पेसा | ११ |
| २.८ लेखनमा प्रेरणा र प्रभाव | १२ |
| २.९ सामाजिक क्षेत्रमा संलग्नता र कार्य | १३ |
| २.१० रुचि तथा स्वभाव | १३ |
| २.११ अविस्मरणीय घटना | १४ |

२.११.१ दुःखद घटना १४
२.११.२ रोचक घटना १५
२.११.३ सम्मान तथा पुरस्कारहरू १६
२.१२ यात्रा तथा भ्रमण १६
२.१३ सङ्घ-संस्थासँगको आबद्धता १७
२.१४ निष्कर्ष १७

## परिच्छेद : तीन

### साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'को व्यक्तित्वको अध्ययन

३.१ पृष्ठभूमि १९
३.२ बाह्य व्यक्तित्व २०
३.३ आन्तरिक व्यक्तित्व २०
३.३.१ साहित्यिक व्यक्तित्व २०
३.३.१.१ गजलकार व्यक्तित्व २१
३.३.१.२ कवि व्यक्तित्व २२
३.३.१.३ मुक्तककार व्यक्तित्व २३
३.३.१.४ निबन्धकार व्यक्तित्व २३
३.३.१.५ गीतकार व्यक्तित्व २४
३.३.१.६ कथाकार व्यक्तित्व २४
३.३.२ साहित्येतर व्यक्तित्व २४
३.३.२.१ सामाजिक व्यक्तित्व २५
३.३.२.२ जागिरे तथा प्रशासनिक व्यक्तित्व २६
३.३.२.३ सम्पादक तथा प्रकाशक व्यक्तित्व २६
३.४ निष्कर्ष २६

## परिच्छेद : चार

### पुष्प अधिकारी 'अञ्जलि'को साहित्यिकयात्रा र पुस्तकाकार कृतिहरूको अध्ययन

४.१ नेपाली साहित्यमा पुष्पअधिकारी 'अञ्जलि'को प्रवेश २८
४.२ पुष्प अधिकारी 'अञ्जलि'का गजलसङ्ग्रहहरूको अध्ययन ३०
४.२.१ गजलको सैद्धान्तिक परिचय ३०

४.२.२ गजलको संरचना ३२
४.२.३ नेपाली गजल परम्परामा पुष्प अधिकारी ‘अञ्जलि’ को आगमन ३५
४.२.४ पुष्प अधिकारी ‘अञ्जलि’ को मनभित्रको मन गजलसङ्ग्रहको अध्ययन ३७
४.२.४.१ परिचय ३७
४.२.४.२ केन्द्रीय कथ्य ३८
४.२.४.३ बहर वा छन्द ५६
४.२.४.४ लय ५६
४.२.४.५ भाषाशैली ५६
४.२.४.६ संरचना ५६
४.२.४.७ निष्कर्ष ६१
४.३ गजलकार पुष्प अधिकारी ‘अञ्जलि’को स्वप्निल नयन गजलसङ्ग्रहको अध्ययन ६२
४.३.१ परिचय ६२
४.३.२ केन्द्रीय कथ्य ६३
४.३.३ बहर वा छन्द ७५
४.३.४ लय ७५
४.३.५ भाषाशैली ७६
४.३.६ संरचना ७६
४.३.७ निष्कर्ष ८२
४.४ मुक्तकको सामान्य परिचय ८२
४.४.१ मुक्तकका तत्त्वहरू ८३
४.४.१.१ शीर्षक ८३
४.४.१.२ संरचना र विधागत स्वरूप ८३
४.४.१.३ लयविधान ८४
४.४.१.४ भाषाशैली ८४
४.४.१.५ कथनपद्धति ८४
४.४.१.६ बिम्बविधान वा अलङ्कारविधान ८४
४.४.१.७ कथ्य/भावविधान ८५
४.४.२ ‘जून फुलेको बस्ती’ मुक्तकसङ्ग्रहको अध्ययन ८५
४.४.२.१ शीर्षक ८६
४.४.२.२ लयविधान ८६

४.४.२.३ कथन पद्धति ८७
४.४.२.४ भाषाशैली ८८
४.४.२.५ संरचना ८८
४.४.२.६ भाव र विचार ८९
४.४.२.७ निष्कर्ष ९४
४.४.३ पुष्प अधिकारी ‘अञ्जलि’ को एक अञ्जुलि घाम मुक्तकसङ्ग्रहको अध्ययन ९५
४.४.३.१ शीर्षक ९६
४.४.३.२ लयविधान ९६
४.४.३.३ कथन पद्धति ९७
४.४.३.४ भाषाशैली ९७
४.४.३.५ संरचना ९८
४.४.३.६ भाव र विचार ९९
४.५ निष्कर्ष १०५

**परिच्छेद : पाँच**
**मूल्याङ्कन तथा उपसंहार १०७**

**सन्दर्भसामग्रीसूची** १११

**परिशिष्ट खण्ड**
परिशिष्ट ‘क’ : शोधनायक पुष्पअधिकारी ‘अञ्जलि’लाई गरिएका प्रश्नावलीहरू ११३
परिशिष्ट ‘ख’ : शोधनायकको छायाचित्र ११६
परिशिष्ट ‘ग’ : पुष्प अधिकारी ‘अञ्जलि’ले प्राप्त गरेका सम्मानहरू ११७

# तालिका सूची

तालिका सङ्ख्या १ : मनभित्रको मन गजलसङ्ग्रहमा सङ्कलित गजलहरूको संरचनागत अवस्था ५७
तालिका सङ्ख्या २ : स्वप्निल नयन गजलसङ्ग्रहमा सङ्कलित गजलहरूको संरचनागत अवस्था ७७

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| एफ.एम. | फ्रिक्वेन्सी मोडुलेसन |
| गा.वि.स. | गाउँ विकास समति |
| डा. | डाक्टर |
| नं. | नम्बर |
| नि. | निबन्ध |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्र. | प्रसाद |
| प्र.अ. | प्रधानाध्यापक |
| पृ. | पृष्ठ |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बि.ए. | ब्याचलर अफ आर्टस् |
| मा.वि. | माध्यमिक विद्यालय |
| ले. | लेखक |
| वि.सं. | विक्रम संवत् |
| स्व. | स्वर्गीय |

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **पुष्प अधिकारी 'अञ्जलि'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## १.३ विषय परिचय

साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' २०२३ साल भाद्र १२ गते चितवन जिल्लाको चैनपुर गा.वि.स. वडा नं. ९ मा जन्मेका थिए । उनी नेपाली साहित्यका एक ऊर्जाशील स्रष्टाका रूपमा चिनिन्छन् । पुष्प अधिकारी 'अञ्जलि'ले २०४४ सालमा **राष्ट्र पुकार** पत्रिकामा *मेरो माटो मेरो मुटु* नामक बालकविता प्रकाशन गरेका थिए । त्यहाँबाट नै उनको औपचारिक साहित्य यात्रा आरम्भ भएको मानिन्छ । त्यस समयदेखि अहिलेसम्म आइपुग्दा उनी नेपाली साहित्यका विभिन्न विधामा सक्रिय देखिन्छन् । विभिन्न पत्रपत्रिकाहरूमा गीत, कविता, गजल, मुक्तक, कथाहरू प्रकाशन गरेर आफ्नो साहित्यिक प्रतिभाको परिचय दिएका पुष्प अधिकारी 'अञ्जलि'का हालसम्म चार वटा साहित्यिक कृतिहरू प्रकाशित छन् । **मनभित्रको मन** गजलसङ्ग्रह (२०६२), उनको पहिलो प्रकाशित कृति हो । त्यसका अतिरिक्त २०६३ सालमा **एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रह प्रकाशित भएको थियो । त्यस्तै गरी २०६४ सालमा **स्वप्निल नयन** गजलसङ्ग्रह र २०६६ सालमा **जून फुलेको बस्ती** नामक कृति प्रकाशित भइसकेका छन् भने **मनको तृष्णा** हाइकुसङ्ग्रह र **म कवितामा देश खोजीरहेछु** कवितासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यी कृतिहरू

तथा उनको साहित्यिक योगदानलाई मूल्याङ्कन गर्दा साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' नेपाली साहित्य यात्राका एक कुशल साहित्यकारका रूपमा परिचित छन् । यस्ता साहित्यकारको खोज र उनका कृतिहरूको मूल्याङ्कन एवम् व्याख्या विश्लेषण गरी जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन सम्पन्न गर्ने उद्देश्यले **पुष्प अधिकारी 'अञ्जलि'को जीवनी, व्यक्तित्व र कृतित्व** नामक शीर्षकमा शोधकार्य तयार गरिएको छ ।

## १.४ समस्याकथन

पुष्प अधिकारी 'अञ्जलि' निरन्तर रूपमा साहित्य सृजनामा संलग्न व्यक्तित्व हुन् । **पुष्प अधिकारी 'अञ्जलि'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यस शोधपत्रमा उनको जीवनी र व्यक्तित्वलाई समेटेर कृतित्व पक्षको समग्र अध्ययन गरिएको छ । त्यसैले प्रस्तुत शोधकार्य निम्नलिखित मुख्य समस्यामा केन्द्रित रहेको छ :

क) पुष्प अधिकारी 'अञ्जलि'को जीवनी के-कस्तो छ ?

ख) 'अञ्जलि'को साहित्यिक व्यक्तित्वको निर्माण के कसरी भएको छ ?

ग) नेपाली साहित्यमा 'अञ्जलि'को रचनात्मक योगदान कस्तो छ ?

घ) 'अञ्जलि'का साहित्यिक प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

यिनै समस्यामा आधारित भई यो शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

हरेक कार्यको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । त्यस माथि पनि शोधकार्यजस्तो गहन तथा जटिल कार्य उद्देश्य विहीन ढङ्गले अगाडि बढ्न सक्दैन । प्रस्तुत पुष्प अधिकारी 'अञ्जलि'को जीवनी, व्यक्तित्व र कृतित्व नामक शोधकार्यका निम्न उद्देश्यहरू रहेका छन् :

क) पुष्प अधिकारी 'अञ्जलि'को जीवनीबारे जानकारी गराउनु,

ख) 'अञ्जलि'को व्यक्तित्वको विश्लेषण गर्नु,

ग) नेपाली साहित्यिक क्षेत्रमा 'अञ्जलि'ले पुऱ्याएको योगदानहरूको मूल्याङ्कन गर्नु,

घ) उनका रचनाहरूको कृति र साहित्यिक यात्राका चरणहरू पत्ता लगाई तिनको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नु ।

यिनै उद्देश्यहरूको परिधिभित्र रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.६ पूर्वकार्यको विवरण

पुष्प अधिकारी 'अञ्जलि' साहित्य सृजनामा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएका नव सर्जक हुन् । चितवनलाई कर्मभूमि बनाएर साहित्य सृजनामा अग्रसर पुष्प अधिकारी 'अञ्जलि'का बारेमा विभिन्न पत्र-पत्रिका तथा लेखरचना मार्फत् विभिन्न साहित्यकार तथा समालोचकहरूले विभिन्न प्रकारका टीकाटिप्पणी एवम् चर्चा गर्दै आएको पाइन्छ । यसलाई नै यहाँ पूर्वकार्यको समीक्षाका रूपमा उल्लेख गरिएको छ। त्यसको कालक्रमिक विवरण तल उल्लेख गरिएको छ :

क) गोविन्दराज विनोदीले साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'का सृजनामा अनुभूतिको निख्खरता र युगचेतनाको प्रखरता पाइन्छ भन्ने टिप्पणी गरेका छन् ।[1] समकालीन चेतनाप्रयुक्त विषयवस्तुलाई स्पष्ट र सटीक रूपले आफ्ना सृजनामा अभिव्यक्ति दिने 'अञ्जलि' का कृतिहरू पाठकका मन-मुटुलाई सहजै स्पर्श गर्ने खालका छन् भन्दै विनोदीले यिनको मूल्याङ्कन गरेका छन् ।

ख) शिला तिवारीले गजलकार पुष्प अधिकारी 'अञ्जलि'लाई सशक्त गजलकारका रूपमा मूल्याङ्कन गरेकी छिन् ।[2] **गजलबिम्ब** नामक कृतिको प्रकाशनबाट उत्साहित बनेकी तिवारीका विचारमा 'अञ्जलि'को गजलप्रतिको संलग्नता स्तुत्य छ ।

ग) श्रेष्ठ प्रिया 'पत्थर'ले पुष्प अधिकारी 'अञ्जलि'का मुक्तकहरूको चर्चा गर्दै 'अञ्जलि'लाई शब्दहरूसँग खेल्न सक्ने र शब्दलाई जीवनवृत्तमा समायोजन गर्दै समसामयिक विकृति तथा विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य गर्न सक्ने क्षमता भएका कुशल मुक्तककार तथा युगबोधी चेतना भएका साहित्यकारका रूपमा चर्चा गरेकी छन् ।[3]

घ) दामोदर पुडासैनी 'किशोर'ले पुष्प अधिकारी 'अञ्जलि'लाई साहित्य लेख्ने र त्यसको प्रचार प्रसार गरी समाजका हरेक अङ्गमा पुऱ्याउने व्यक्तिका हृदयमा

---

[1] गोविन्दराज विनोदी, *शुभकामना,* **मनभित्रको मन**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६२), भूमिका खण्ड ।

[2] शिला तिवारी, *शुभकामना,* **मनभित्रको मन,** पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान २०६२), भूमिका खण्ड ।

[3] श्रेष्ठ प्रिया 'पत्थर', *एक अञ्जुलि घामभित्रका 'अञ्जलि'',* '**एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), भूमिका खण्ड ।

चर्चा गरेका छन् ।[4] साहित्यमा आदर्शका कुरामात्र नलेखेर जीवनलाई नै आदर्शमय रूपमा जिउने, आदर्शवान् स्रष्टाका रूपमा 'अञ्जलि'को चर्चा गर्दै पुडासैनीले सृजना र त्यसको प्रचार गर्ने कार्यमा 'अञ्जलि अद्वितीय रहेको अनुभूत गरेका छन् ।

ङ) रेशमराज बरालले साहित्यमा लागेर कहिल्यै नथाक्ने, अरूलाई पनि थाकेको महशुस हुन नदिने, उत्साही र जोशिला भावका साहित्यकारका रूपमा 'अञ्जलि'को चित्रण गरेका छन् ।[5]

च) सरिता शशीले साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'लाई शब्दचयनमा खुब विचार राख्ने, कोमल भाव तथा रसिलो व्यवहारका धनी व्यक्तित्वका रूपमा चर्चा गरेकी छन् ।[6]

छ) दामोदर पुडासैनी किशोरले समय र संस्कृतिलाई टपक्क टिपेर कला, शैली र विषयगत पक्षलाई नौलो निखार दिन सक्ने प्रतिभाका रूपमा 'अञ्जलि'लाई चिनाएका छन् ।[7]

ज) बिर्खे अन्जानले साहित्यकार 'अञ्जलि'को साहित्यिक व्यक्तित्वको चर्चा गर्दै यिनलाई नेपाली साहित्यका पाठक र लेखकका बिच आफ्नो छवि बनाइ सकेका गजलकार, मुक्तककार, कविका रूपमा चिनिएका छन् । सृजनारत स्रष्टाहरूका बिच छुट्टै पहिचान भएका साहित्यकारका रूपमा यिनको स्थान सुरक्षित रहेको चर्चा अन्जानले गरेका छन् ।

झ) खगेन्द्र गिरी 'कोपिला'ले चितवनको धुलो माटोमा खेल्दा खेल्दै थाहै नपाई अक्षरसँग साइनो गाँस्न पुगेका 'अञ्जलि' स्रष्टामात्र होइनन् उनी साहित्यिक गतिविधिहरूका कुशल अभिनेता पनि हुन् भन्दै उनलाई मानिसका अन्तर्मनमा रहेका कुण्ठित भावहरूलाई साहित्यका माध्यमबाट व्यक्त गर्ने सफल व्यक्तित्वका रूपमा चर्चा गरेका छन् ।[8]

---

[4] दामोदर पुडासैनी 'किशोर', *समयका शक्तिशाली साक्षी पुष्प अधिकारी 'अञ्जलि''*, **एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ.८-१० ।

[5] रेशमराज बराल, *शुभकामना*, **एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. १४ ।

[6] सरिता शशी, *स्वप्निल नयनमा नयन बिछ्याउँदा*, **हेटौंडा सन्देश**, (वर्ष ६, अङ्क ७, २०६४ कार्तिक १०), पृ. ३ ।

[7] दामोदर पुडासैनी 'किशोर', *स्वप्निल नयनभित्र डुबेका अञ्जलि*, **स्वप्निल नयन**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान २०६४), पृ. च ।

[8] खगेन्द्र गिरी 'कोपिला', *फूलको बस्तीमा जूनलाई निम्तो*, **जून फुलेको बस्ती**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६५), पृ. ग-ज ।

ट)	धनराज गिरीले 'अञ्जलि'को साहित्यिक कलाको चर्चा गर्दै उनको साहित्य यात्रालाई लोभलाग्दो साहित्यिक यात्राका रूपमा र 'अञ्जलि' लाई अध्ययनशील स्रष्टाका रूपमा चर्चा गरेका छन् ।[9]

ठ)	धनराज 'आनन्द'ले 'अञ्जलि'को साहस, लगानी र उत्साहको उच्च मूल्याङ्कन गर्नुपर्दछ, भनेका छन् ।[10]

विभिन्न विद्वान्का तर्क र विचारबाट पुष्प अधिकारीको साहित्यिक सृजनधर्मितालाई बुझ्न सकिए पपिन समग्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन अपेक्षित रहेकाले यो शोधपत्र तयार पारिएको हो ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्यको उन्नति र प्रगतिमा अनवरत रूपमा क्रियाशील स्रष्टाको समग्र अध्ययन गर्नु निश्चय पनि महत्त्वपूर्ण कार्य हो । साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'को जीवनी र व्यक्तित्वका विविध पाटाहरूको उल्लेख गर्दै उनका प्रकाशित पुस्तकाकार कृतिहरूको विधागत अध्ययन गरी नेपाली साहित्यमा उनको योगदानको निरूपण गर्नुमा नै यस शोधपत्रको औचित्य र महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य **पुष्प अधिकारी 'अञ्जलि'को जीवनी, व्यक्तित्व र कृतित्व**सम्बन्धी परिधिभित्र रहेर तयार गरिएको छ । उनका प्रकाशित कृतिहरू, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूको खोजी गरी प्राप्त समीक्षात्मक टिप्पणीकै आधारमा यस शोधपत्र तयार पारिएको छ । त्यसैगरी शोधनायकसँगको प्रत्यक्ष भेट तथा सम्बन्धित व्यक्तिहरूसँग भेटवार्ता गरी शोधकार्यका लागि आवश्यक तथ्यहरू सङ्कलन गरिएको छ । पुष्प अधिकारी 'अञ्जलि'को जीवनका व्यक्तित्वका विभिन्न उतार चढावहरूको खोजी गर्नु, उनको साहित्यिक व्यक्तित्व निर्माणको पृष्ठभूमिको अध्ययन गर्नु, नेपाली साहित्यमा पुष्पअधिकारी

---

[9] धनराज गिरी, *फगत् चोखोमाया-हृदयको कुनाबाट,* **जून फुलेको बस्ती**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६५), पृ. त-ध ।

[10] धनराज 'आनन्द', *यो माटो साहित्यशान : हाम्रो मझेरी प्रतिष्ठान,* **चितवनपोष्ट**, (वर्ष १२, अङ्क ४, २०६५), पृ. २ ।

'अञ्जलि'को सृजनात्मक पक्षको खोजी गर्दै उनका साहित्यिक प्रवृत्तिहरूको निरूपण गर्नु, प्रकाशित कृतिहरूको अध्ययन विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन पद्धति

पुष्प अधिकारी 'अञ्जलि'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालय अध्ययन पद्धति, शोधनायकसँगको प्रत्यक्ष भेटघाट, प्रश्नावली, अन्तर्वार्ता जस्ता पद्धति अपनाइएको छ ।

## १.१० शोधविधि

पुष्प अधिकारी 'अञ्जलि'को जीवनी, व्यक्तित्वसम्बन्धी लेखन कार्यमा ऐतिहासिक पद्धतिलाई अँगालिएको छ भने कृतित्वसम्बन्धी लेखनकार्यमा समालोचनाका सामान्य सिद्धान्तहरूलाई अँगालिएको छ ।

## १.११ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्य अन्तर्गत जीवनी खण्डमा स्वयम् अनुसन्धेय व्यक्तिसँगको भेटघाट अन्तर्वार्तालाई मूल आधार मानिएको छ भने व्यक्तित्व खण्डमा अनुसन्धेय व्यक्तिको कृतित्वलाई मूल आधार मानी त्यसकै आधारमा व्याख्या विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.१२ शोधकार्यको रूपरेखा

प्रस्तावित शोधकार्यलाई व्यवस्थित एवम् सुसङ्गठित रूप प्रदान गर्नका लागि पाँच परिच्छेद र एक परिशिष्ट खण्डमा विभाजन गरिएको छ । साधरणतया शोधकार्यको रूपरेखा निम्न बमोजिमको रहेको छ :

**पहिलो परिच्छेद : शोधपरिचय**

यसअन्तर्गत शोध शीर्षक, शोध प्रयोजन, शोधको औचित्य र महत्त्व, विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधकार्यको सिमाङ्कन, सामग्री सङ्कलन पद्धति, शोधविधि, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखा रहेको छ ।

**दोस्रो परिच्छेद : पुष्प अधिकारी 'अञ्जलि'को जीवनीको अध्ययन ।**

दोस्रो परिच्छेदमा पुष्प अधिकारी 'अञ्जलि'को जीवनीलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । यसअन्तर्गत पृष्ठभूमि, वंश परम्परा र जन्म बाल्यकाल शिक्षा दीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, लेखनमा प्रेरणा र प्रभाव दिनचर्या एवम् धार्मिक अवस्था, रुचि तथा स्वभाव, भ्रमण, साहित्यिक मान्यता र जीवन दर्शन, संस्थासँगको आबद्धता मान पदवी र पुरस्कारहरूको उल्लेख गरिएको छ ।

**तेस्रो परिच्छेद : पुष्प अधिकारी 'अञ्जलि'को व्यक्तित्वको अध्ययन ।**

तेस्रो परिच्छेदमा पुष्प अधिकारी 'अञ्जलि'को व्यक्तित्वलाई विभिन्न तरिकाले व्याख्या एवम् विश्लेषण गरिएको छ । यसअन्तर्गत उनको साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वको चर्चा गरिएको छ ।

**चौथो परिच्छेद : पुष्प अधिकारी 'अञ्जलि'को साहित्यिक यात्रा र पुस्तकाकार कृतिहरूको अध्ययन ।**

चौथो परिच्छेदमा पुष्प अधिकारी 'अञ्जलि'को साहित्यमा आगमन एवम् उनको साहित्यिक यात्रा र चरण विभाजन तथा पुस्तकाकार कृतिहरूको विविध कोणबाट विवेचना गरिएको छ ।

**पाँचौँ परिच्छेद : मूल्याङ्कन तथा उपसंहार**

पाँचौ परिच्छेदमा मूल्याङ्कन तथा उपसंहार रहेको छ । यसमा पुष्प अधिकारी 'अञ्जलि'को जीवनी व्यक्तित्व र कृतित्वको निष्कर्षका साथै उनका प्रवृत्तिहरूको समेत मूल्याङ्कन गरिएको छ ।

अन्त्यमा सन्दर्भग्रन्थ खण्ड तथा परिशिष्ट खण्ड रहेको छ । सन्दर्भग्रन्थ खण्ड अन्तर्गत सन्दर्भ सामग्रीहरूको वर्णानुक्रम मिलाएर प्रस्तुत गरिएको छ भने परिशिष्ट खण्ड अन्तर्गत शोधनायकले प्राप्त गरेका सम्मान पत्रको प्रतिलिपि, शोधनायकको छाया चित्र प्रस्तुत गरिएको छ ।

शोधकार्यका क्रममा शोध नायक र विशिष्ट व्यक्तित्वहरूसँग लिइएको अन्तर्वार्ता, प्रश्नावलीको नमूना, विभिन्न व्यक्तिहरूसँगको कुराकानी, स्रोत विवरणलाई पनि परिशिष्ट खण्डमा नै प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' को जीवनी

# परिच्छेद : दुई

# साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' को जीवनी

## २.१ विषयप्रवेश

मानिसले बाँचुन्जेल गरेका कामको बयान वा जीवन चरित्रको विस्तृत रूप नै जीवनी हो । जीवनयापनका क्रममा आइपर्ने उतारचढाव, विभिन्न सुखद तथा दुःखद् घटनाहरू व्यक्तिको जन्मदेखि मृत्युसम्म जोडिन आउने कुरा हुन् । सर्वश्रेष्ठ रूपमा परिचित मानवले आफ्नो जीवन जिउने क्रममा अनेक, सुख, दुःख, हर्ष, विस्मात्, संयोग र वियोगजस्ता कुराहरू सामना गर्नुपर्ने हुन्छ । सबैको जीवन जिउने तरिका एउटै प्रकारको पनि हुँदैन । कसैको जीवन कति सफल तथा असफल तवरबाट व्यतीत भयो भन्ने कुरा साहित्यिक, सामाजिक, राजनैतिक, धार्मिक जस्ता विविध क्षेत्रमा उसले पुऱ्याएको भूमिकाबाट मूल्याङ्कन गर्न सकिन्छ । मानिस जीवन जिउने सन्दर्भमा साहित्य, खेलकुद, राजनीति लगायतका विभिन्न क्षेत्रमा सहभागी बन्दछ र तिनै क्षेत्रमा आफूलाई स्थापित गराउँदै आफ्नो जीवनलाई सार्थक बनाउने प्रयत्न गर्दछ । समाजका कतिपय व्यक्तिहरूले नेपाली साहित्यमा कलम चलाएर यसैका माध्यमबाट आफ्नो जीवनलाई सार्थक बनाएका छन् । त्यस्तै आफ्नो जीवनलाई सार्थक बनाउन साहित्यलाई आफ्नो कर्मक्षेत्र बनाउने व्यक्तित्वका रूपमा पुष्प अधिकारी 'अञ्जलि' लाई लिन सकिन्छ । यिनैको जीवनी, व्यक्तित्व तथा कृतित्वको परिधिभित्र रहेर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

नारायणी अञ्चलको चितवन जिल्लाअन्तर्गत पर्ने पहाडी क्षेत्र काउलेबाट पिता स्व. झपनबहादुर अधिकारी बसाइँसराइका सिलसिलामा चितवन जिल्लाकै चैनपुर गा.वि.स.को वडा नं. ९ मा आएर बसोबास गरेका थिए । त्यसै क्रममा २०२३ भाद्र १२ गतेका दिन

साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' को चैनपुर गा.वि.स. वडा नं. ९ मा जन्म भएको थियो ।[1]

## २.३ बाल्य अवस्था र उपनयन

पुष्प अधिकारी 'अञ्जलि' दुई/तीन वर्षको नाबालक अवस्थामा हुँदा पिता झपनबहादुर अधिकारीको स्वर्गारोहण भएको हो ।[2] सानै उमेरमा पितृस्नेहबाट वञ्चित रहेका 'अञ्जलि'को बाल्यावस्था आर्थिक कठिनाइका कारण भौतिक सुखसयलबाट वञ्चित भएको देखिन्छ । दुई दाजु तथा दुई दिदीपछि पाँचौं सन्तानका रूपमा जन्मिएका र घरमा गर्नुपर्ने सम्पूर्ण कामहरू दाजु, दिदीहरूले नै गर्ने हुँदा शारीरिक कठिनाइ महशुस गर्नु नपरेको शोधनायक बताउँछन् । पितृस्नेहबाट वञ्चित रहनु परे पनि ममतामयी आमाको मातृस्नेहमा रुमलिँदै पुष्प अधिकारीको बाल्यावस्था बितेको पाइन्छ ।[3] सामान्य परिवारमा नै जन्मे हुर्केका पुष्प अधिकारी 'अञ्जलि'ले भैंसी, बाख्रा चराउने, आमा तथा दाजु दिदीहरूसँग खेतमा काम गर्न जाने, साथीभाइहरू बटुल्ने र गट्टा, बाघचाल खेल्ने जस्ता कार्य गर्दै आफ्नो बाल्यकाल बिताएका थिए । यसको अतिरिक्त समाजमा पढेलेखेका बुद्धिजीवीहरूको कुरा गर्ने, भोलि गएर आफू पनि त्यस्तै मान्छे कसरी बन्ने भन्ने बारेमा साथीहरू बिच भलाकुसारी गर्ने, केही नयाँ नौलो चिज देखिएमा त्यसको खोजी गर्नुका साथै आफू एवम् आफ्ना साथीहरूबाट पनि त्यसको उत्तर प्राप्त हुन नसकेमा घरमा आमालाई सोध्ने 'अञ्जलि'का बाल्यकालीन स्वभाव रहेको पाइन्छ ।[4] सानै उमेरदेखि नै पढाइमा विशेष अभिरुचि राख्ने यिनले बाल्यकालीन अवस्थामा पनि फुर्सद हुँदा कविता रच्ने, घरका सदस्य र अन्य छरछिमेकलाई सुनाउने गरेको पाइन्छ । आफ्ना सृजनाका गल्ती कमजोरीहरू औँल्याइदिन आग्रह गर्ने यिनी अरू विधाभन्दा पनि कविता रचनामा नै रमाउने गरेको पाइन्छ ।[5] सानैदेखि लगनशील एवम् सहयोगी भावनाका पुष्प अधिकारी 'अञ्जलि'को

---

[१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[2] ऐजन ।
[3] ऐजन ।
[4] ऐजन
[5] ऐजन ।

बाल्यकाल चितवन जिल्लाको चैनपुरमा नै बितेको थियो ।[6] यसरी मध्यम वर्गीय परिवारमा जीवनयापन गर्दै आएका 'अञ्जलि'को २०३२ सालमा ९ वर्षको उमेरमा आफ्नो धार्मिक संस्कार अनुसार घरमा नै चूडाकर्म भएको हो ।

## २.४ शिक्षादीक्षा

सानै उमेरमा पितृस्नेहबाट वञ्चित भएका पुष्प अधिकारी 'अञ्जलि'का दुई दाजुहरू सामान्य साक्षर मात्रै थिए भने दुई दिदीहरूले अक्षर नै नचिनेको अवस्था थियो । आर्थिक दृष्टिले मध्यम तथा शिक्षाको तवरबाट पनि पछिपरेको घरपरिवारमा जन्मिएको भए पनि आमाले आफूले पाएको दुःखलाई महशुस गरी पाँचवर्षकै उमेरमा 'अञ्जलि'लाई प्राथमिक शिक्षाका लागि श्री राष्ट्रिय प्राथमिक विद्यालय चैनपुरमा भर्ना गरि दिएकी थिइन् ।[7] त्यहीँबाट नै उनको औपचारिक शिक्षा सुरु भएको पाइन्छ ।[8] २०२८ सालमा श्री राष्ट्रिय प्राथमिक विद्यालय चैनपुरबाट कक्षा एकदेखि कक्षा तीनसम्मको आधारभूत शिक्षा हासिल गरेका 'अञ्जलि'ले कक्षा चारदेखि कक्षा सातसम्म श्री जनजीवन माध्यमिक विद्यालय चैनपुर, चितवनमा भर्ना भई अध्ययन गरेका थिए । त्यसपछि पुष्प अधिकारी 'अञ्जलि'ले २०४४ सालमा श्री जनजागृति मा.वि. पिठुवा, चितवनबाट तृतीय श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको देखिन्छ । प्रवेशिका परीक्षा उत्तीर्ण पश्चात् वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनबाट प्रमाणपत्र तहको अध्ययन २०४६ सालमा पूरा गरेका यिनले सोही क्याम्पसबाट स्नातक तहसम्मको अध्ययन गरेको देखिन्छ ।

## २.५ पारिवारिक तथा वैवाहिक स्थिति

पुष्प अधिकारी 'अञ्जलि' दुई दाजु तथा दुई दिदी पछिका पाँचौ सन्तान हुन् भने उनकी एकजना बहिनी पनि रहेकी छिन् ।[9] २०४४ सालमा मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडामा बसोवास गर्ने उपाध्याय ब्राह्मण जातकी, माता नन्दकुमारी सापकोटा

[6] शोधनायकका दाजुबाट प्राप्त जानकारीअनुसार ।
[7] शोधनायकबाट प्राप्त जानकारी ।
[8] ऐजन ।
[9] ऐजन ।

र पिता तुलसी प्र. सापकोटाकी कान्छी छोरी इन्दिरा सापकोटासँग प्रेम विवाह गर्दा आफूसँग जम्मा रु. ३० मात्र रहेको र त्यसैले आफ्नो विवाह सम्पन्न भएको कुरा शोधनायकबाट थाहा भएको छ ।[10]

प्रेम विवाहबाट विवाह बन्धनमा बाँधिएका पुष्प अधिकारी 'अञ्जलि' विभिन्न सङ्घर्ष र चुनौतीहरूको सामना गर्दै हालको अवस्थासम्म आइपुगेका छन् । अहिले 'अञ्जलि'का दुई सन्तान रहेका छन्, जसमा जेठा छोरा सुवास अधिकारीले भौतिक शास्त्र विषयको स्नातकोत्तर तहको अध्ययन गर्दै छन् भने कान्छा छोरा सुलभ अधिकारी पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पस पोखरामा इलोक्ट्रोनिक इञ्जिनियरिङ विषयमा स्नातक भइसकेका छन् ।[11] २०५५ सालमा स्वास्थ्य स्थिति नाजुक भै जीवन र मरणको अवस्थामा मृत्युलाई जितेर फर्के पनि हालसम्मको अवस्थालाई हेर्दा 'अञ्जलि'को पारिवारिक स्वास्थ्य अवस्था सबल नै रहेको देखिन्छ । अहिलेसम्म श्रीमती इन्दिरा अधिकारी, दुई छोराहरू सुवास र सुलभलाई पनि कुनै त्यस्तो भयानक रोगका कारण अस्पतालमा भर्ना हुन नपरेको कुरा शोधनायक बताउँछन् । [12] श्रीमती इन्दिरा अधिकारी र आफू दुवैजनाको जागिरबाट पारिवारिक गुजारा चलाउँदै आएका 'अञ्जलि'को पारिवारिक अवस्था सन्तोषप्रद देखिन्छ ।

## २.६ आर्थिक अवस्था

निम्न मध्यम वर्गीय किसान परिवारमा जन्मेका पुष्प अधिकारी 'अञ्जलि'का पिता-पुर्खाहरूको पेसा कृषि नै थियो । चितवनको चैनपुरमा १० धुर जति जग्गा भएका 'अञ्जलि'को त्यस बाहेक अरू अचल सम्पत्ति भएको पाइँदैन ।[13] बाल्यकालमा खेतालो र गोठालो भएर घरायसी काममा सहयोग पुऱ्याएका 'अञ्जलि'को परिवार आर्थिक सङ्घर्ष गर्दै अगाडि बढेको पाइन्छ ।[14] आर्थिक अभाव भएकै कारण भनेजस्तो विद्यालय तथा क्याम्पसमा अध्ययन गर्ने अवसरबाट वञ्चित भएको देखिन्छ । सानै उमेरदेखि जागिरमा व्यस्त रहँदा पढाइलाई निरन्तरता दिन नसकी बि.ए.सम्मको अध्ययनमा नै औपचारिक शिक्षा टुङ्ग्याउन

---

[10] ऐजन ।
[11] ऐजन ।
[12] ऐजन ।
[13] ऐजन ।
[14] ऐजन ।

परेको शोधनायक बताउँछन् ।[15] यसरी क्याम्पस तहसम्मको अध्ययन गर्दागर्दै जागिरे जीवन सुरु गरेपछि उनको आर्थिक स्तरमा केही सुधार आएको देखिन्छ ।[16] हालको अवस्थालाई हेर्ने हो भने उनको आर्थिक अवस्था सन्तोषप्रद नै रहेको छ ।

## २.७ आजीविका र पेसा

पुष्प अधिकारी अञ्जलिको पेसालाई हेर्दा हाल उनी वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनमा पुस्तकालयमा सुब्बा पदमा कार्यरत रहेका छन् । २०४७ सालदेखि जागिरे जीवनको सुरुवात गरेको पाइन्छ । आजीविकाको सन्दर्भमा २०४७ देखि २०५२ सालसम्म वीरेन्द्र क्याम्पसको पुस्तकालयमा रहेर काम गरेको पाइन्छ भने २०५३ चैत्रदेखि २०५५ श्रावणसम्म पोखरा इन्जिनियरिङ कलेजको पुस्तकालय तथा २०५५ भाद्रदेखि कात्तिकसम्म ठाकुराम बहुमुखी क्याम्पस वीरगञ्जको पुस्तकालय हुँदै २०५५ मङ्सिरदेखि हालसम्म वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालयमा कार्यरत भएको पाइन्छ ।[17]

## २.८ लेखनमा प्रेरणा र प्रभाव

मानवलाई कुनै पनि क्षेत्रमा अघि बढ्नका लागि कुनै न कुनै व्यक्तिको प्रेरणा आवश्यक पर्दछ । अन्य घटना वा व्यक्तिबाट प्राप्त भएको प्रेरणाले नै मानिसभित्र लुकेर रहेको प्रतिभा र क्षमताले प्रस्फुटन हुने मौका पाउँछ । २०४४ सालमा बाल कविता *मेरो माटो मेरो मुटु* लेखेर नेपाली साहित्यमा देखापरेका 'अञ्जलि'ले साहित्यिक गोष्ठीहरूमा सहभागी भई गजल तथा मुक्तक वाचन गर्ने गरेको पाइन्छ । विभिन्न साहित्यअनुरागी तथा बुद्धिजीवीहरूले दिएको सल्लाह सुझाव नै उनको साहित्यिक लेखनकार्यमा प्रेरणाको मूल स्रोत रहेको पाइन्छ ।[18] विद्यालय तथा कलेजमा विभिन्न साहित्यकारहरूका लेख रचना पढेपछि तथा पत्रपत्रिकामा आफ्ना रचनाहरू प्रकाशित भएपछि उनमा अझै साहित्यतर्फको अभिरुचि बढेको पाइन्छ । चितवनका चर्चित साहित्य प्रेमीहरूमध्येका स्रष्टा गोविन्दराज

---

[15] ऐजन ।
[16] ऐजन ।
[17] ऐजन ।
[18] Pj̃g ।

'विनोदी' र प्रेमविनोद 'नन्दन' सँगको सङ्गत तथा उहाँहरूको सल्लाहले 'अञ्जलि'को साहित्ययात्रामा थप प्रेरणा प्रदान गरेको पाइन्छ ।[19] मिहेनत तथा लगनशीलताका साथ साहित्यिक क्षेत्रमा लागिपर्ने 'अञ्जलि' युवाकवि, मोतीराम भट्टबाट प्रभावित भएको पाइन्छ ।

## २.९ सामाजिक क्षेत्रमा संलग्नता र कार्य

पुष्प अधिकारी 'अञ्जलि'ले विभिन्न सामाजिक सङ्घ-संस्थामा रहेर समाज सेवा गर्दै आएको पाइन्छ ।[20] आफ्नो घरायसी समस्या तथा जागिरे जीवनको दैनिकीका बाबजुद समय बचाएर विभिन्न सामाजिक सङ्घ संस्थाहरूमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका 'अञ्जलि' हालसम्म निम्नलिखित सङ्घ संस्थामा कार्यरत छन् :-

क) अध्यक्ष : हाम्रो मझेरी साहित्य प्रतिष्ठान (२०५७ देखि २०६३ सम्म)

ख) विभिन्न साहित्यिक पत्रपत्रिकाका संयोजक (२०६२ सालदेखि )

ग) कोषाध्यक्ष : नेपाल लेखक सङ्घ नारायणी अञ्चल समिति (२०६४ सालदेखि)

घ) सचिव : गजल मञ्च चितवन (२०६३ देखि हालसम्म )

ङ) आजीवन सदस्य : मातृभूमि साहित्य समाज (२०६१ देखि)

च) आजीवन सदस्य : पर्वत साहित्य सङ्गम (२०६१ देखि)

## २.१० रुचि तथा स्वभाव

वर्तमान समयमा वीरेन्द्र बहुमुखी क्याम्पसमा जागिरे जीवनयापन गर्दै आएका पुष्प अधिकारीको बाल्यावस्थादेखि नै लेख्न, पढ्न र नयाँ कुराका बारेमा खोज एवम् अनुसन्धान गर्न विशेष रुचि रहेको पाइन्छ । साथीभाइहरूसँग बसेर छलफल गर्ने, आफूले लेखेका रचनाहरू सुनाउने र उनीहरूका कुरा पनि आफूले ग्रहण गर्ने स्वभाव 'अञ्जलि'मा बाल्य अवस्थादेखि नै रहँदै आएको पाइन्छ ।[21] पहिलेदेखि नै उनमा भलिबल तथा ब्याडमिन्टन खेलप्रति अभिरुचि रहेको थियो र उनी स्कुले जीवनमा साथीभाइसँग दिनहुँ ब्याडमिन्टन

---

[19] Phg ।
[20] Phg ।
[21] ऐजन ।

खेल्न जान्थे । एक दिन उनले साथीहरूसँग तीन/चार पटकसम्म आफूलाई व्यामिन्टन खेल्न देऊ भन्ने आग्रह गरेका थिए तर खेल्न नपाए पछि ब्याडमिन्टनको कक समातेर कक्षामा जाँदा साथीहरूसँग झगडा भई स्कुलका प्र.अ. तथा शिक्षकहरूले समूहमा नखेलेर उल्टै कक बोकेर हिंड्ने भनेर हप्काएपछि ब्याडमिन्टनको कक त दिएको तर त्यसकै प्रभावले दुई दिनसम्म स्कूल नै नगएको कुरा शोधनायक बताउँछन् ।[22] वर्तमान अवस्थालाई हेर्ने हो भने पनि विशेष गरी साहित्य रचना गर्न र साहित्यिक गोष्ठी तथा समारोहमा भाग लिन 'अञ्जलिको' विशेष अभिरुचि देखिन्छ ।[23] साहित्य क्षेत्रमा आफूमात्रै नभएर नव सर्जकको पनि खाँचो छ भन्ने 'अञ्जलि'ले साहित्यिक प्रतियोगिताहरूमा निर्णायकको भूमिका निर्वाह गर्नुका साथै विभिन्न साहित्यिक मञ्चहरूमा साहित्य रचनासम्बन्धी प्रशिक्षण पनि दिने गरेका छन् ।[24]

पुष्प अधिकारी 'अञ्जलि'को स्वभावको कुरा गर्दा उनी स्वाभिमानी, स्वावलम्बी, मेहनती, परोपकारी, अध्ययनशील, भ्रमण गर्न रुचाउने, प्रकृतिप्रेमी, समयको महत्त्वलाई बुझ्ने, कर्तव्यनिष्ठ व्यक्तिका रूपमा देखा परेका छन् ।[25]

## २.११ अविस्मरणीय घटना

मान्छेका जीवनमा अनेक किसिमका घटनाहरू घट्ने गर्दछन् । जीवन सुख र दुःखको सम्मिश्रण हो त्यसैले जीवनमा कहिले विभिन्न वेदनाहरूको सामना गर्नु पर्छ भने कहिले खुसी तथा आनन्दमय जीवन जिउने अवसर पनि प्राप्त हुन्छ । यसै गरी साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'का जीवनमा घटेका सुखद तथा दुखद घटनाहरूलाई छुट्टाछुट्टै रूपमा तल चर्चा गरिएको छ :

### २.११.१ दुःखद घटना

मानिसको जीवन समयका क्रममा सुख तथा दुःखको अनुभूति गर्दै व्यतीत भएको हुन्छ । आफ्नै साथीभाइ तथा मित्रबन्धुको अभद्र व्यवहारबाट होस् या आफ्नो मन परेको

[22] Pĵg ।
[23] Pĵg ।
[२७] ऐजन ।
[25] शोधनायककी धर्मपत्नी इन्दिरा अधिकारीबाट प्राप्त जानकारीअनुसार ।

वस्तुको वियोगमा होस् अथवा आफ्नै कमजोर स्वास्थ्य स्थिति नै किन नहोस् मानिसले जीवनमा अनेक दुःखद परिस्थितिको सामना गर्नु परेको हुन्छ । 'अञ्जलि'को आफ्नो दुःखद घटनाकै कुरा गर्दा उपाध्याय परिवारकी छोरी इन्दिरासँग प्रेम विवाह हुँदा उनीसँग जम्मा ३० रूपैयाँ थियो र त्यही ३० रूपैयाँ मात्र लिएर प्रेमिका इन्दिरा र आफूले घरबाहिरको जीवन बिताउनु परेको र आर्थिक अभावकै कारण नवविवाहित श्रीमतीका लागि चाहेर पनि उनका इच्छा र आकाङ्क्षा पूरा गर्न नसकेको घटना उनका लागि बिर्सनै नसक्ने दुःखद घटनाका रूपमा रहेको बताउँछन् ।[26] त्यसै गरी साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' २०५५ साल असोजमा अत्यन्त गम्भीर रूपमा बिरामी भई अस्पतालमा बस्नु परेको अवस्था आफ्ना लागि साह्रै दुखद भएको शोधनायक बताउँछन् ।[27] दमकमा भएको 'त्रिदेशीय गजल सम्मेलन'मा जाँदा भोलिदेखि अनिश्चितकालीन देशबन्द हुने घोषणाले बडो दुःखका साथ कार्यक्रम नै नसकी चितवन फर्किन बाध्य भएको प्रसङ्ग उनका लागि साहित्य यात्राका क्रममा महशुस गरेको दुखद घटनाका रूपमा रहेको छ ।[28]

## २.११.२ रोचक घटना

धेरै दुखपूर्ण जीवनको अनुभव गरेका पुष्प अधिकारी 'अञ्जलि'को जीवनमा धेरै सुखका अनुभवहरू पनि रहेका पाइन्छन् । पुष्प अधिकारी 'अञ्जलि' नेपालमा अहिलेसम्म चल्दै आएको जातीय विभेद तथा रुढीवादी धार्मिक संस्कारको अन्त्य गर्नुपर्दछ भन्ने मान्यता राख्ने व्यक्ति हुन् । यस क्रममा 'अञ्जलि' आफ्नो जीवनको नयाँ गोरेटो युवायुवती आफैले रोज्न पाउनु पर्दछ भन्ने विचारका पक्षपाती देखिन्छन् । विवाहमा दाइजो दिने तथा ऋण खोजेर पनि खर्च गर्नुपर्दछ भन्ने मान्यता अहिले पनि हाम्रो समाजमा पाइन्छ । यस सोचप्रति असहमति राख्दै आफ्नी प्रेमिकालाई आफूसँग भएको जम्मा रु. तीसले सिन्दुर र पोते किनेर बिहे गरी सिङ्गो समाजमा रहेको दाइजोप्रथाको अन्त्य गर्न तथा आफूलाई आवश्यक पर्ने कुशल मित्रको चयन गर्न पाउनु केटा र केटी दुवैको अधिकार हो भन्ने पाठ सिकाउन आफू सक्षम भएको घटना सधैँका लागि खुसीको क्षण रहेको शोधनायकको अनुभव छ ।[29]

---

[२९] शोधनायकबाट प्राप्त जानकारी ।
[३०] ऐजन ।
[28] ऐजन ।
[29] ऐजन ।

त्यसैगरी नेपाली साहित्यमा प्रवेश गरिसकेपछि आफ्नो पहिलो कृति 'मनभित्रको मन' गजलसङ्ग्रह २०६१ सालमा करिब ३०० जना साहित्यकारका बिचमा विमोचन गर्न पाएको क्षण पुष्प अधिकारी 'अञ्जलि'को साहित्ययात्राको अत्यन्तै रोचक क्षण हो ।[30]

## २.११.३ सम्मान तथा पुरस्कारहरू

चितवन जिल्लामा रहेर मोफसलका स्रष्टाहरूलाई सृजन कार्यमा प्रोत्साहित गर्नमा पुष्प अधिकारी 'अञ्जलि' को भूमिका अत्यन्तै महत्त्वपूर्ण छ । अझै त्यसमाथि पनि उत्कृष्ट सृजना र साहित्यिक कृतिहरूका कारण उनी साहित्य अनुरागी तथा विभिन्न साहित्यिक सङ्घ संस्थाहरूको मन जित्न सफल छन् । उनको साहित्यिक योगदानको कदर गर्दै उनलाई विभिन्न समयमा विभिन्न साहित्यिक सङ्घ संस्थाहरूले सम्मान तथा पुरस्कार प्रदान गरी उनको साहित्यिक यात्रालाई अझ सशक्त बनाउन हौसला प्रदान गरेको पाइन्छ ।

यसै क्रममा नवरङ्ग साहित्यिक सम्मानपत्र (२०६०, इलाम), भूकम्प साहित्यिक पुरस्कार (२०६०, कैलाली), अनामिका साहित्यिक अभिनन्दन तथा सम्मान (२०६१, चितवन), चितवन साहित्य परिषद्द्वारा पुरस्कृत (२०६१, गजल प्रतियोगिता), देवकोटा अध्ययन केन्द्रबाट सर्वोत्कृष्ट पुरस्कार (२०६१, चितवन), तुल्सिराम स्मृति प्रतिष्ठानबाट पुरस्कृत र सम्मान (२०६३, बाँके), मितज्यू साहित्य प्रतिष्ठानबाट सम्मान (२०६३, चितवन), कालिका स्रष्टा अभिनन्दन सम्मान र पुरस्कृत (२०६३, कालिका एफ.एम., चितवन), गजल साधना सम्मान तथा पुरस्कार (२०६४, धनगढी), आँकुरा नेपालबाट सम्मानपत्र (२०६४, नेपालगञ्ज), लक्ष्मीस्मृति साहित्यिक समाजबाट सम्मान (२०६५, नवलपरासी), कैलास साहित्यिक पत्रिकाद्वारा सम्मान (२०६५, चितवन), सिन्धुली साहित्य प्रतिष्ठानबाट सम्मान ( २०६५, सिन्धुली), रेडियो थाहा सञ्चारबाट सम्मान (२०६६, हेटौंडा) बाट पनि सम्मानित एवं पुरस्कृत 'अञ्जलि' भएको पाइन्छ ।

## २.१२ यात्रा तथा भ्रमण

पुष्प अधिकारी 'अञ्जलि' साहित्यिक जमघट, गोष्ठी आदिमा सहभागी हुन अत्यन्त अभिरुचि राख्दछन् । नेपालका विभिन्न स्थानहरूमा विभिन्न समयमा भएका साहित्यिक

[30] ऐजन ।

कार्यक्रममा सहभागी हुने क्रममा उनले देशका विभिन्न ठाउँहरूको भ्रमण गर्ने अवसर पाएको देखिन्छ ।[31] यसक्रममा कुस्मा, बाग्लुङ्, पोखरा, गोरखा, तनहुँ, दाङ, रुकुम, मुस्ताङ, काठमाडौँ जस्ता नेपालका विकट तथा सुगम स्थलहरूको उनले भ्रमण गरेको पाइन्छ । [32] अतिरिक्त २०४३ सालमा एस.एल.सी परीक्षा दिएपछि कामको सिलसिलालाई लिएर साथीहरूसँग भारतको कोलकोताको यात्रा नै नेपाल बाहिरको पहिलो यात्रा रहेको कुरा 'अञ्जलि' बताउँछन् ।[33]

## २.१३ सङ्घ-संस्थासँगको आवद्धता

वि.सं. २०५७ देखि २०६३ सम्म हाम्रो मझेरी साहित्य प्रतिष्ठानमा अध्यक्ष, २०६४ सालदेखि नेपाल लेखक सङ्घ नारायणी अञ्चल समितिका कोषाध्यक्ष २०६३ सालदेखि गजल मञ्च चितवनका सचिव, २०६३ मा गजल सन्ध्या चितवनका संरक्षक एवम् संस्थापक अध्यक्ष २०६४ मा नेपाल राष्ट्रिय गजल प्रतिष्ठान केन्द्रीय समितिका सह-सचिव, २०६७ मा अग्रगामी समाज नेपालका सदस्य, २०६१ देखि मातृभूमि साहित्य समाज हेटौँडा र पर्वत साहित्य सङ्गम कुश्मा, पर्वतका आजीवन सदस्य आदि विभिन्न सङ्घ संस्थाहरूमा आवद्ध हुँदै आएको शोधनायक बनाउँछन् ।[34]

## २.१४ निष्कर्ष

कुनै पनि व्यक्तिको जन्मदेखि मृत्युसम्म जीवन यात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । जीवन सबैको एकनासको हुँदैन । कसैको जीवन भावी पुस्ताका लागि अनुकरणीय हुन्छ त कसैको जीवन सहानुभूतिको पात्र बनिदिन्छ । भावी पुस्ताका लागि तुलनात्मक रूपमा प्रेरणाका स्रोत बनेका पुष्प अधिकारी 'अञ्जलि'को जन्मदेखि हालसम्मको सम्पूर्ण पक्षलाई यहाँ अति सङ्क्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

[31] ऐजन ।
[32] ऐजन ।
[33] ऐजन ।
[34] ऐजन ।

२०२३ सालमा चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ९ मा पुष्प अधिकारी 'अञ्जलि' को जन्म भएको थियो । सानै उमेरमा पितृस्नेहबाट बञ्चित रहेका 'अञ्जलि' को परम्परागत संस्कारअनुसार २०३२ सालमा उपनयन कर्म भएको थियो । शिक्षादीक्षाको क्रममा वीरेन्द्र बुहुमुखी क्याम्पस भरतपुरबाट स्नातक तहसम्मको अध्ययन गर्दा बिचैमा औपचारिक अध्ययनलाई पूर्णविराम गरेको पाइन्छ । २०४४ सालमा इन्दिरा सापकोटासँग प्रेम बिहे गरी दाम्पत्य जीवनमा बाँधिएका 'अञ्जलि'का दुई छोराहरू रहेका छन् । निम्न मध्यम वर्गीय किसान परिवारमा जन्मिएका पुष्प अधिकारी 'अञ्जलि'को जागिरे जीवन सुरुवात भए पश्चात् आर्थिक अवस्थामा सुधार हुँदै आएको पाइन्छ । पेसाको हकमा व्यापार व्यवसाय, शिक्षक जस्ता विभिन्न पेसामा आबद्ध 'अञ्जलि' हाल वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा पुस्तकालयको सुब्बा पदमा कार्यरत छन् । विभिन्न सामाजिक सङ्घ संस्थाहरूमा आबद्ध रहेर समाजसेवा गर्दै आएका 'अञ्जलि' हाम्रो मझेरी साहित्य प्रतिष्ठानका अध्यक्ष, विभिन्न साहित्यिक पत्रपत्रिकाहरूका संयोजक, नेपाल लेखक सङ्घ नारायणी अञ्चल समितिको कोषाध्यक्ष गरी थुप्रै सङ्घ संस्थाहरूमा आबद्ध रहेको देखिन्छ ।

यसरी नेपाली साहित्यका कुशल साहित्य स्रष्टाका रूपमा परिचित भएका 'अञ्जलि' वर्तमान अवस्थामा विभिन्न साहित्यिक सङ्घ संस्थाहरूबाट थुप्रै पुरस्कार तथा सम्मान प्राप्त गर्न सफल प्रतिभाका रूपमा देखा परेका छन् ।

# परिच्छेद : तीन

# साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'को व्यक्तित्वको अध्ययन

# परिच्छेद : तीन

# साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'को व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै पनि व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषता वा व्यक्तिविशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ ।[1] कुनै पनि व्यक्तिको प्रथम परिचयात्मक आधारस्तम्भ नै उसको प्रदर्शित व्यक्तित्व हो । यसैबाट व्यक्तिलाई अध्ययन गर्न उसका व्यक्तित्वका विविध पक्षहरूलाई केलाउने कोसिस गरिन्छ र निष्कर्ष निकालिन्छ ।

मानिसले सामाजिक परिवेशमा जीवनयापनका क्रममा कुनै पनि क्षेत्रमा सफलता प्राप्त गर्दछ । मानव जीवनका कुनै एक क्षेत्र वा धेरै क्षेत्रमा एउटै व्यक्तिको संलग्नता हुने गर्दछ । सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक साहित्यिक जस्ता धेरै क्षेत्रमा एउटै व्यक्ति संलग्न हुने पनि गर्दछ । ती क्षेत्रहरू व्यक्तिका आन्तरिक व्यक्तित्वअन्तर्गत पर्दछन् भने बाहिरबाट झ्वाट्ट हेर्दा कुनै पनि व्यक्तिमा देखिने भौतिक संरचना बाह्य व्यक्तित्वमा पर्दछन् । कुनै पनि व्यक्तिमा अन्तर्निहित दक्षता, अभिरुचि, अनुराग, साधना, इच्छा, प्रतिभा, बौद्धिकता र निरन्तरको लगनशीलता नै आन्तरिक व्यक्तित्व निर्माणका निर्धारक तत्त्वहरू हुन् । कुनै पनि व्यक्तिमा रहने बाह्य र आन्तरिक व्यक्तित्वमा बाह्य व्यक्तित्व प्रारम्भिक आकर्षणको आधार हो भने आन्तरिक व्यक्तित्व ऊ बाँचेको समाजमा उसलाई परिभाषित, स्थापित एवम् सम्मानित गर्ने महत्त्वपूर्ण आधार हो । यसै कुरालाई अनुसरण गर्दै नेपाली साहित्याकाशका स्रष्टा पुष्प अधिकारी 'अञ्जलि'को आन्तरिक र बाह्य दुवै व्यक्तित्वको अध्ययन गरिएको छ ।

---

[1] बालकृष्ण पोखरेल (नि.), **नेपाली वृहत् शब्दकोश**, (काठमाडौं : ने.रा.प्र.प्र., २०४०), पृ. १२४५ ।

## ३.२ बाह्य व्यक्तित्व

कुनै पनि मानिसको भौतिक संरचना नै उसको बाह्य व्यक्तित्व हो । गहुँगोरो वर्ण, उज्यालो तथा बाटुलो अनुहार, पुष्ट ललाट, सुहाउँदो उचाइ, मोटो र कसिलो शरीर, मिलेको जीउडाल, काला तथा केही ठूला आँखा, पुष्ट गाला, करिब ७० किलोको तौल, कालो कपाल सधैँ आकर्षक बनेर हिँड्नु झ्वाट्ट हेर्दा पुष्प अधिकारी 'अञ्जलि'का सजिलै अध्ययन गर्न सकिने बाह्य व्यक्तित्वका पक्षहरू हुन् ।

## ३.३ आन्तरिक व्यक्तित्व

समाजमा नै व्यक्तिको व्यक्तित्व निर्माण हुने भएकाले समाजमा भोगेका, सुनेका, देखेका र अनुभव गरेका क्रिया-प्रतिक्रियाबाट जुन अन्तर्बोध व्यक्तिमा जाग्दछ त्यसकै सेरोफेरोमा उसको आन्तरिक व्यक्तित्व बन्दछ ।[2] साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'को समग्र व्यक्तित्वलाई हेर्दा अन्य क्षेत्रमा भन्दा साहित्यिक क्षेत्रमा निकै मौलाएको पाइन्छ । विशेष गरी मुक्तक तथा गजल विधामा कलम चलाए पनि साहित्यका सम्पूर्ण विधामा आफ्नो कलमलाई क्रियाशील तवरबाट दौडाएका 'अञ्जलि'का आन्तरिक व्यक्तित्वहरूलाई निम्नानुसार अध्ययन गरिएको छ :

### ३.३.१ साहित्यिक व्यक्तित्व

मानवीय संवेदनालाई भरणपोषण गर्न साहित्य सक्षम हुनुपर्दछ भन्ने मान्यताको केन्द्रबिन्दुमा रहेर साहित्य सृजना गरिनु पर्दछ ।[3] पुष्प अधिकारी 'अञ्जलि'को साहित्यिक व्यक्तित्वलाई अध्ययन गर्दा २०४४ सालदेखि नेपाली साहित्यको क्षेत्रमा कलम चलाएको पाइन्छ ।[4] विद्यालय, घरपरिवार, अग्रज साहित्यकार विशेष गरी डा. भीमचरण थापाको 'माया' उपन्यास र महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' खण्डकाव्यबाट अत्यन्त प्रभावित हुँदै आफ्नो साहित्य साधनालाई अगाडि बढाउन सफल रहेका 'अञ्जलि'को लेखन

---

[2] Pĵg ।

[3] पूर्णप्रसाद दवाडी, **धनराज गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवन, २०६७), पृ. १६ ।

[4] शोधनायकबाट प्राप्त जानकारी ।

कार्य कविता विधाबाट सुरु भएको पाइन्छ तापनि गजल, समालोचना, मुक्तक, निबन्ध आदि उनका मन परेका साहित्यिक विधा क्षेत्रहरू हुन् ।[5] गजलका क्षेत्रमा समसामयिक परिवेशलाई विषयवस्तु बनाएर त्यसको गहिराइसम्म चुर्लुम्म डुबी सामान्य पाठकका लागि पनि बोधगम्य हुने गरी रदिफ र काफियाको उचित प्रयोग गर्ने 'अञ्जलि'का कविता, कथा, निबन्ध जस्ता साहित्यिक विधाहरू दोस्रो रुचिका रूपमा रहेका छन् । निबन्ध, कथा एवम् कविताहरू पुस्तककार रूपमा प्रकाशित हुन नसके पनि पत्रपत्रिकामा छिटफुट रूपमा प्रकाशित भइआएका छन् ।[6]

वर्तमान अवस्थामा 'अञ्जलि' उपनामलाई लिएर चर्चित साहित्यकारका रूपमा परिचय पाइसकेका छन् । पुष्प अधिकारी 'अञ्जलि'ले २०४४ सालमा प्रकाशित *मेरो माटो मेरो मुटु* शीर्षकको बालकविताबाट नै साहित्यिक यात्राको आरम्भ गरेको पाइन्छ । यसपछि गोरखापत्रको शनिबारको अङ्क, स्थानीय तथा अन्य पत्रिकामा फाट्टफुट्ट रूपमा गजल तथा मुक्तकहरू प्रकाशित भएका देखिन्छन् । पत्रिकामा प्रकाशित लेखहरूका साथसाथै पुस्तककार रूपमा उनका अहिलेसम्म जम्मा चारवटा कृतिहरू प्रकाशनमा आएको जानकारी प्राप्त हुन्छ ।[7] २०६२ मा प्रकाशित **मनभित्रको मन** गजलसङ्ग्रह उनको पहिलो साहित्यिक कृति हो जसमा समाजका अन्धविश्वास, कुरीति, कुसंस्कारलाई अन्त्य गर्नु पर्दछ भन्ने मान्यता प्रस्तुत गरिएको छ । त्यसै गरी अन्य कृतिहरूमा **स्वप्निल नयन** (गजलसङ्ग्रह, २०६४), **एक अञ्जुलि घाम** (मुक्तकसङ्ग्रह २०६३), र **जुन फुलेको बस्ती** (मुक्तकसङ्ग्रह २०६६) पर्दछन् । नेपाली साहित्यको फाँटलाई हराभरा बनाउन भावना र कल्पनामा डुबेर साहित्य रचना गर्ने बहुमुखी प्रतिभा पुष्प अधिकारी 'अञ्जलि'को समग्र साहित्यिक व्यक्तित्वलाई अध्ययन गरिएको छ ।

### ३.३.१.१ गजलकार व्यक्तित्व

२०४७ सालदेखि नै नेपाली गजलमा अभिरुचि राख्दै आएका 'अञ्जलि' सोही समयदेखि नै गजल लेख्न थालेको बताउँछन् ।[8] सर्वप्रथम प्रेमप्रेमीका व्यथालाई समेटेर

---

[5] ऐजन ।
[6] ऐजन ।
[७] ऐजन ।
[8] ऐजन ।

शृङ्गारिक गजलको सृजना गरेका 'अञ्जलि' अहिले सफल गजलकारका रूपमा परिचित भइसकेका छन् । पुष्प अधिकारी 'अञ्जलि'द्वारा लिखित २०६२ मा प्रकाशित **मनभित्रको मन** नामक गजलसङ्ग्रह उनको पहिलो प्रकाशित गजलसङ्ग्रह हो । यस सङ्ग्रहमा नारीपुरुष बिचको माया-प्रेम, देशमा भएका विकृति, विसङ्गतिहरूलाई मुख्य विषयवस्तु बनाइएको छ । त्यसै गरी २०६४ सालमा **स्वप्निल नयन** नामक गजलसङ्ग्रह प्रकाशित भएको पाइन्छ । लामो समयदेखि गजल लेखनमा लागि परेका 'अञ्जलि' अहिले पनि साहित्य रचनामा नै क्रियाशील छन् । समय-समयमा विभिन्न पत्रपत्रिकाहरूमा उनका गजलहरू प्रकाशित भएका छन् ।

### ३.३.१.२ कवि व्यक्तित्व

पुष्प अधिकारी 'अञ्जलि'ले २०४४ सालदेखि कविता विधामा कलम चलाउन थालेको पाइन्छ । उनले २०४४ सालमा **राष्ट्र पुकार** पत्रिकामा *मेरो माटो, मेरो मुटु* शीर्षकको बाल कविता प्रकाशन गरेर औपचारिक साहित्य यात्राको आरम्भ गरेका थिए । कविताहरू लेख्ने, पत्रपत्रिकाहरूमा छपाउन दिने तर छापिएका कविताहरू खासै सङ्कलन गरेर नराखेका कारणले कुन मितिमा कुन कविता छापियो भन्ने कुरामा आफू अस्पष्ट रहेको स्वयम् शोधनायक बताउँछन् ।[9] कविता विधाबाट साहित्यिक यात्राको आरम्भ गरे तापनि साहित्यका अन्य विधाभन्दा गजल तथा मुक्तक विधामा नै उनी धेरै रमाएको पाइन्छ । धेरै भाव सम्प्रेषण, गद्य शैलीलाई अँगालेर कविता लेख्नु र समसामयिक परिस्थितिको चित्रण गर्नु उनको काव्यिक प्रवृत्ति बनेको छ ।[10] फुटकर रूपमा कविताहरू प्रकाशित भए तापनि अहिलेसम्म कुनै सङ्ग्रह प्रकाशित भएको पाइँदैन । *कवितामा देश खोजिरहेछु* शीर्षकको कतिता सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको शोधनायक बताउँछन् ।[11] सामाजिक यथार्थमा रमाएर देशभक्ति मूलक कविता रचना गर्ने 'अञ्जलि'ले २०६६ सालमा गजलगृह भरतपुरमा *मातृभूमि नामक* फुटकर कविता वाचन गर्दा त्यहाँ उपस्थित तथा साहित्यप्रेमीहरूका माझमा ज्यादै प्रशंसनीय भएको र त्यसै गरी २०६६ सालमा नै *भ्रम* नामक शीर्षकमा

[9] ऐजन ।
[10] ऐजन ।
[11] ऐजन ।

लेखिएको फुटकर कविता प्रकाशित भएको पाइन्छ । *पर्खिराख भूगोलको कुनै छेउमा, आस्थाको जून, प्रयोगशालाको चौतारी* जस्ता कविताहरू उनका उत्कृष्ट कविता अन्तर्गत पर्दछन् ।

## ३.३.१.३ मुक्तककार व्यक्तित्व

साहित्यका विभिन्न विधाहरूमा साधनारत साहित्यकार 'अञ्जलि' विशेष गरी गजल तथा मुक्तक विधामा बढी सशक्त, देखिन्छन् । हालसम्म उनका **एक अञ्जुलि घाम** (२०६३) र **जून फुलेको बस्ती** (२०६६) गरी दुईवटा मुक्तकसङ्ग्रह प्रकाशित भइसकेका छन् । स्वअध्ययनबाट नै आफूलाई साहित्यिक क्षेत्रमा अगाडि बढाएका पुष्प अधिकारी हाम्रो मझेरी प्रकाशन समूहबाट नै आफ्ना दुईवटा मुक्तकसङ्ग्रहलाई प्रकाशन गरी पुस्तकाकार रूप प्रदान गरेका छन् ।[12] केही नयाँ-नयाँ कार्यहरू गरिरहने चाहनाका धनी पुष्प अधिकारी 'अञ्जलि'को व्यक्तित्व मुक्तक विधाको समर्पण र प्रतिबद्धतामा पनि उत्तिकै प्रशंसनीय र अनुकरणीय रहेको देखिन्छ ।[13]

## ३.३.१.४ निबन्धकार व्यक्तित्व

साहित्य सृजनामा रमाएको व्यक्ति जुनसुकै विधामा पनि आफूमा बल्झिएका पीडा, खुसी, हाँसो र रोदनलाई अक्षरका माध्यमले व्यक्त गर्न सक्दछ । सानै उमेरदेखि पढ्न र साहित्य रचनामा नै तल्लीन भइरहने 'अञ्जलि'ले निबन्ध विधामा पनि कलम चलाएको पाइन्छ । आफूले लेखेका निबन्धहरू सङ्कलन गरेर पुस्तकाकार रूप प्रदान नगरे पनि निबन्ध विधामा उनको कलम उत्तिकै सशक्त रहेको पाइन्छ ।[14] २०४२ सालमा नै *हेनरी ड्युना* नामक निबन्ध प्रकाशन गरी निबन्ध विधामा प्रवेश गरेका 'अञ्जलि' निबन्ध रचना गर्दा विशेषगरी लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी धारालाई आत्मसात् गर्दै स्वतःस्फूर्त रूपले साधारण पाठकका लागि पनि बोधगम्य हुने निबन्ध रचना गर्दछन् ।[15]

---

[12] ऐजन

[13] शोधनायकका साथी खगेन्द्र गिरी 'कोपिला'सँगको अन्तर्वार्ता अनुसार ।

[14] ऐजन ।

[15] ऐजन ।

### ३.३.१.५ गीतकार व्यक्तित्व

साहित्यकार पुष्प अधिकारी साहित्यका कविता, निबन्ध, गजल जस्ता विधाका अतिरिक्त गीत रचनाका क्षेत्रमा पनि आफूलाई अघि बढाएको देखिन्छ । विभिन्न ठाउँ र परिवेश अनुसार शृङ्गारिक तथा देशभक्ति भावका गीतहरू रचना गरेको पाइन्छ । समसामयिक कुनै पनि खालका गीत रचना गर्न पछि नपर्ने, बोलाएको ठाउँमा जाने, गीत गाउँने गरेको शोधनायक बताउँछन् ।

सरल भाषा, सर्वसाधरण तथा लेखपढ नभएका व्यक्तिहरूले पनि सुनेर त्यसको भाव बोध गर्न सक्ने गरी गीतको रचना गर्ने 'अञ्जलि'को गीति लेखन निकै सरल र लोभलाग्दो देखिन्छ । यसरी हेर्दा साहित्यकार 'अञ्जलि' एक सशक्त गीतकार व्यक्तित्वका रूपमा पनि नेपाली साहित्यमा देखा परेका छन् ।

### ३.३.१.६ कथाकार व्यक्तित्व

आधुनिक नेपाली कथाको विकासकालसँगै थालनी भएको सामाजिक यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी कथालेखनको परम्परालाई पछ्याएर पुष्प अधिकारी 'अञ्जलि'ले कथा लेखन प्रारम्भ गरेको पाइन्छ ।[16] २०४८ सालमा *अछुतो हुनुको पीडा* नामक कथा सिन्धुपलान्चोकबाट प्रकाशित **जनमत** पत्रिकामा प्रकाशित गरेर 'अञ्जलि'ले कथा साहित्यको यात्रा आरम्भ गरेका छन् । त्यसपछि यिनले हाम्रो मझेरी तथा चितवनका अन्य स्थानीय पत्रपत्रिकामा नारी प्रधान, जातीय छुवाछुत, देशको विसङ्गति र विकृति जस्ता पक्षहरूलाई कथाको विषयवस्तु बनाएर मर्मस्पर्शी रूपमा समाजलाई व्यङ्ग्य गर्दै कथाको सृजना गरेको पाइन्छ ।[17]

### ३.३.२ साहित्येतर व्यक्तित्व

एउटै व्यक्तिभित्र धेरै प्रकारका क्षमता, प्रतिभा, सीप, कला तथा रुचिहरू रहेका हुन्छन् जसको माध्यमबाट समाजका विभिन्न क्रियाकलापमा सरिक भएर उसले आफूलाई परिचत

[16] ऐजन ।
[17] ऐजन ।

गराउने अवसर पाइरहेको हुन्छ । पुष्प अधिकारी 'अञ्जलि' पनि एउटा यस्ता व्यक्तित्व हुन् जसले आफूलाई साहित्यिक व्यक्तित्वका साथसाथै साहित्येतर व्यक्तित्वका रूपमा पनि स्थापित गराएको देखिन्छ । एक मिलनसार, इमान्दार, सरल, सहयोगी, संवेदनशील व्यक्तित्व पुष्प अधिकारी 'अञ्जलि' साहित्यका अतिरिक्त साहित्येतर क्षेत्रमा पनि उत्तिकै सक्रिय छन् ।[18] कुनै पनि काम समयमा तथा पारदर्शी ढङ्गले पूरा गर्नुपर्दछ भन्ने मान्यतालाई आत्मसात् गर्ने 'अञ्जलि' सामाजिक क्षेत्रमा पनि निकै सक्रिय रहेका छन् । घरायसी कारण तथा आर्थिक समस्याका कारणले सानै उमेरदेखि जागिरे जीवन बिताउँदै आएका पुष्प अधिकारी 'अञ्जलि' व्यस्त समयका बिचबाट पनि विभिन्न क्षेत्रमा आवद्ध रहेको पाइन्छ ।

### ३.३.२.१ सामाजिक व्यक्तित्व

समाजका अशक्त एवम् असहाय व्यक्तिहरूको सेवा र सामाजिक सङ्घ संस्थामा आबद्ध रहेर सहयोग गर्न रुचाउने पुष्प अधिकारी 'अञ्जलि'लाई सामाजिक क्षेत्रमा सक्रिय व्यक्तित्वका रूपमा लिन सकिन्छ । मध्यम वर्गीय परिवारमा जन्मिएको, सानै उमेरमा पितृस्नेहबाट वञ्चित रहनु परेकै कारण शोक, भोक तथा अभावको जीवन गुजार्न बाध्य भएका 'अञ्जलि' अहिले दुःखी तथा गरिबलाई देख्दा आफ्नो विगतको सम्झना आउने र अरूको पीडा पनि आफैमा परेजस्तो महसुस  हुने कुरा 'अञ्जलि' बताउँछन् ।[19] विद्यार्थी अवस्थादेखि नै समाजसेवा गर्दै आएका 'अञ्जलि'ले अहिलेसम्म समाजसेवाका विभिन्न कार्यहरू गर्दै आएको पाइन्छ । साहित्य यात्रामा, जीवन बिताइ रहेका 'अञ्जलि' समाजमा परिआएको बेला तन, मन र धनले कुनै पनि तवरबाट सहयोग गर्न पछि पर्दैनन् ।[20] समाजमा आफ्नो आवश्यकता परेर कसैले बोलाए त्यहाँ पुगिहाल्ने, आफूले सक्दो आर्थिक सहयोग गर्न पनि कहिल्यै पछि नहट्ने, समाजमा रहेको विकृति, विसङ्गति र कुरीतिलाई जरैबाट उन्मूलन गरी आधुनिक समाजको निर्माणमा लाग्नु पर्दछ भन्ने विचारले उनलाई सामाजिक कार्यतर्फ प्रेरित गरेको पाइन्छ ।

---

[18] शोधनायकका दाजु मानव अधिकारीसँगको अन्तर्वार्ता अनुसार ।

[19] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

[20] ऐजन ।

### ३.३.२.२ जागिरे तथा प्रशासनिक व्यक्तित्व

वीरेन्द्र बहुमुखी क्याम्पसबाट स्नातक सम्मको अध्ययन गरेका 'अञ्जलि' आफ्नो घरायसी कारण तथा कमजोर आर्थिक अवस्थाले औपचारिक अध्ययनलाई टुङ्ग्याउन बाध्य भएका थिए । सानै उमेरमा मातृस्नेह र दाजुको संरक्षणले स्नातकसम्मको अध्ययन गर्न सफल भए पनि आर्थिक अभावका कारण २०४७ सालदेखि शिक्षण पेसामा आबद्ध भएको 'अञ्जलि' बताउँछन् । हाल आएर वीरेन्द बहुमुखी क्याम्पसमा पुस्तकालयको सुब्बा पदमा कार्यरत 'अञ्जलि'को साहित्येतर व्यक्तित्वमध्येको प्रमुख व्यक्तित्व भनेको नै जागिरे तथा प्रशासनिक व्यक्तित्व रहेको छ ।[21]

### ३.३.२.३ सम्पादक तथा प्रकाशक व्यक्तित्व

पुष्प अधिकारी 'अञ्जलि' ले २०५७ सालदेखि नै हाम्रो मझेरी साहित्य प्रकाशन तथा अन्य सस्थाहरूमा आबद्ध रहेर सम्पादक तथा प्रकाशकको भूमिका निर्वाह गर्दै आएको देखिन्छ ।[22] २०६२ आषाढमा **गजल विम्ब** (संयुक्त गजलसङ्ग्रह) को सम्पादक, २०६३ सालमा **गजल दीप** (संयुक्त गजलसङ्ग्रह)मा सम्पादक, २०६४ सालमा **गजल यात्रा**को सम्पादक, २०६५ सालमा साहित्यिक पत्रिका **चितवन**का संयोजक तथा सम्पादक, हाम्रो मझेरी साहित्य प्रतिष्ठानका सम्पादक गरी थुप्रै सामाजिक सङ्घसंस्था तथा पत्रपत्रिकाका सम्पादक एवं प्रकाशकका रूपमा कार्य गर्दै आएको देखिन्छ ।[23]

## ३.४ निष्कर्ष

पुष्प अधिकारी 'अञ्जलि' नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार भएकाले उनलाई नेपाली साहित्यका बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व मानिन्छ । *मेरो माटो मेरो मुटु* नामक फुटकर कविता लेखेर आफ्नो साहित्यिक यात्रा अघि बढाएर कविता, कथा, मुक्तक हुँदै गजलसम्म पुगेको देखिन्छ । 'अञ्जलि'बाट नेपाली साहित्यले **मनभित्रको मन**, **एक अञ्जुलि घाम**, **जुन फुलेको बस्ती, स्वप्निल नयन** गरी चारवटा पुस्तकाकार कृतिहरू

[21] वीरेन्द्र बहुमुखी क्याम्पसका पुस्तकालय कर्मचारी महेन्द्र अधिकारीसँगको अन्तर्वार्ता अनुसार ।
[22] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।
[23] ऐजन ।

प्राप्त गरिसकेका छन् भने केही गजल तथा मुक्तकसङ्ग्रहहरू प्रकाशोन्मुख अवस्थामा सीमित रहेको पुष्प अधिकारी 'अञ्जलि' बताउँछन् ।

पुष्प अधिकारी 'अञ्जलि'को साहित्यिक योगदानको विश्लेषण गर्दा उनको गजलकार व्यक्तित्व निकै प्रभावशाली देखिन्छ । उनी नेपाली गजलको फाँटमा सामाजिक यथार्थवादी, सुधारवादी, प्रगतिवादी र नारीवादी गजलकारका रूपमा स्थापित छन् । त्यस्तै, भावात्मक, राष्ट्रप्रेमी एवं जातिप्रेमी मुक्तककारका रूपमा पनि अधिकारी परिचित भइसकेका छन् । समग्रमा बहुमुखी प्रतिभा सम्पन्न अधिकारी नेपाली साहित्य आकाशका एउटा उज्ज्वल नक्षत्रका रूपमा स्थापित भएका छन् ।

# परिच्छेद : चार

# पुष्प अधिकारी 'अञ्जलि'को साहित्यिकयात्रा र पुस्तकाकार कृतिहरूको अध्ययन

## परिच्छेद : चार

# पुष्प अधिकारी 'अञ्जलि'को साहित्यिकयात्रा र पुस्तकाकार कृतिहरूको अध्ययन

### ४.१ नेपाली साहित्यमा पुष्प अधिकारी 'अञ्जलि'को प्रवेश

विद्यालय परिवार, घरपरिवार, अग्रज साहित्यकार र विशेष गरी भीमचरण थापाको **माया** उपन्यास र महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**बाट अत्यन्त प्रभावित हुँदै आफ्नो साहित्य साधनालाई अगाडि बढाएका थिए । 'अञ्जलि'को लेखन कार्य कविता विधाबाट सुरु भएको र पछि गएर गजल तथा मुक्तकमा उनको कलम अझ ओजनदार तवरले अगाडि बढेको देखिन्छ । गजल, मुक्तक, निबन्ध आदि उनका साहित्यिक विधा क्षेत्रहरू हुन् ।[1]

२०४४ सालको बालकविता *मेरो माटो मेरो मुटु* नै उनको पहिलो साहित्यिक रचना रहेको 'अञ्जलि' बताउँछन् । यसपछि **गोरखापत्र**को शनिवारको अङ्क, तथा अन्य पत्रिकामा फाट्टफुट्ट रूपमा गजल तथा मुक्तकहरू प्रकाशित भएका पाइन्छन् । 'अञ्जलि'का हालसम्म जम्मा चारवटा पुस्तककार कृतिहरू प्रकाशनमा आएको जानकारी प्राप्त भएको छ । एउटा कवितासङ्ग्रह र एउटा हाइकुसङ्ग्रह गरी दुईवटा कृति प्रकाशोन्मुख अवस्थामा रहेको शोधनायक बताउँछन् ।[2] २०६२ मा प्रकाशित **मनभित्रको मन** गजलसङ्ग्रह उनको प्रथम प्रकाशित गजलसङ्ग्रह हो । त्यस्तै गरी अन्य कृतिहरूमा **एक अञ्जुलि घाम** (मुक्तकसङ्ग्रह २०६३), **स्वप्निल नयन** (गजलसङ्ग्रह २०६४) र **जून फुलेको बस्ती** (मुक्तकसङ्ग्रह २०६६) पर्दछन् ।

---

[1] शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

[2] ऐजन ।

यिनै साहित्यिक कृतिहरू तथा यी कृतिहरूमा पाइने प्रवृत्तिका आधारमा साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'को साहित्य यात्रालाई निम्न चरणमा वर्गीकरण गरिन्छ :

**क) प्रथम चरण (२०४१-२०४७)**

साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' सानै उमेरदेखि नै साहित्यप्रति अभिरुचि राख्दथे । बाल्यकालमा आफूभन्दा अग्रज साथीहरूको प्रेरणा तथा विद्यालय जीवनबाट नै उनमा साहित्य तर्फको अभिरुचि बढेको पाइन्छ । खास गरी भीमचरण थापाको **माया** उपन्यास र देवकोटाको **मुनामदन** खण्डकाव्यले उनमा साहित्यप्रतिको आकर्षण बढाएको छ । उनी विद्यार्थी जीवनदेखि नै कविता लेख्ने र विभिन्न प्रतियोगितामा भाग लिने गर्दथे । यसै क्रममा २०४४ सालमा **राष्ट्रपुकार** पत्रिकामा *मेरो माटो मेरो मुटु* कविता प्रकाशन भएको थियो । यस कविताबाट नै उनको औपचारिक साहित्यिक यात्राको आरम्भ भएको पाइन्छ । यस कवितामा राष्ट्रप्रेमको भाव सशक्त रूपमा प्रकट भएको छ । यस चरणमा कविता बाहेक अन्य कुनै विधाप्रतिको आकर्षण तथा अभ्यास भएको देखिँदैन ।

**ख) दोस्रो चरण ( २०४८-२०६१)**

कविता लेखन तथा अभ्यासमा सीमित रहेका पुष्प अधिकारी 'अञ्जलि'ले २०४८ सालमा *अछुतो हुनुको पीडा* शीर्षकको कथा प्रकाशन गरी कथाकारिताका क्षेत्रमा समेत अग्रसर बनेको पाइन्छ । सिन्धुपाल्चोकबाट प्रकाशित हुने **जनमत** पत्रिकामा प्रकाशित उक्त कथा नै उनको कथाकारिताको पहिलो खुड्किलो मानिन्छ । त्यस पछि २०५८ सालमा चितवनबाट प्रकाशित हुने भूकम्प साहित्यिक पत्रिकामा *पुरस्कार* शीर्षकको कथा प्रकाशित भएको छ । यस समयमा प्रकाशित कथाहरूमा समाजमा विद्यमान छुवाछुत प्रथा, यसले निम्त्याएका विकृति तथा विसङ्गति र कथित निम्न जातिमा परेका पीडाहरूलाई समेट्दै यस्ता प्रवृत्तिको विरोध गरेको पाइन्छ । यसरी कविता लेखनबाट विधागत फड्को मार्दै कथा लेखनमा अग्रसर भएको यस अवधिलाई उनको साहित्यिक यात्राको दोस्रो चरणका रूपमा लिन

सकिन्छ । विधागत विविधता तर्फको आकर्षण नै यस चरणको उल्लेख्य प्राप्तिका रूपमा रहेको छ ।

### ग) तेस्रो चरण (वि.सं. २०६२ देखि हालसम्म)

२०६२ सालमा पुष्प अधिकारी 'अञ्जलि'को **मनभित्रको मन** गजलसङ्ग्रह प्रकाशन भएसँगै उनको साहित्यिक यात्राको तेस्रो चरण सुरुवात हुन्छ । यस चरणमा 'अञ्जलि' कविता तथा कथा लेखनका अतिरिक्त गीत, मुक्तक, गजल लेखनमा अग्रसर बनेको देखिन्छ । साहित्यकार 'अञ्जलि'को यस समयावधि लेखन तथा प्रकाशनका दृष्टिले समेत निकै महत्त्वपूर्ण मानिन्छ । विधागत विविधतालाई समेटेर अगाडि बढेका 'अञ्जलि'का यस चरणमा **मनभित्रको मन** (गजलसङ्ग्रह *२०६२*), **एक अञ्जुलि घाम** (मुक्तकसङ्ग्रह २०६३), **स्वप्निल नयन** (मुक्तकसङ्ग्रह २०६४) **जून फुलेको बस्ती** (गजलसङ्ग्रह २०६६) प्रकाशित छन् । **मनको तृष्ण** (हाइकुसङ्ग्रह) र **म कवितामा देश खोजिरहेछु** (कवितासङ्ग्रह) प्रकाशोन्मुख अवस्थमा छन् । यसका अतिरिक्त सङ्कलक तथा सम्पादकका रूपमा यिनले देशभर छरिएका नवोदित स्रष्टाहरूलाई साहित्यतर्फ प्रेरित गराउने अभिप्रायले सामूहिक कृति प्रकाशनसमेत गरेको पाइन्छ, जसअन्तर्गत **गजल पथका यात्री** (२०६१), **गजल बिम्ब** (२०६२), **गजल दीप** (२०६३), **गजल यात्रा** (२०६४), **गजल गङ्गा** (२०६६) आदि पर्दछन् । स्वतन्त्रता र शान्तिको चाहना, हिंसाप्रतिको असहमति, विश्बन्धुत्वको भावना, आत्म पीडा, सामाजिक विकृति एवम् विसङ्गतिको आलोचना, सामाजिक यथार्थको चित्रण जस्ता विशेषताहरू यस चरणका उनका कृतिका प्राप्ति हुन् ।

## ४.२ पुष्प अधिकारी 'अञ्जलि'का गजलसङ्ग्रहहरूको अध्ययन

### ४.२.१ गजलको सैद्धान्तिक परिचय

गजल अरबी भाषाबाट हिन्दी भाषा हुँदै नेपाली भाषामा प्रवेश गरेको साहित्यको एक सुललित विधा हो । हिन्दी र फारसी साहित्यमा गजल एउटा लोकप्रिय विधाका रूपमा

स्थापित छ । प्राचीन कालमा अरबी महफिलमा राजा महाराजा वा आफ्ना समूहका टोलीनेताको प्रशस्ति गान गाउने परम्परा थियो । त्यसलाई 'केसिदा' भनिन्थ्यो ।[3] तर यसको थालनी गर्नुभन्दा अगाडि चार हरफे मुक्तकीय शैलीका रचनाहरू प्रस्तुत गरिन्थ्यो, यसलाई 'तस्वीव' भनिन्थ्यो । यसको उद्देश्य स्रोताहरूलाई आकर्षित गर्नु नै थियो । विस्तारै यसप्रति लेखक तथा पाठकको आकर्षण बढ्न थाल्यो । यिनैको पृष्ठभूमिबाट गजल विधाले अहिलेको स्वरूप ग्रहण गरेको हो । अरबी भाषामा ग+ज+अल् मिलेर गजल शब्द बनेको हो । ग को अर्थ वाणी, ज को अर्थ स्त्री र अल्को अर्थ साथ भन्ने हुन्छ । यसको समष्टीगत अर्थ स्त्रीका साथ प्रयुक्त हुने वाणी वा स्त्रीसँग गरिने वार्तालाप भन्ने हुन्छ ।[4] गजललाई परिभाषित गर्ने सन्दर्भमा विभिन्न साहित्यकारहरूले व्यक्त गरेका विचारहरूलाई यहाँ प्रस्तुत गरिन्छ ।

नेपाली साहित्यकोशले गजललाई अरबी भाषाको स्त्रीलिङ्गी शब्दका रूपमा परिभाषित गरेको छ । यसको शाब्दिक अर्थ स्त्रीका साथ प्रयुक्त हुने वाणी अर्थात् स्वास्नी मानिससित गरिने वार्तालाप हो । स्थायी भाव प्रेम भए पनि गजलमा रहस्यानुभूति, मस्ती, मदिरापानको मजा, धार्मिक विद्रोह आदि भावनाहरू सञ्चारी भावका रूपमा आउँछन्[5] भन्दै नागेन्द्रले गजलको परिचय दिएका छन् ।

संस्कृतको 'गजल' शब्दबाट नेपाली भाषामा 'गाजल' भए जस्तै संस्कृतको 'कज्जल' शब्दको तद्भव शब्दका रूपमा नेपालीमा गजल शब्द प्रयोग हुँदै आएको हो ।[6]

गजलको शाब्दिक अर्थले प्रेमिकासँगको प्रणयजन्य भावको गहनतालाई बुझाउँछ । करुणा, कोमल मनका पीडाहरू भाव गाम्भीर्यका साथ सम्प्रेषण हुने हुँदा गजलमा प्रेमप्रणय भावका अतिरिक्त मानवीय अन्तर्मनका विविध भावना तथा युगजन्य अवस्थाको अभिव्यक्ति पनि पाइन्छ ।

यसरी गजलको व्युत्पत्ति तथा विकासका विषयमा जे जसरी व्याख्या विश्लेषण गरिए पनि वास्तवमा गजल एक लोकप्रिय काव्य विधा हो । यसमा भावको गहनता, शब्दप्रयोगमा कलात्मकता, विषयमा विविधता, कोमलता र हार्दिकता जस्ता पक्षहरू भेट्न सकिन्छ ।

---

[3] देवी नेपाल र अन्य, **गजल कसरी लेख्ने** ?, (काठमाडौं : ऐरावती प्रकाशन, २०६७), पृ. ३ ।

[4] Pḫg ।

[5] नागेन्द्र, *गजल गाथा,* **समकालीन साहित्य**, (वर्ष ३, अङ्क २, २०५०), पृ. ४९ ।

[6] घनेन्द्र ओझा, **नेपाली गजल, सिद्धान्त र विवेचना**, (काठमाडौं : ऐन पुस्तक संसार, २०६७), पृ. ४४६ ।

## ४.२.२ गजलको संरचना

गजल आफ्नै सैद्धान्तिक विधान भएको विधा हो । यसका आफ्नै विधि विधान छन् । प्राविधिक संरचनामा आबद्ध हुनु, लयबद्ध हुनु कोमल भावका कारण हृदयलाई छुनु, अनुप्रासयुक्त हुनु तथा काफिया र रदिफको सही प्रयोगद्वारा सुललित र भावपूर्ण हुनु यसका आफ्नै विशेषता हुन् ।[7] गजलको संरचनालाई आन्तरिक संरचना र बाह्य संरचना गरी २ भागमा अध्ययन गर्न सकिन्छ ।

### क) आन्तरिक संरचना

आन्तरिक संरचना गजलमा मात्र होइन काव्यका अन्य विधा र आख्यानमा पनि आवश्यक पर्दछ । आन्तरिक संरचना बिना कुनै पनि विधा जीवन्त हुन सक्दैन । आन्तरिक संरचना भन्नाले काव्यभित्रको भावपूर्णता, अभिव्यक्तिगत कौशल, विषयवस्तुको खँदिलो प्रस्तुति, बिम्ब वा प्रतीकको प्रयोग लयात्मकताजस्ता कुरालाई बुझ्नु पर्छ ।

**अ) भाव**

साहित्यिक रचनामा कुनै न कुनै भाव व्यक्त भएको हुन्छ । साहित्यिक रचनाका माध्यमले अभिव्यक्त गर्न खोजिएको विषय नै भाव हो । सहित्यिक रचनाको भावपक्षले त्यसको उत्कृष्टतामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । गजलमा मूलतः प्रेमप्रणय भावलाई  प्रमुख रूपमा लिइए पनि सामाजिक, सांस्कृतिक, राजनैतिक आदि विषयहरू पनि भावका रूपमा आउन सक्छन् ।

**आ) शैली**

शैलीको अर्थ तरिका वा विधि हो । शैली गजलको अर्को महत्त्वपूर्ण आन्तरिक तत्त्व हो । साहित्यमा थोरै शब्दबाट धेरै भाव दिने शैलीको प्रयोग महत्त्वपूर्ण हुन्छ । अझ गजलमा थोरै शब्दमा पूर्ण भावको सम्प्रेषण गर्नुपर्ने  भएकाले यसमा अभिधाभन्दा व्यञ्जना शैली आवश्यक मानिन्छ ।[8]

---

[7] Pħg ।
[8] ऐजन ।

**इ) लय**

गति र यतिको उचित समन्वयबाट लय उत्पन्न हुन्छ । लय बहर वा छन्द, अक्षर वा मात्राको एकरूपता, अनुप्रास योजना आदिबाट उत्पन्न हुन्छ । गजल मूलतः गेयात्मक विधा भएकाले यो लयात्मक तथा गेयात्मक हुन जरुरी छ । लयविहीन गजल उत्कृष्ट हुन नसक्ने धारणा पाइन्छ । छन्द या बहर भिन्न भएर पनि लय उत्पन्न हुन सक्दछ ।

**ई) बहर**

गजलमा प्रयोग हुने शास्त्रीय लयलाई बहर भनिन्छ । अर्को शब्दमा भन्दा लय वा गेयात्मकता प्रदान गर्ने सूत्रबद्ध लेखन नै बहर हो । संस्कृत काव्य परम्परामा छन्द भनेजस्तै फारसी गजल परम्परामा बहर शब्दले लयव्यवस्था भित्रको अनुशासित रूपलाई सङ्केत गर्दछ । गजलमा कति बहर प्रचलनमा छन् भन्ने विषयमा एकमत पाइँदैन ।

**ख) बाह्य संरचना**

काव्यको कुनै पनि विधाको आन्तरिक संरचनाले त्यसको गुणात्मकतालाई वृद्धि गरेको हुन्छ भने बाह्य संरचनाले त्यस विधाको विधागत परिचय दिएर अन्य विधाभन्दा पृथक् भएको देखाउँछ । गजलको बाह्य संरचनामा काफिया, रदिफ, मतला, मकता, तखल्लुस, मिसरा आदि पर्दछन् ।[9]

**अ) काफिया**

गजलमा काफियाको सर्वाधिक महत्त्व हुन्छ । समालोचकहरू काफियालाई गजलको प्राण मान्दछन् । काफियाको प्रयोगबिना गजल रचना हुनै सक्दैन तसर्थ यसलाई गजलरूपी शरीरको मुटुका रूपमा समालोचकहरू विश्लेषण गर्दछन् । रदिफभन्दा पूर्व प्रयोग हुने अनुप्रासयुक्त पद, पदावली अक्षर वा अक्षर समूहलाई काफिया भनिन्छ । मतलाका दुवै मिसरा र अन्य मिसरा ए-सानीमा काफियाको प्रयोग हुन्छ ।[10]

---

[9] ऐजन, पृ ४४१ ।
[10] ऐजन ।

**आ) रदिफ**

काफियापछि गजलमा प्रयोग हुने अर्को तत्त्व  रदिफ हो ।[11] मतलाका दुवै मिसरा र अन्य सेरहरूका मिसरा ए-सानीका अन्त्यमा प्रयोग हुने उही पद वा पदावली अक्षर वा अक्षर समूहलाई रदिफ भनिन्छ । रदिफलाई गजलको अनिवार्य तत्त्व मानिँदैन तापनि यसको प्रयोगले गजलको सौन्दर्यमा महत्त्वपूर्ण भूमिका खेल्ने र गायनमा श्रुतिमधुर समेत हुने भएकाले गजलकारहरू यसलाई त्याग्न चाहँदैनन् ।[12] रदिफ युक्त गजललाई मुरदफ र रदिफ विहीन गजललाई गैरमुरदफ गजल भनिन्छ ।

**इ) सेर**

अरबी भाषामा सेर भनेको कपाल हो[13] तर गजलमा सेर भन्नाले गजलका दुई हरफलाई बुझिन्छ । गजलका हरेक पङ्तिलाई मिसरा ए-सानी भनिन्छ । मिसरा-ए-उला र मिसरा-ए-सानी मिलेर एउटा सेर बन्दछ । गजलका हरेक सेर आफैमा स्वतन्त्र र अर्थपूर्ण हुन्छन् । हरेक सेरको पहिलो पङ्क्तिले विषय उठान गर्दछ भने दोस्रो पङ्तिले उठाएको विषयलाई प्रभावकारी ढङ्गले पुष्टि गर्दछ ।

**ई) मतला**

गजलमा मतला भन्नाले प्रारम्भ वा शुरुवात भन्ने बुझिन्छ । गजलको प्रथम सेर वा सुरुको दुई पङ्क्तिलाई नै मतला भनिन्छ अर्थात् काफिया र रदिफको प्रयोग भएका सुरुका दुई हरफलाई मतला भनिन्छ । एउटै गजलमा दुई सेरका मतला पनि हुन सक्छन् । कुनै कुनै गजलमा उपयुक्त मतला बनाउन नसकेर दुवै मिसरामा काफिया र रदिफको सन्तुलन बिग्रन पनि सक्दछ ।[14]

**उ) मकता**

अरबी भाषामा मकता भनेको समापन अर्थात् समाप्ति हो । गजलको सन्दर्भमा मकताले गजलको अन्तिम सेरलाई बुझाउँछ । कतिपय गजलकारहरूले जुन सेरमा तखल्लुसको प्रयोग हुन्छ त्यसैलाई मकता भनेका छन् तर मकता शब्दको अर्थ नै

---

[11] ऐजन ।
[12] ऐजन ।
[13] ऐजन ।
[14] ऐजन ।

समापन भएकाले तखल्लुस प्रयोग भए पनि नभए पनि गजलको अन्तिम सेर नै मकता हो ।[15] यसरी हेर्दा गजललाई समापन गर्ने अवयव नै मकता हो ।[16]

**ऊ) तखल्लुस**

स्रष्टाले गजलमा आफूलाई चिनाउन वा सङ्केत गर्न आफ्नो नाम वा उपनामको प्रयोग गर्न सक्दछ । यसरी गजलमा प्रयोग गरिने आफ्नो नाम वा उपनामलाई नै तखल्लुस भनिन्छ । तखल्लुस गजलको अनिवार्य तत्त्व भने होइन । प्रायः तखल्लुस गजलको मकतामा प्रयोग गरिन्छ तर कतिपय गजलमा अन्य सेरहरूमा पनि प्रयोग भएको भेट्न सकिन्छ । तखल्लुसका लागि प्रयुक्त नाम वा उपनाम द्वैध अर्थ आउने हुनु पर्दछ ।[17]

**ए) मिसरा**

गजलको प्रत्येक पङ्क्तिलाई मिसरा भनिन्छ । दुई मिसराहरूको उचित संयोजनबाट नै एउटा पूर्ण सेर बन्दछ ।[18]

**ऐ) मिसरा-ए. उला**

गजलको प्रत्येक सेरको पहिलो पङ्क्तिलाई मिसरा ए-उला भनिन्छ ।[19]

**ओ) मिसरा-ए-सानी**

गजलको सेरमा प्रयुक्त दोस्रो पङ्क्तिलाई मिसरा-ए-सानी भनिन्छ ।[20]

## ४.२.३ नेपाली गजल परम्परामा पुष्प अधिकारी 'अञ्जलि' को आगमन

नेपाली गजल लेखनको प्रारम्भ हिन्दी गजल लेखनसँग जोडिएको छ । १९४० साल तिर मोतीराम भट्ट बनारसमा अध्ययनरत रहँदा त्यहाँ उनले हिन्दी शायरहरूसँग परिचित हुने अवसर पाए र त्यति बेलादेखि नै नेपाली साहित्यमा गजल लेख्ने परम्पराको थालनी भएको पाइन्छ । यस परम्पराको प्रारम्भकर्ता मोतीराम भट्ट नै हुन् । यसरी हेर्दा मोतीराम भट्टबाट नै नेपाली गजल लेखनको प्रारम्भ भएको मान्न सकिन्छ । मोतीराम भट्टबाट प्रारम्भ

[15] ऐजन ।
[16] देवी नेपाल र अन्य, पूर्ववत् ।
[17] ऐजन पृ. ४३ ।
[18] ऐजन पृ. ४३ ।
[19] ऐजन पृ. ४६ ।
[20] ऐजन ।

भएको नेपाली गजल लेखन परम्पराले अहिलेसम्म आइपुग्दा झण्डै एक सय तीस वर्ष व्यतीत गरेको पाइन्छ ।

नेपाली भाषामा गजल लेखन परम्पराको इतिहास र यस सम्बन्धी कृतिको खोजी गर्दा **सङ्गीत चन्द्रोदय** नेपाली भाषाको पहिलो गजलसङ्ग्रहका रूपमा रहेको पाइन्छ । यसपछि **सङ्गीत चन्द्रोदय** विभिन्न गजलकारका गजलहरू थपेर विभिन्न संस्करणहरूमा छापिएको पाइन्छ । यस अवधिमा नेपाली गजलको विकास मोतीराम भट्टकै नेतृत्व र सम्पादनमा निरन्तर अगाडि बढेको पाइन्छ । उपेन्द्रबहादुर जिगरको **एक सय एक** गजलसङ्ग्रह (१९९६ साल) पछिका करिब चार दशक नेपाली गजल अन्धकारमै रहेको थियो । यस समयमा नेपाली साहित्यमा केही गजलहरू लेखिएका छन् तर गजल लेखनमा नै समर्पित रहेर गजल लेखेको भने पाइँदैन । यस पछि लामो समयसम्म सुषुप्त अवस्थमा रहेको नेपाली गजललाई जागृत गराउने काम ज्ञानुवाकर पौडेलद्वारा भएको पाइन्छ । यस चरणमा गजल सृजना गर्ने गजलकारहरूमा घनश्याम न्यौपाने 'परिश्रमी', मनु ब्राजाकी, प्रिया श्रेष्ठ, गोविन्दराज विनोदी, जस्ता गजलकारहरू देखा परे । ज्ञानुवाकर पौडेलपछि नेपाली गजल लेखनको परम्परामा ललिजन रावलको आगमनसँगै ज्ञानुवाकर पौडेलले पुनर्जागृत गराएको गजल लेखन परम्परा सबल बन्दै गयो । यसरी वर्तमान समयमा गजलका सैद्धान्तिक पक्षहरूलाई पछ्याएर संरचनागत सचेतताका साथ गजल लेखनका क्रममा पुष्प अधिकारी 'अञ्जलि' को आगमन भएको देखिन्छ ।

गजल शृङ्गारिकताको पेवा मात्र होइन यसले समसामयिक परिस्थितिको पनि प्रतिबिम्ब उतार्न सक्नु पर्दछ भन्ने चिन्तन राख्ने 'अञ्जलि'का विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै गजलहरू प्रकाशन भएका छन् । **अनामिका, पल्लवी सन्देश, सम्प्रेषण, हाम्रो मझेरी, मञ्जरी** जस्ता साहित्यिक पत्रिका तथा विभिन्न स्मारिकाहरूमा उनका गजलहरू प्रकाशित भएका छन् । पुष्प अधिकारी 'अञ्जलि'को पुस्तकका रूपमा प्रकाशित प्रथम गजलसङ्ग्रह **मनभित्रको मन** हो जुन २०६२ सालमा प्रकाशित भएको थियो । त्यस पछि अर्को गजलसङ्ग्रह **स्वप्निल नयन** २०६४ सालमा प्रकाशित भयो । यी दुई गजलसङ्ग्रहले गजलकार 'अञ्जलि'लाई नेपाली गजल साहित्य फाँटमा निकै सबल एवम् सफल गजलकारका रूपमा परिचित गराएका छन् ।

## ४.२.४ पुष्प अधिकारी 'अञ्जलि' को मनभित्रको मन गजलसङ्ग्रहको अध्ययन

पुष्प अधिकारी 'अञ्जलि'को प्रकाशित गजलसङ्ग्रह **मनभित्रको मन**मा १०२ वटा गजलहरू समावेश गरिएका छन् । यस अन्तर्गत गजलका तत्त्वहरूका आधारमा गजलहरूका केन्द्रीय तथ्यलाई छुट्टाछुट्टै लेखिएको छ जसमा गजल तत्त्वलाई आधार मानी अन्य तत्त्वहरूलाई समेत उल्लेख गर्दै समग्रमा मूल्याङ्कन गरिएको छ ।

### ४.२.४.१ परिचय

चितवन लगायत देशका विभिन्न स्थानहरूबाट प्रकाशित भिन्न-भिन्न साहित्यिक पत्रपत्रिकामा आफ्ना ओजस्वी गजलहरू प्रकाशन गर्दै आफ्नो सृजनकलाको परिचय दिँदै आएका गजलकार पुष्प अधिकारीले रचना गरेका आफ्ना गजलहरूलाई पुस्तकाकार रूप दिने क्रममा **मनभित्रको मन** गजलसङ्ग्रहको जन्म भएको हो । २०६२ साल पौष महिनामा प्रकाशित यो गजलसङ्ग्रह गजलकार अञ्जलिको प्रथम प्रकाशित गजलसङ्ग्रह हो । एक सय अठार पृष्ठको यस गजलसङ्ग्रहको आवरण पृष्ठको कला प्रकाश थापाले गरेका छन् । आवरण पृष्ठको सिरानमा रातो रङको अक्षरमा सेतो किनारासहित **मनभित्रको मन** शीर्षक लेखिएको छ । त्यसको ठीक तल शीर्षकको मध्यभागमा पर्ने गरी सेतो अक्षरमा गजलसङ्ग्रह लेखिएको छ । कालो, रातो, सेतो, पहेँलो, निलो रङको प्रयोग गरिएको यस आवरण पृष्ठको तल बसेकी एउटी महिलालाई देखाइएको छ । उनको केन्द्र अर्थात् मनमा चक्र देखाएर मनको समेत केन्द्र अर्थात् मनभित्रको पनि मन देखाउन खोजिएको छ । टाउकोमा रातो रङ र त्यसको पृष्ठभूमिमा सेतो देखाउँदै सोचमग्न रहेको चित्र देखाइएको छ । साथै त्यसको अन्त्यमा लेखकको नाम उल्लेख गरिएको छ र पछाडिको आवरण पृष्ठमा गजलकारको फोटो र उनको परिचय खुलाइएको छ ।

आफ्ना आदरणीय एवम् पूजनीय माता देवकुमारी अधिकारी र स्वर्गीय पिता झपनबहादुर अधिकारीमा समर्पण यस सङ्ग्रहको प्रकाशन हाम्रो मझेरी साहित्य प्रतिष्ठानले गरेको छ । यस गजलसङ्ग्रहभित्र १०२ वटा गजलहरू सङ्कलित छन् । संरचनागत दृष्टिले हेर्दा चारवटा गजलहरू दश पङ्क्ति र पाँच सेरका छन् । अन्य बाँकी गजलहरू बाह्र पङ्क्ति र छ सेरका रहेका छन् । यस गजलसङ्ग्रहभित्रका गजलहरूमा समसामयिक समाज तथा

परिस्थिति, सामाजिक विकृति विसङ्गति, प्रेमप्रणय, राष्ट्रियताले ओतप्रोत भावना, युद्धकालीन पीडा, आशावादी जीवनदृष्टि, मानवतावादी चिन्तन, विसङ्गतिप्रतिको व्यङ्ग्य, विखण्डित मानवताप्रतिको चिन्ता जस्ता विषयहरू प्रस्तुत भएका छन् जसको बारेमा तल चर्चा गरिन्छ ।

## ४.२.४.२ केन्द्रीय कथ्य

लेख, रचना, कथा, कविता, गीत, गजल, मुक्तक, हाइकु आदि रचना कुनै न कुनै विषयमा आधारित हुन्छन् । स्रष्टाले व्यक्तिगत जीवनमा भोगेका भोगाइ, अनुभूति एवम् समाजबाट लिएका सुख एवम् दुःखद क्षण, सामाजिक विकृति, विसङ्गति, त्यसप्रतिको व्यङ्ग्य विद्रोह, प्रेम, विरह आदिलाई विषयवस्तुका रूपमा स्रष्टाले प्रस्तुत गरेको हुन्छ । गजलकार पुष्प अधिकारी 'अञ्जलि' को पुस्तकाकार कृति **मनभित्रको मन** गजलसङ्ग्रहमा सङ्ग्रहीत गजलका केन्द्रीय कथ्यलाई क्रमानुसार यहाँ प्रस्तुत गरिएको छ :

**गजल नं. १**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि' ले आफ्नो मनसँग आफ्नी मायालुको मन मिलाउनका निम्ति लागिपरेको, कहिल्यै नबदलिने गरी मनमनको सम्बन्ध जोड्न खोजेको तर निर्दयी पापीले आफ्ना चाहनाहरू चुँडाएको पीडाजन्य भावलाई केन्द्रीय कथ्य बनाएका छन् ।

**गजल नं. २**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि' ले जीवन औंसीको रात झैं बन्दै गएको, दिनप्रतिदिन अँध्यारिदै गएको परिस्थितिको चर्चा गर्दै जीवनको सहयात्रीलाई सम्बोधन गरेर औंसीको रातजस्तो बनेको जीवनमा चिराग बाली बस्तीमा आउन, खाली मनलाई आवाद गर्न र विश्वासको सगरमाथा सृजना गर्न समेत आग्रह गरेका कुराहरू प्रस्तुत गजलका केन्द्रीय भावका रूपमा आएका छन् ।

**गजल नं. ३**

प्रस्तुत गजलमा गजलकारले भूल नहुँदा नहुँदै पनि प्रियसी र आफू दुबैको आवश्यकता हुँदाहुँदै पनि एक आपसमा टाढा बस्न परेको पीडालाई केन्द्रीय भाव बनाएर

विगतमा कसैले पनि आजको अवस्था कल्पना नगरेको  र दिलभित्र घाउ लाग्न गएको दिन क्रमशः चकनाचुर भएको अवस्थाप्रति दुःख प्रकट गरिएको छ ।

**गजल नं. ४**

प्रस्तुत गजलमा गजलकारले आफू र आफ्नो गाउँ हराउँदाको पीडा व्यक्त गरेका छन् । सदैव स्वाभिमानका साथ बाँच्न चाहने आकाङ्क्षा बोकेर पनि स्वार्थी संसारमा पुगेपछि वा आफ्नो गाउँबाट टाढा परदेश पुगेपछि आफ्नो मूल्य अर्थात् स्वाभिमान स्वतः हराएको, सुनौलो प्रभात लुटिएको र जीवनका अभिलाषाहरू हराउन पुगेको अवस्थाको चर्चा गर्दै विदेशिएका नेपालीको पीडालाई प्रस्तुत गरिएको छ ।

**गजल नं. ५**

प्रस्तुत गजलमा प्रेमप्रणयको भाव व्यक्त भएको छ । यसमा विगतको रङ्गीन एवम् आनन्दमय समयको स्मरण गरिएको छ । आफ्नी मायालुका इमान्दारपूर्ण बैंसहरू जति दियो उति मिठो हुँदै गएको भावलाई शृङ्गारिक शैलीमा व्यक्त गरिएको छ ।

**गजल नं. ६**

माया प्रेमको प्रसङ्गलाई केन्द्रीय कथ्य बनाएर 'अञ्जलि' ले आफ्नो मायालुसँग मन मागेर कुनै गल्ती नगरेको भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ७**

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रियसीसँगको वियोगले उत्पन्न अन्तर्द्वन्द्वात्मक अवस्थाको चित्रण गर्दै आफ्नी मायालुसँग वियोग भएपछि जीवन कष्टपूर्ण बनेको, गोधुली साँझमा गन्तव्य पहिल्याउन कठिनाइ भएको कुरा दर्साएका छन् । आफ्नी मायालुले भत्काएको जीवनको मर्मत सम्भारमा वर्तमान समय बित्ने गरेको प्रसङ्गलाई जोडेर गजलकारले प्रेम वियोगको भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ८**

प्रस्तुत गजलमा मायालुको सम्झनाले सताएको भावलाई प्रस्तुत गरिएको छ । आफ्नी मायालुसँग विछोड भएपछि आफूसँग सपना मात्र बाँकी रहेको र च्यातिएको मन त्यही सपना ओडेर एकान्तमा रोएर बस्न विवश रहेको र प्रेमको तृष्णा अझ बढी सशक्त भएको भन्दै प्रेम र वियोगको भावलाई प्रस्तुत गरिएको छ ।

**गजल नं. ९**

प्रस्तुत गजलमा स्वच्छ र विशाल सागरजस्तो प्रेम भई दिए जीवन आनन्दित हुने भाव व्यक्त गर्दै एक्लै तड्पिएर बाँच्न कठिन हुने भएकाले आफ्नी मायालुसँगै नहरकै भएर बाँच्न चाहेको प्रसङ्ग उल्लेख गरेका छन् । प्रेयसीले पनि जीवनभर साथ दिने निर्णय गरे सारा दुःख सहेर जीवन नै उनैका लागि सुम्पिने प्रेमसमर्पणको भावलाई मूलभूत रूपमा यस गजलमा प्रस्तुत गरेका छन् ।

**गजल नं. १०**

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रियसी र चाँदनीलाई तुलना गर्दै आफ्नी प्रियसी रुँदा चाँदनीयुक्त रात रोएको, निलो आकाशबाट एक तारा खस्दा फूलबारीको फूलको पात रोएको भन्दै आफ्नी मायालुलाई स्वप्निल तारासँग दाँजेका छन् ।

**गजल नं. ११**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि' ले आमाको महिमा व्यक्त गर्दै आमाले नै आफ्नो पहिचान दिन्छिन् भन्ने भाव प्रस्तुत गरेका छन् ।

**गजल नं. १२**

प्रस्तुत गजलमा गजलकारले कसैको रूपले बेचैन बनाएको भावलाई प्रस्तुत गरेका छन् । कसैको रूपले पहिलो भेटमा नै मन-मुटु जलाएपछि आँखा निद्राविहीन बन्न पुगेको, मन चञ्चल भएको, हराउन लागेको बैंस पनि पुनः पलाएको र न भोक न प्यासको स्थितिमा पुगेको अवस्थाको चित्रण गरेका छन् ।

**गजल नं. १३**

प्रस्तुत गजलमा मन चोरेर निदाउने, मनचोरप्रति कटाक्ष गरिएको छ । भौतिक सम्पत्तिमा लालायित भई सम्बन्ध गाँस्नेले यथार्थता बुझेपछि सम्बन्ध चिस्याएको वास्तविकतालाई देखाउँदै फूलको कोमलता बिझाउने काँडामा परिवर्तन भएका सन्दर्भलाई जोडेर आफ्नी प्रियसीलाई व्यङ्ग्य गर्दै आफ्नो मनलाई सान्त्वना दिएको भाव यस गजलमा व्यक्त भएको छ ।

**गजल नं. १४**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले आफैले आफैलाई पहिचान गर्न नसकेको स्थितिमा आफ्नो भाउदर र स्तर सोध्ने आफ्नी मायालुप्रति आफू निरुतर रहेको विचार व्यक्त गरेका छन् ।

**गजल नं. १५**

प्रस्तुत गजलमा फूलले जवानी ग्रहण गर्न नपाउँदै, परागको राज उत्कर्षमा नपुग्दै अलपत्र परेर मर्न विवश भएको फूलको पीडालाई व्यक्त गरिएको छ ।

**गजल नं. १६**

आफ्नी मायालुको साथ पाएपछि आफूलाई गुलाफको सुन्दर फूल मान्दै मान्छेहरूको हुलसँग कुनै गुनासो नरहेको भाव यस गजलमा व्यक्त भएको छ र जवानीमा विभिन्न प्रकारका भुल हुने कुरालाई स्वाभाविक ढङ्गले लिनुपर्ने धारणा राख्दै हिजोका भुलहरूलाई सहज ढङ्गले स्वीकार गर्नुपर्ने भाव यस गजलमा व्यक्त भएको छ ।

**गजल नं. १७**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि'ले राजा भएर रानी नभएको परिस्थिति देखाउँदै आफू रानीको तलासमा लागि परेको भाव व्यक्त गरेका छन् । रानी खोज्नका लागि रन-वन हुँदै क्षितिज पारिसम्म पुग्दा उर्लेको भदौरे बाढीरूपी जवानी सुषुप्त बनेको भन्दै अहिले जवानीको समेत सूक्ष्म खोजी गर्नुपर्ने अवस्था रहेको भाव प्रस्तुत गरेका छन् ।

**गजल नं. १८**

प्रस्तुत गजलमा गजलकारले पीडा र चोटग्रस्त नेपाली समाजको चित्रण गरेका छन् र साथसाथै आफ्नो जन्मभूमि अर्थात् गाउँप्रतिको प्रेमलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. १९**

प्रस्तुत गजलमा गजलकारले प्रेमप्रणय एवम् देशको समसामयिक युद्धग्रस्त परिस्थितिलाई प्रस्तुत गरेका छन् । अक्षरहरूले बारुद लेखेका, न्यायालयले निष्पक्ष न्याय सम्पादन गर्न नसकेको, देश दुखेको, आमाको छाती चिरिएको कारुणिक एवम् द्वन्द्वग्रस्त नेपाली परिवेशलाई यस गजलमा प्रस्तुत गरेका छन् ।

**गजल नं. २०**

प्रस्तुत गजलमा दिलभित्रकी रानीलाई आफ्नो दिलभित्र बस्न आग्रह गरेका छन् । गाला लालियुक्त भइसके, यौवनको उन्माद बढिसक्यो तर पनि पिरतीका गीतहरू गाउने लगन जुराई निम्तो पठाउने दिन कहिले आउँछ भनी आफ्नी रानीलाई प्रश्न सोध्दै गजलकारले यस गजलमा प्रणयभावलाई अभिव्यक्ति दिएका छन् ।

**गजल नं. २१**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि' ले आफ्नी जीवन सङ्गीको साथ र सद्भावप्रति कृतार्थ बनेको भाव व्यक्त गरेका छन् । आफ्नी सङ्गिनी प्रेरणाकी स्रोत बनेकी, जीवनमा कल्पना नै नगरेको मान-सम्मान दिएकी र आफ्नै मुटु चिरी जीवन अनुदान दिएकी भन्दै गजलकारको सन्तुष्टिको भाव यस गजलमा भाव व्यक्त भएको छ ।

**गजल नं. २२**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि'ले मायालुले आफूसँगको सम्बन्ध तोडेर अन्तै घरजम बसाएको र अरूकै काखमा रमाएको कुरा व्यक्त गरेका छन् ।

**गजल नं. २३**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि' ले मन उस्तै वा एउटै भए पनि मानिसको सोचाइ फरक हुँदा सबै चिज फरक हुने यथार्थलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. २४**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालु आउँदा हिजो उज्यालिने रात आज जून चुहिएजस्तो अँध्यारो भएको अनुभूति व्यक्त गरेका छन् ।

**गजल नं. २५**

प्रस्तुत गजलमा आफूले सहयोगको हात दिँदा दोष दिँदै तिरस्कार गर्ने मान्छे आज सन्तापमा टोलाएर बसेको पीडाजन्य अवस्थाको चित्रण गरिएको छ ।

**गजल नं. २६**

प्रस्तुत गजलमा गजलकारले नेपाली समाजको सामाजिक पक्षको चित्रण गरेका छन् । दिनप्रतिदिन विकृति र विसङ्गतिको दलदलमा फसेका युवावर्गहरूलाई सचेत गराउँदै गजलकारले बेरोजगारी समस्याग्रस्त परिस्थितिमा सानातिना काममा पनि मन लगाउनु पर्ने सन्देश प्रस्तुत गरेका छन् ।

**गजल नं. २७**

प्रस्तुत गजलमा गजलकारले भ्रष्टाचार र कमिसन खाएर राष्ट्रसेवक बन्ने विकृत राजनैतिक अवस्थाको चित्रण गरेका छन् । कमिसन र घुसखोरीबाटै व्यक्तिगत स्वार्थ पूरा गर्न लागि परेका नेताहरूलाई सपूत भन्न नसकिने भन्दै उनीहरूका कमजोरीहरूको आलोचना गरेका छन् ।

**गजल नं. २८**

प्रस्तुत गजलमा गजलकारले देशको दयनीय जीवनावस्थाको चित्रण गरेका छन् । दिनप्रतिदिन बजार भाउ आकासिँदै गएको छ, शैक्षिक बेरोजगार चुलिदो छ, हिंसा, हत्या, आतङ्कले बस्ती आक्रान्त बनेको छ, गाउँले न्याय, शान्ति र सुरक्षा मागेको छ भन्दै देशको दयनीय अवस्थाको चित्रण गरेका छन् ।

**गजल नं. २९**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि' आफ्नी मायालुलाई खुलस्त रूपले चिन्न नसकेकाले उनीप्रति शङ्का उत्पन्न भएको भाव व्यक्त गरेका छन् । आफ्नी प्रियसी सीता र भृकुटी जस्तै हुनेछन् भन्ने अपेक्षा गरिएको तर सोचे जस्तो नभएको, मन्दिरमा नै पुगी बाचा गरे पनि त्यसमा विश्वस्त हुन नसकेको विचारसमेत गजलमा अभिव्यक्त गरिएको छ ।

**गजल नं. ३०**

प्रस्तुत गजलमा गजलकारले वियोगको सन्तापमा तड्पिएर मुटु पोलेपछि अलिकति मदिरा पिएको र प्रेमवियोगको पीडाले नै खिइएकी आफ्नी मायालुलाई केन्द्रीय विषयवस्तु बनाएका छन् ।

**गजल नं. ३१**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'को राष्ट्रवादी चिन्तन व्यक्त भएको छ । भाइभाइ बिच शत्रुता बढेपछि, गाउँ शहरहरू रक्ताम्य भएपछि जननी र जन्मभूमिप्रति दुर्व्यवहार बढेपछि एक राष्ट्रभक्त, स्वाभिमानी नागरिकको छाती दुख्ने र लाचार भई शिर झुक्ने यथार्थलाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरेका छन् ।

**गजल नं. ३२**

प्रस्तुत गजलमा गजलकारले स्वाभिमान र इमान्दारिताको पाठ पढाएका छन् । जीवन मागेर चल्न नसक्ने भन्दै बाच्नका लागि दौड पास गर्नुपर्ने, लहैलहैमा लागेर जीवन चलाउन नसकिने, सबैमाथि विश्वास जित्न सके पछि फर्कन नपर्ने, मेहनतले लागे शिखर चढ्न सकिने भन्दै परिश्रमी र मेहनती बन्न आग्रह गरेका छन् ।

**गजल नं ३३**

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रिय राधालाई रानी र आफूलाई राजा ठान्दै उनीबिना अर्को आधार नहुने विचार प्रस्तुत गरेर राधालाई आफू समीप आउन आग्रह गरेका छन् ।

**गजल नं. ३४**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले आफूसँग नबोलेकी र आफूलाई केही नसोधेकी मायालुसँग गुनासो प्रकट गर्दै प्रेमिकाले प्रेमीको वास्ता नराख्दा हुनजाने पीडाजन्य अनुभूतिलाई मूल भावका रूपमा प्रस्तुत गरेका छन् ।

**गजल नं. ३५**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुले मनको चाहना नबुझ्रेर हरदम रुवाएको र आफ्नो भावना खुलस्त अभिव्यक्त नगरेर आफूलाई अझै चोट एवम् पीडा दिएको भाव व्यक्त गरेका छन् ।

**गजल नं. ३६**

प्रस्तुत गजलमा गजलकारको राष्ट्रवादी चिन्तन एवम् युद्धकालीन परिवेशको पीडा व्यक्त भएको छ । तत्कालीन जनयुद्धका अवस्थामा नेपाली दाजुभाइले अर्को नेपालीलाई नै धराप थाप्न लगाएर अपराधको पराकाष्ठा नाघ्दै अघि बढेको देशको पीडाजन्य परिस्थितिलाई अभिव्यक्त गरेका छन् ।

**गजल नं. ३७**

प्रस्तुत गजलमा गजलकारले वास्तविकता र यथार्थता बुझ्न नसकेको विषयप्रति ध्यानाकर्षण गराएका छन् । पत्थर र फूललाई चिन्न नसकेर पत्थरलाई फूल मानी व्यवहार गर्दा प्रेम दुर्घटित हुन पुगेको कुरा व्यक्त गरेका छन् ।

**गजल नं. ३८**

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रियसी आफूबाट टाढा हुँदा सम्झना र मायाले छातीमा पीडा बढेको र छातीमा आगो बलेको यथार्थतालाई व्यक्त गर्दै प्रेमवियोगबाट उत्पन्न पीडाको चित्रण गरेका छन् ।

**गजल नं. ३९**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले देशको युद्धग्रस्त परिवेशप्रति चिन्ता व्यक्त गरेका छन् । विश्वशान्तिका अग्रदूत भगवान् गौतम बुद्धको देशमा गोली चल्न थालेको, दाजुभाइ नै मारामारमा लागेका आफ्नो जितका लागि आफ्नै भाइको हत्या गर्न थालेका र यस्ता क्रियाकलापले नेपाल आमामा नै चिन्ता थपेको तत्कालीन सामाजिक तथा राजनैतिक यथार्थलाई नै केन्द्रीय कथ्य बनाइएको छ ।

**गजल नं. ४०**

प्रस्तुत गजलमा गजलकारले निर्दयी पापिनीको सम्झनामा तड्पिएको आफ्नो मित्रलाई सुझाव दिएका छन् । वास्तवमा रूप हेरेर मान्छे छान्नु र नजर जुधेकै भरमा पिरतीको डोरी बाट्नु तिम्रो गल्ती हो भन्दै आगामी दिनमा त्यस्ता व्यवहारप्रति सजग रहन आग्रह गरेका छन् ।

**गजल नं. ४१**

प्रस्तुत गजलमा आफ्नी प्रेमिकाले आफ्नो प्रेमीलाई कसरी बाँचेका छौँ ? भनी प्रश्न गरेका छन् । तिमी कतै मन जलाएर छाती चिरेर जवानी लुटाएर बाँचेकी छौ कि? भन्दै जिज्ञासा राखिएको प्रसङ्गलाई गजलमा प्रस्तुत गरिएको छ ।

**गजल ४२**

प्रस्तुत गजलमा गजलकारले विगतका घातप्रतिघातले टुटेको सम्बन्धलाई जोड्न विगतका सबै क्रियाकलाप छोडेर आएको र नयाँ जीवनको प्रारम्भ गर्न प्रतिशोधको भाव तोडेर आएको भन्दै प्रेमले सबैलाई एकै ठाउँमा उभ्याउन सक्ने सामर्थ्य बोकेको कुरा व्यक्त गरेका छन् ।

**गजल नं. ४३**

प्रस्तुत गजलमा गजलकारले विगतमा भएका गल्तीहरू सच्याउने सुझाव प्रदान गरेका छन् । आफू रुँदा उनी हाँसेको प्रसङ्गलाई लिएर भोलि आफू पनि रुनुपर्ने परिस्थिति आउन सक्छ भनी सोच्नुपर्ने तथ्यप्रति ध्यानाकर्षण गराएका छन् ।

**गजल नं. ४४**

प्रस्तुत गजलमा आफ्नी मायालुले प्रेम एवम् सहभावको भावना तोडेपछि आफू जलेको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ४५**

प्रस्तुत गजलमा गजलकारले आफैलाई सम्बोधन गर्दै आफ्नी प्रियसीले आफूलाई छाडेर अर्कैलाई मन पराएको आरोप लगाएका छन् । आफूमा सबै कुरा रहेको विश्वास गर्ने उनले प्रेमिका आफूलाई छोडी अरूलाई मन पराएपछि सपनामा उसकै नाम लिएर बर्बराएको र रात दिन खोजी गर्दा पनि नभेटिएका पुष्पजीलाई विभिन्न प्रश्न गरिएको छ ।

**गजल नं. ४६**

प्रस्तुत गजलमा गजलकारले सडकमा नै चिनजान भएकी प्रेयसीको एक नजरले आफू घायल बन्न पुगेको र हिजोको एक्लो मान्छे आज प्रेयसीका साथ भएर भाग्यमानी भएको र त्यहीँबाट अमर प्रेमको कहानी प्रारम्भ भएको भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ४७**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि' ले आफू कहिले शिशिर त कहिले वसन्तको बहारमा चलिरहेको छु भन्दै आफू जहाँ रहे पनि आफ्नी मायालुको मनको दोधारमा रहिरहेको र बसौँ उनकै मनको कारागारमा रहन चाहेको भाव व्यक्त गर्दै यसमा अन्यथा नसोच्न आग्रह गरेका छन् ।

**गजल नं. ४८**

प्रस्तुत गजलमा आफ्नी मायालुलाई न दूरभाषमा न पत्रमा कहीँ पनि नभेटे पछि वियोगी बन्दै प्रेमीले आफ्नी प्रेमिकालाई दिन ढल्दा कहाँ थियौ ? त्यस मुटुमा यस मुटुको सास चल्दा कहाँ थियौ भनी प्रश्न गरेको भाव व्यक्त गरिएको छ ।

**गजल नं. ४९**

प्रस्तुत गजलमा गजलकारले आफ्नो धोकेबाज मायालुसँग सामिप्य रहँदा मै वियोगको सन्त्रास रहेको यथार्थसँग मेलखान गएको प्रसङ्लाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ५०**

जीवन नै समथर नभई उथलपुथल भएको अवस्थामा जीवनका अवरोधरूपी पहाड पर्वतहरू खारेर समथर पारिदिन र आँसु झारी जीवनलाई फूलको बगैंचामा सारिदिन ईश्वरसँग अनुरोध गरिएको यस गजलमा जीवनका दुःख सुखलाई ढाल्नुपर्ने सहज अनुभूति भाव व्यक्त गरिएको छ ।

**गजल नं. ५१**

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रेयसीले आफू र आफ्नो प्रेमलाई कमजोर ठानेर बलेसी हुँदै खस्न बाध्य बनाएकी र सबैको अगाडि आफूलाई हाँसी मजाकको पात्र बनाइ दिएकी भन्दै दुखेसो प्रकट गरेका छन् । प्रेम असफल भएकाले जवानी जलेर खरानी भएको र मायालुले त्यही खरानी पनि आफूलाई घसी दिएको सन्दर्भलाई प्रस्तुत गरेर गजलकारले पीडाबोधको भाव व्यक्त गरेका छन् ।

**प्रस्तुत गजल नं. ५२**

प्रस्तुत गजलमा गजलकारले नेपालको वीरतापूर्ण इतिहासलाई कोट्याउँदै त्यसलाई संरक्षण गर्न आजका नेपालीहरूलाई सचेत गराएका छन् । आफ्नो इतिहास बिर्सेका नेपाली हिजो प्रवासमा रहँदा देश दुखेको, मन दुखेको, कुरा गर्ने तर आज देशको कठीन घडीमा कुनै वास्ता नगर्नेहरूप्रति खबरदारी गरेका छन् ।

**गजल नं. ५३**

प्रस्तुत गजलमा मायालुले प्रेमीसँग गरेका आग्रहलाई विषयवस्तु बनाइएको छ । आफू उनकै दिलभित्रकी रानी भएको भन्दै आफ्नो सामर्थ्यले भ्याएसम्म लागि पर्ने र मायालुको सिन्दुर पर्खेर बस्ने बाचा एवम् विश्वास दिलाउँदै यस विश्वासलाई छोडेर अङ्कुरित मायाको बिच जरैदेखि उखालेर फालेमा तिमीलाई पाप लाग्ला भन्दै सच्चा प्रेम जोगाउन अनुरोध गरिएको छ ।

**गजल नं. ५४**

आफ्नी मायालुलाई हेरेर कहिल्यै नअघाउने भाव व्यक्त भएको यस गजलमा मायालु नहुँदा सम्पूर्ण प्रकृति नै उदास हुने र घाम, जून, फूल पनि आफूसँगै रोएका हुन्छन् भन्ने अभिव्यक्ति प्रस्तुत भएको छ । प्रेमिकालाई टाढा नजान, आफ्नै काखमा रमाउन पनि आग्रह गरिएको छ ।

**गजल नं. ५५**

प्रस्तुत गजलमा गजलकारले आफ्नो विगतको स्मरण गरेका छन् । आफू युगौं युगसम्म बाँचिरहने सम्बन्ध गाँस्न चाहेको तर उपयुक्त नाताको अभाव रहेको भन्दै यस गजलमा सफल जीवनको खोजी गरिएको छ ।

**गजल नं. ५६**

प्रस्तुत गजलमा गजलकारले पुष्पजीबाट धोका खाएको प्रसङ्गलाई प्रस्तुत गरेका छन् । आफ्ना सुकोमल हातहरूले धेरै स्पर्श गर्न खोजेको तर पुष्पजीले सदैव हेप्ने काम गरेको भन्दै रुखो व्यवहारप्रति दुःख प्रकट गरिएको छ ।

**गजल नं. ५७**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुलाई कहाँ भेट्ने भन्नेबारे चिन्ता र चासो प्रकट गरेका छन् । आफ्नी मायालुलाई मन मिले तराईको फाँटमा, सुनसान रातमा

भेट्नु पर्ला भन्दै आफू मायालुकै यादमा व्यस्त रहेको, रातमा सपनाको खाका कोर्न व्यस्त रहेकाले रातमा निद चोर्न नआऊ प्रभातमा भेटौँला भन्ने प्रणय भावहरू व्यक्त गरेका छन् ।

**गजल नं. ५८**

प्रस्तुत गजलमा गजलकारले शहरी जीवनसँगसँगै सङ्कुचित हुँदै गएको मानवीय भावनाप्रति चिन्ता प्रकट गरेका छन् । आज सहर धुलो, धुवाँ र प्रदुषणबाट मात्र आक्रान्त नबनी वास्तविक मानवीय गुण सत्य, इमान्दारिताबाट समेत गिर्दै गएको, मान्छेले मान्छेको व्यापार गर्न थालेको हुँदा मानवतावादी चिन्तन प्रायः शून्य भएको यथार्थलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ५९**

प्रस्तुत गजलमा गजलकारले नेपालको दयनीय अवस्थाको चित्रण गरेका छन् । आफूमात्र नभई सम्पूर्ण नेपाली तथा आगन्तुकलाई समेत हँसाउने हिमाल, पहाड, तराई हाँस्न छोडेका, डाँफे, मुनाल र कस्तुरी नाच्न छोडेका, सगरमाथाले लज्जा बोध गर्दै शिर झुकाएको नेपालीहरूले पुर्खाको वीरतापूर्ण इतिहासको कदर नगरेको, प्राकृतिक सम्पदाको संरक्षण हुन नसकेकाले नेपालको अवस्था दयनीय बन्दै गएको यथार्थको अभिव्यक्ति यस गजलमा गरिएको छ ।

**गजल नं. ६०**

प्रस्तुत गजलमा गजलकारको राष्ट्रवादी चिन्तन अभिव्यक्ति भएको छ । हिजोको सुन्दर, शान्त, स्निग्ध, राष्ट्र नेपाल आज हत्या, हिंसाले आक्रान्त भएपछि मणि हराएको नागजस्तै जीवनहीन बनेको छ भन्ने भाव यस गजलमा प्रस्तुत छ ।

**गजल नं. ६१**

प्रस्तुत गजलमा गजलकारले आफू आफ्नै मायालुको यादमा जलेको छु भन्ने भाव व्यक्त गरेका छन् । हिजो आज झिनो आशाको त्यान्द्रोमा झुण्डिएर बाँचेको जीवनमा कुनै ऊर्जा र उत्साह नभएकाले बाहिर हेर्दा सबैले राम्रो देखे पनि भित्रभित्रै प्रेमरोगले जीर्ण भएको जीवनको भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ६२**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुसँगै रात बिताएर आफ्नो सर्वस्व सुम्पिए आफू हारेर पनि उनैलाई जिताएर आएको खुलासा गर्दै गजलकारले त्यस रातको

आलिङ्गन, स्पर्श र चुम्बन, बिर्सनै नसकेको भन्दै आफूले पनि आफ्नी मायालुलाई अमृत रस पिलाएर आएको भाव व्यक्त गरेका छन् ।

**गजल नं. ६३**

प्रस्तुत गजलमा गजलकारले आफ्नो विगत सम्झेर वर्तमानमा व्यथित बन्न पुगेको भावलाई प्रकट गरेका छन् । मध्यरातमा आफ्नी मायालुको यादले अझै व्यथा बल्झाएको, मुटु दुखाइ रहेको भन्दै प्रेम वियोग एवम् पीडाको भाव अभिव्यक्त गरेका छन् ।

**गजल नं. ६४**

प्रस्तुत गजलमा आफू आफ्नै मायालुका साथमा रहेको तर आफ्नी मायालुले देख्न नसकेको भन्दै मन नै दुषित भएको हो वा आँखा दुषित बनेका हुन् छुट्याउन नसकेको भाव व्यक्त गरिएको छ । तिमीलाई के भयो ? कहाँ दुख्छ भनी नसोधेको तर आफू सदैव उनकै साथमा रहेको विचारलाई यस गजलमा व्यक्त गरेका छन् ।

**गजल नं. ६५**

प्रस्तुत गजलमा गजलकारले  प्रीतिका स्वर्णिम बिहानीमा छुटेका मायालुलाई पर्खँदै बस्दा आफ्नो अमूल्य जवानी छुटेको प्रसङ्गलाई केन्द्रीय भाव बनाएका छन् ।

**गजल नं. ६६**

प्रस्तुत गजलमा घरको जग बलियो नभए भर पर्न नसकिने, दरिलो विश्वास भएमात्र अगाडि बढ्न सकिने भन्दै जिउनका लागि कसै न कसैको आधार चाहिने भावलाई व्यक्त गरिएको छ ।

**गजल नं. ६७**

प्रस्तुत गजलमा गजलकारले केही खोज्दै गर्दा केही हराउन पुगेको अनुभव गरेका छन् । गल्ती गरेको तर कहाँ कुन समय गल्ती भयो भन्ने बुझ्न नसकेको भावलाई यसमा केन्द्रीय कथ्य बनाइएको छ ।

**गजल नं. ६८**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुसँग मायाको संवाद नमाग्ने र क्षणभङ्गुर यौवन नमाग्ने भन्दै आफ्नै मायालुसँग हाँस्ने, बोल्ने अधिकार प्राप्त गरे आफ्ना लागि स्वतन्त्रता समेत नचाहिने भाव व्यक्त गरेका छन् ।

**गजल नं. ६९**

प्रस्तुत गजलमा गजलकारले नेपालको युद्धजनित वातावरणमा लडाकु दाजुभाइले वैमनस्य, काट्मार, रिसराग, हत्या, हिंसा त्यागेर अपनत्वको भाव विस्तार गर्नुपर्ने, अन्यथा जति लडे पनि लडाइँ निरर्थक बन्ने भन्दै सबै मिलेर नेपाल आमाको सपना साकार पार्नुपर्ने भाव व्यक्त गरेका छन् ।

**गजल नं. ७०**

प्रस्तुत गजलमा गजलकारले देशका नेताहरूको एकलौटी व्यवहारको आलोचना गर्दै उनीहरूका कुकर्महरूको आलोचना गरेका छन् । देश र जनताका पीडा, छटपटी र अभावहरूप्रति आँखा चिम्लने स्वार्थप्रवृत्तिका नेताहरूलाई जतिसक्दो रजाइँ गर, लुट गर नेताहरूलाई छुट छ भन्ने सशक्त व्यङ्ग्य गरेका छन् ।

**गजल नं. ७१**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुले दिएको अभिव्यक्तिबाट मानवहरू विभाजित हुन पुगेको र मनहरू दुर्घटित हुन पुगेको यथार्थलाई अभिव्यक्ति दिइएका छन् । आफू टुक्रिई मनहरू टुक्र्याएर पनि सम्बन्ध जोड्न सकिने आशा गरिएको भाव यहाँ प्रस्तुत गरेका छन् ।

**गजल नं. ७२**

प्रस्तुत गजलमा गजलकारले आफ्नो जीवन अरू कसैका कारणले भयभीत हुन पुगेको अवस्थाको चर्चा गरेका छन् । जसलाई आफ्नो सम्झियो उसैले प्रारम्भमा प्रशंसा गरी सगरमाथा चढाएर तल गिराइदिनाले लज्जित हुनुपरेको, हृदयमा घाउ लागेको र उक्त घाउलाई नै प्यारको निशानी मानी सञ्चय गरेको भाव यस गजलमा व्यक्त छ ।

**गजल नं. ७३**

प्रस्तुत गजलमा गजलकारले कुलतमा लागेकाहरूलाई कुलत छाडी जीवनका बारेमा समयमै सोच्न आग्रह गरेका छन् । दिनभर जुवातास, जाँड रक्सीमा मस्त हुने, घरकी श्रीमती र छोराछोरीलाई रूवाउनेहरूलाई समयमै सर्तक हुन आग्रह गर्दै अन्यथा भोलि परिवारबाटै अपहेलित हुनसक्ने अवस्थाप्रति सचेत गराएका छन् ।

**गजल नं. ७४**

प्रस्तुत गजलमा गजलकारले चम्किएकी चाँदनीलाई बगैंचामा फक्रन आग्रह गरेका छन् र  परोक्षमा चाँदनीरूपी आफ्नी मायालुलाई आफ्नो हृदयमा बास बस्न अनुरोध गरेका छन् ।

**गजल नं. ७५**

प्रस्तुत गजलमा गजलकारले मुटु जलाउने आफ्नी मायालुलाई प्रश्न गरेका छन् । शान्त तलाउमा ढुङ्गा हानेर तरङ्ग ल्याए झैँ आफ्नो शान्त हृदयमा पनि झुटो प्रेमको खेती गरेर र बाचा कसम खाएर, सरल, सोझो कहलाउनु नपरेको भन्दै आफ्नी प्रेयसीप्रति गुनासो प्रकट गरेका छन् ।

**गजल नं. ७६**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले जातीय समानताको भाव व्यक्त गरेका छन् । जातपात, छुवाछुत जस्ता कुसंस्कारले समाजमा नभई प्रेममा पनि बाधा पारेको अवस्थामा परम्पराका विरुद्धमा यहाँ आफ्नी मायालुलाई अनुरोध गरिएको छ । आफ्नी मायालुले विश्वास गरेका कुरा काट्नेहरूको मुख थुन्न अर्थात् उनीहरूको विरुद्धमा उभिन समेत तत्पर रहेको भाव प्रस्तुत भएको छ ।

**गजल नं. ७७**

प्रस्तुत गजलमा गजलकारले चञ्चल यौवनको चञ्चल व्यवहारको चर्चा गरेका छन् । केही समयसम्मकी सानी नानी आज मस्किने जवानीमा पुगेकी, निन्द्रामा बर्बराउन थालेकी, ऐनामा उभिएर अङ्गअङ्गलाई नियाल्न थालेकी, सरल शान्त स्वभावकी हिजोकी सानीले चौतर्फी दृष्टि दिन थालेकी भन्दै यौवनले उन्मत्त व्यवहारको चर्चा गरेका छन् ।

**गजल नं. ७८**

प्रस्तुत गजलमा गजलकारले दिल छुटेको र त्यही छुटेको दिललाई भुलाउन रक्सीको साथ चाहिएको चर्चा गरेका छन् । प्रेम वियोगले मनभरि दर्द, पीडा मात्र थोपरिदिएको भए पनि तिनै पीडाहरूलाई साथ लिएर जिउन विवश रहेको भाव व्यक्त गरेका छन् ।

**गजल नं. ७९**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि' ले आफ्नी मायालुको  अनौठो प्रेमकलाको वर्णन गरेका छन् ।

**गजल नं. ८०**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले समग्र नेपालीहरूको प्रतिनिधित्व गर्दै नेपालआमासँग आफ्ना गुनासा व्यक्त गरेका छन् । आजका युवा नेपालीहरू काम, माम र दामका लागि विदेश पलायन भई आत्म स्वाभिमान गुमाउन बाध्य रहेका भन्दै आफ्नो श्रम र सीप पोख्नका लागि आवश्यक लगानीको समेत अभाव रहेको नेपालमा नेपाली आफैमा ईर्ष्यालु बन्दै गएको यथार्थतालाई यस गजलमा अभिव्यक्ति दिइएको छ ।

**गजल नं. ८१**

समाजमा विद्यमान समाजिक विकृति जातीय भेदभाव, दाइजो प्रथा आदिका विरोधी गजलकार पुष्प अधिकारी 'अञ्जलि' ले प्रस्तुत गजलमा नितान्त आफ्नो जीवनको घटना र वैवाहिक प्रसङ्गको चर्चा आफ्नी जीवन सङ्गिनीका माध्यमबाट प्रस्तुत गरेका छन् ।

**गजल नं. ८२**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुले भेट्न छाडेको गुनासोलाई व्यक्त गरेका छन् । आफ्नी मायालुलाई विश्वास गरी व्यवहार गरेको तर आज उसैले रूवाएर गएको, आफू बदनाम भएको दुखेसो समेत गजलमा प्रस्तुत गरिएको छ ।

**गजल नं. ८३**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि' ले चुलो चौकामा सीमित नारीहरूलाई हिम्मतका साथ अगाडि बढ्नका लागि आग्रह गरेका छन् । भृकुटी र सीता, पासाङ् ल्हामु पनि नारी नै हुन्, नारीले पनि अमरत्व प्राप्त गर्न सक्छन्, अन्यायका विरुद्ध लड्न सक्छन् भन्दै नारीजागृतिको भाव व्यक्त गरेका छन् ।

**गजल नं. ८४**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुले धोका दिएको प्रसङ्गको चर्चा गरेका छन् । आफ्नी मायालुलाई माया गर्दा गर्दा मायालुको अविश्वासको आरोप सहन गर्नुपरेको, आफ्नो बेदनामी र बेइज्जत भएको भन्दै गजलकारले धोका दिने मायालुप्रति आक्रोश व्यक्त गरेका छन् ।

**गजल नं. ८५**

प्रस्तुत गजलमा मायालुले बाचा गर्दा रात साक्षी भएको प्रसङ्गको चर्चा गरेका छन् । मायालुसँग माया साट्दा, मन बाँड्दा आफू जागै रहेको, मायालुले प्रेममा ढाँटेको र

आश्वासन बाँडेको अवस्थामा समेत रात साक्षी रहेको प्रसङ्गको चर्चा यस गजलमा गरेका छन् ।

**गजल नं. ८६**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुसँग विछोड भए पछि मन बेचैन हुन पुगेको, दिन तिर्खाएर छट्पटिएर मर्नुपर्ने परिस्थिति रहेको, शून्य रातमा यादहरू छताछुल्ल भएर पोखिएको भन्ने जस्ता वियोगी भाव अभिव्यक्त गरेका छन् ।

**गजल नं. ८७**

प्रस्तुत गजलमा गजलकारले पहिलो भेटमा नै नजर जुधेको कुरा सत्य भए पनि त्यही नै चोखो प्रेम हो भन्ने कुराको कुनै अनुमान आफूले गर्न नसकेको भाव व्यक्त गरेका छन् । जति बेला प्रेम व्यक्त भयो त्यतिबेला ढिला भइसकेको र अहिले मिथ्या आरोप लगाउनु तिम्रो आक्रोशको उपज मात्र हो भन्दै आफ्नो कुनै पनि दोष नभएको कुरा व्यक्त गरेका छन् ।

**गजल नं. ८८**

प्रस्तुत गजलमा गजलकारले भौतिकवादी चिन्तनलाई कमजोर ठान्दै अमूल्य क्षणिक जीवनमा पैसाको महत्त्व नरहने मानवतावादी चिन्तन व्यक्त गरेका छन् । भोको पेटमा रामको भन्दा पनि मामको महत्त्व हुने, देवता हृदयभित्र नै हुने हुँदा घामको कुनै औचित्य नरहने भाव अभिव्यक्त भएको छ ।

**गजल नं. ८९**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि' ले नेपालीहरूको परामुखापेक्षी प्रवृत्तिको आलोचना गरेका छन् । राष्ट्रप्रेमी गजलकार 'अञ्जलि' ले नेपाली भाइहरू आफैमा लडाइँ गर्दा यसले विनाशको सङ्केत गरेको यथार्थलाई केन्द्रीय भावका रूपमा प्रस्तुत गरेका छन् ।

**गजल नं. ९०**

प्रस्तुत गजलमा कसैलाई हतारिएर प्रेमपत्र लेख्दा धोका भएको भाव प्रस्तुत भएको छ । झुपडीमा बसेर महलको सपना देख्नु, गन्तव्य बिना नै माझ धारमा पाइला टेक्नु नै गल्ती भएको स्वीकारोक्ति यस गजलमा व्यक्त गरिएको छ ।

**गजल नं. ९१**

प्रस्तुत गजलमा जीवनको क्षणिकताको चर्चा गरिएको छ । क्षणिक जीवनलाई खेलझैँ आनन्दमय मान्नुपर्ने र कष्टकर बन्धन सम्झे झेलसरी हुने भन्दै देशको न्यायप्रणालीको आलोचना गर्दै न्यायको किनबेच हुने परिस्थितिको चर्चा गरिएको छ ।

**गजल नं. ९२**

प्रस्तुत गजलमा गजलकारले आफूले माया गर्ने मान्छे कसैको मोहजालमा परेकी, आफूबाट बिछोडिएकी र अरूकै जालमा परेर धोका खाँदा आँसुको तालमा परेकी भन्ने जस्ता भाव प्रस्तुत गरेका छन् ।

**गजल नं. ९३**

प्रस्तुत गजलमा प्रेमिकाको सामीप्य र सुखभोगको चर्चा गरिएको छ । मायालुसँग कसिएको आलिङ्गनले रात मिठो भएको भन्दै शून्य रातमा दुई मुटु एक हुँदा र उत्तेजना पस्की सहवासमा मग्न हुँदाको आनन्दानुभूति यस गजलमा व्यक्त भएको छ ।

**गजल नं. ९४**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि' ले आफ्नी मायालु इन्दुको मन दुखाएर र विगतका भुल लुकाएर आएकाले आफूलाई माफ गर्न आग्रह गर्दै दोषीले माफ माग्नु पर्दछ भन्ने केन्द्रीय भाव व्यक्त गरेका छन् ।

**गजल नं. ९५**

प्रस्तुत गजलमा आफ्नी मायालुले आफ्नो दरभाउ सोधेको तर आफूलाई थाहा नभएको, आफ्नो स्तर छुट्याउन नसकेको, आफू झरेको फूल समान भएको र झरेको फूललाई बोटका बारेमा कुनै जानकारी नभएझैँ आफू पनि जवानीरूपी फूल झरिसकेको अवस्थामा पुगेकाले जीवनको दरभाउ र स्तरका बारेमा अज्ञात रहेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

**गजल नं. ९६**

प्रस्तुत गजलमा आफ्नी मायालु आफूले सोचेजस्ती नभएको गुनासो प्रस्तुत भएको छ । मायालुमा स्वच्छ, शान्त, शीतल आचरण र व्यवहार अपेक्षा गरेको तर उनी गन्हाउने र प्रदुषित सहरझैँ भएको भन्दै सोही कारण गुराँसझैँ फुल्नुपर्ने बेला मायालु बगरमा परिणत भएको कुरालाई प्रस्तुत गरिएको छ ।

**गजल नं. ९७**

प्रस्तुत गजलमा आफ्नी मायालुसँग सहायतता गरी दूर क्षितिज पुग्ने चाहना हुँदा हुँदै पनि त्यस चाहनालाई पूरा गर्न नसकेको, बिचैमा प्रेममा बिष मिसिएको र सपना सपनामै सीमित हुन पुगेको कारुणिक स्थितिको चर्चा गरिएको छ ।

**गजल नं. ९८**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि' ले मरेकालाई कसरी उठायौ र यतिका मलामी कसरी जुटायौ भनी आफ्नी मायालुलाई प्रश्न राखेका छन् ।

**गजल नं. ९९**

प्रस्तुत गजलमा गजलकारले वर्षायामको पानीको चर्चा गरेका छन् । यहाँ वर्षायामको पानीलाई आँसुको प्रतीकका रूपमा लिइएको छ । यही वर्षायामको पानीले आँखा भिज्न पुगेको, देह कञ्चन भएको, यौवन मन जलाउने आगोमा परिणत भएको अवस्थालाई गजलकारले यसमा प्रस्तुत गरेका छन् ।

**गजल नं. १००**

प्रस्तुत गजलमा आफ्नी मायालुको बिछोडमा हृदय दुखेको र आफ्नी मायालुलाई दुखेको घाउ निको गराउन झुकेर अनुनय गरेको, आफ्नो माया मायालुप्रति अपार रही रहेको भाव व्यक्त भएको छ ।

**गजल नं. १०१**

प्रस्तुत गजलमा गजलकारले अँधेरी रातमा माया साथमा हुनुको आनन्दलाई केन्द्रीय भाव बनाएका छन् । यहाँ मायालाई सराबसँग तुलना गरिएको छ । माया पिएरै लठिने नसा वा सराबझैँ भएको हुँदा माया साथमा रहेपछि सराबको खोजी गर्नु नपर्ने कुराको वर्णन गरिएको छ ।

**गजल नं. १०२**

प्रस्तुत गजलमा गजलकारले प्रेममा समर्पणको भाव अभिव्यक्त गरेका छन् । गजलकारले आफ्नी मायालुलाई जिताउन आफू हारेको, आफूले निरन्तर सङ्घर्षको मैदानमा सङ्घर्ष गरिरहे पनि मायालुको इज्जत बढाउन लागिपर्ने भाव प्रस्तुत गरेका छन् ।

### ४.२.४.३ बहर वा छन्द

पुष्प अधिकारी 'अञ्जलि'द्वारा प्रकाशित **मनभित्रको मन** गजलसङ्ग्रह उनको पहिलो पुस्तककार कृति हो । यस गजलसङ्ग्रहभित्र जम्मा १०२ वटा गजलहरू रहेका छन् । यस सङ्ग्रहमा सङ्कलित गजलसङ्ग्रहहरूको अध्ययन गर्दा अधिकांश गजलहरू लोकलयमा आधारित रहेका छन् भने केही गजलहरू शास्त्रीय छन्दमा संरचित छन् । यस सङ्ग्रहमा सङ्कलित गजलहरूमध्ये गजल नं. ३३ विद्युन्माला, गजल नं. ३४ स्रग्विणी, गजल नं. ४१, ४२, ४४, ५१ भुजङ्गप्रयात, गजल नं. ६६ मा तोटक छन्दको प्रयोग गरिएको छ र बाँकीमा लोकलयको प्रयोग गरिएको छ ।

### ४.२.४.४ लय

लय भन्नाले कुनै कुरा पढ्दा या उच्चारण गर्दा उत्पन्न हुने स्वाभाविक प्रवाह हो । लय उत्पन्न हुने विभिन्न कारण हुन सक्छन् । प्रस्तुत गजलसङ्ग्रह **मनभित्रको मन**मा अन्त्यानुप्रासको योजनाबाट लय सृजना गरिएको छ । शब्द प्रयोगमा एकरूपता र समानता प्रायः पाइएकाले यस सङ्ग्रहका गजलहरू प्रायः गेयात्मक बनेका छन् । यस सङ्ग्रहमा सङ्कलित एक सय दुईवटा गजलमा नै रदिफ र काफियाको उचित तालमेल पाइन्छ जसले गर्दा यस सङ्ग्रहका गजलमा लयात्मक पक्ष अझ सशक्त बनेको छ ।

### ४.२.४.५ भाषा शैली

गजललाई सम्प्रेषणयुक्त, प्रभावोत्पादक र रहस्योद्घाटक गुणले युक्त बनाउन सुललित भाव, स्पष्ट, सरल र सहज अभिव्यक्ति कला एवम् सुकोमल गुणयुक्त शब्दहरूको चयन एवम् सान्दर्भिक तथा स्वाभाविक शैली महत्त्वपूर्ण हुन्छन् । प्रस्तुत **मनभित्रको मन** गजलसङ्ग्रह पनि यसकै परिधिभित्र रही रचना गरिएको छ । अत्यन्तै सरल भाषा र सरस शैलीको प्रयोगका कारण सामान्य पाठकका लागि पनि यस सङ्ग्रहभित्रका रचनाहरू बोधगम्य बन्न पुगेका छन् ।

### ४.२.४.६ संरचना

गजलकार 'अञ्जलि'को **मनभित्रको मन** गजलसङ्ग्रहमा सङ्कलित गजलहरूको संरचनागत अवस्थालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

## मनभित्रको मन गजलसङ्ग्रहमा सङ्कलित गजलहरूको संरचनागत अवस्था

### तालिका सङ्ख्या १

| गजल नं. | पङ्क्ति सङ्ख्या | सेर सङ्ख्या | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 2 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 3 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 4 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | देशप्रेम |
| 5 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 6 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 7 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 8 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 9 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | देशप्रेम |
| 10 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 11 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 12 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 13 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 14 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 15 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 16 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 17 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 18 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 19 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 20 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 21 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 22 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 23 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 24 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |

| गजल नं. | पङ्क्ति सङ्ख्या | सेर सङ्ख्या | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|
| 25 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 26 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | सामाजिक विसङ्गति |
| 27 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | देशप्रेम |
| 28 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | सामाजिक विसङ्गति |
| 29 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 30 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 31 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | राजनीतिक विसङ्गति |
| 32 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 33 | 10 | 5 | √ | √ | √ | √ | x | विद्युन्नमाला | प्रेमप्रणय |
| 34 | 12 | 6 | √ | √ | √ | √ | √ | स्रग्विणी | प्रेमप्रणय |
| 35 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 36 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | राजनीतिक व्यङ्ग्य |
| 37 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 38 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 39 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | देशप्रेम |
| 40 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | औपदेशिक प्रवृत्ति |
| 41 | 10 | 5 | √ | √ | √ | √ | √ | भुजङ्ग प्रयात | प्रेमप्रणय |
| 42 | 12 | 6 | √ | √ | √ | √ | √ | भुजङ्ग प्रयात | स्वाभिमानी भाव |
| 43 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | औपदेशिक प्रवृत्ति |
| 44 | 12 | 6 | √ | √ | √ | √ | √ | भुजङ्ग प्रयात | आत्मपीडा |

| गजल नं. | पङ्क्ति सङ्ख्या | सेर सङ्ख्या | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|
| 45 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | नारीवादी स्वर |
| 46 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 47 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 48 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 49 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 50 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 51 | 10 | 5 | √ | √ | √ | √ | x | भुजङ्ग प्रयात | आत्मपीडा |
| 52 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | विसङ्गति |
| 53 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 54 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 55 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 56 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 57 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 58 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | सामाजिक विसङ्गति |
| 59 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | राष्ट्रवादी चेतना |
| 60 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | देशप्रेम |
| 61 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 62 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 63 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 64 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 65 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 66 | 10 | 5 | √ | √ | √ | √ | x | तोटक | आत्मपीडा |
| 67 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |

| गजल नं. | पङ्क्ति सङ्ख्या | सेर सङ्ख्या | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|
| 68 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 69 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | देशप्रेम |
| 70 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | सामाजिक विसङ्गति |
| 71 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 72 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 73 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | विसङ्गति |
| 74 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 75 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 76 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 77 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 78 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 79 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 80 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | वर्तमान विसङ्गति |
| 81 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 82 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 83 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | नारीवादी स्वर |
| 84 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 85 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 86 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | स्वाभिमानी |
| 87 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 88 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 89 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | मानवता |
| 90 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | स्वाभिमानी |

| गजल नं. | पङ्क्ति सङ्ख्या | सेर सङ्ख्या | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|
| 91 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 92 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 93 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 94 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 95 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 96 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 97 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 98 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 99 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | आत्मपीडा |
| 100 | 12 | 6 | √ | √ | √ | √ | √ | लोकलय | आत्मपीडा |
| 101 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | प्रेमप्रणय |
| 102 | 12 | 6 | √ | √ | √ | √ | x | लोकलय | नारीवादी चिन्तन |

माथिको तालिका अनुसार यस गजलसङ्ग्रहमा सङ्कलित गजलहरूमा गजल नं. ३३,४१,५१,६६ गजल दश पङ्क्ति र पाँच सेरका छन् भने अरू सबै गजलमा बाह्र पङ्क्ति र ६ सेर रहेका छन् । सबैमा मतला, मकता, काफिया र रदिफको प्रयोग भएको छ । यस सङ्ग्रहमा सङ्कलित १०२ गजलहरूमध्ये ३३ गजलमा तखल्लुसको प्रयोग भएको छ भने बाँकी ६९ गजलहरूमा तखल्लुस प्रयोग भएको पाइँदैन ।

## ४.२.४.७ निष्कर्ष

पुष्प अधिकारी 'अञ्जलि'द्वारा प्रकाशित **मनभित्रको मन** गजलसङ्ग्रह उनको पहिलो पुस्तककार कृति हो । यस गजलसङ्ग्रहभित्र जम्मा १०२ वटा गजलहरू रहेका छन् । यस कृतिमा सुरुका पृष्ठहरूमा विभिन्न सर्वोत्कृष्ठ साहित्यकारहरूले भूमिका, मन्तव्य र शुभकामना लेखहरू लेखेका छन् भने गजलको सुरुवात भएपछि सबैमा पेज नम्बर दिएको छ । 'अञ्जलि'को यस गजलसङ्ग्रहमा प्रस्तुत गजलहरूले विविध विषयवस्तुलाई समेटेका

भए तापनि मुख्य रूपमा देशको जटिल परिस्थिति, विविध घट्नाक्रम र राष्ट्रप्रेमका भावना नै यस गजलसङ्ग्रहमा बढी छचल्किएको पाइन्छ ।

सरस र सरल भाषाशैलीको प्रयोग गरी आफ्ना भावनाभूतिहरूलाई सहज र सटीक बनाएर कलात्मक संयोजन गरी रचना गरिएका गजलहरू श्रुतिमधुर र हृदयस्पर्शी छन् । कहीँ कहीँ भाषिक विचलनहरू देखापरे तापनि 'अञ्जलि'ले प्रेमभावलाई नै विशेष ध्यान पुऱ्याएको देखिन्छ ।

## ४.३ गजलकार पुष्प अधिकारी 'अञ्जलि'को स्वप्निल नयन गजलसङ्ग्रहको अध्ययन

चितवन जिल्लामा रहेर आफ्नो साहित्यिक सृजना परम्परामा सदा क्रियाशील देखिने स्रष्टा पुष्प अधिकारी 'अञ्जलि'को दोस्रो कृतिका रूपमा **स्वप्निल नयन** गजलसङ्ग्रह देखापरेको छ । यस सङ्ग्रहमा ६४ वटा गजलहरू रहेका छन् । यहाँ **स्वप्निल नयन** गजलसङ्ग्रहको अध्ययन गरिएको छ ।

### ४.३.१ परिचय

२०६४ सालमा हाम्रो मझेरी साहित्य प्रतिष्ठान, भरतपुर चितवनबाट प्रकाशित **स्वप्निल नयन** गजलसङ्ग्रह साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'को दोस्रो पुस्तककार कृति हो । पहिलो गजलसङ्ग्रह **मनभित्रको मन** भन्दा भिन्न रहेको यस गजलसङ्ग्रहको बाह्य आवरणमा एउटा आँखाले टुलुटुल हेरिरहेको देखाइएको छ । बादलका टुक्राहरूझैँ देखिने पृष्ठभूमिमा विभिन्न रङ्गहरूको प्रयोग गरिएको छ । साथै निलो अक्षरले सङ्ग्रहको नाम **स्वप्निल नयन** लेखिएको छ । त्यसको तल यस सङ्ग्रहका रचनाकारको नाम थर र उपनाम लेखिएको छ । कृतिको पछिल्लो भागमा (पृष्ठमा) गजलकारको जन्मस्थान, मिति, मातापिता, सम्मान तथा पुरस्कार र प्रकाशित कृतिहरूको नामावली उल्लेख गरिएको छ । यस कृतिलाई साहित्यकारले आफ्नी जीवन सङ्गिनी इन्दिरा, छोराहरू सुवास र सुलभप्रति समर्पण गरेका छन् ।

आफ्नो सृजनयात्राका क्रममा साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' आफ्ना सृजनालाई कविता तथा मुक्तक आदिका रूपमा मात्र सीमित नगरी गजलका क्षेत्रमा पनि

अगाडि बढाएका छन् । उनको साहित्यको उर्वर भूमि गजल विधा बन्न पुगेको छ । प्रस्तुत गजलसङ्ग्रहमा चौसठ्ठीवटा गजलहरू नै दश पङ्क्ति र पाँच सेरका छन् । कुनै गजलमा पनि सङ्ख्या घटबढ नहुनु, सबैमा बराबर सेर सङ्ख्या रहनु  यस सङ्ग्रहको निजी विशेषता बन्न पुगेको छ । यसभित्रका गजलहरूमा समसामयिक जीवन, राष्ट्रवादी चिन्तन, राजनीतिक व्यवस्था, अन्धविश्वास, कुरीति, प्रेमप्रणय, विरह, मानवतावादी दृष्टिकोण, मानवीय मूल्यको खोज आदिलाई प्रस्तुत गरिएको छ ।

## ४.३.२ केन्द्रीय कथ्य

कुनै पनि साहित्यिक रचना वा कथा, कविता, गजल, मुक्तक, नाटक, उपन्यास, आदिको रचना गर्दा विषय वस्तुको वा केन्द्रीय कथ्यको अनिवार्यता हुन्छ । स्रष्टाका आफ्ना जीवनका विभिन्न भोगाइ सुख, दुःखका निजी अनुभूतिहरू एवम् जगत्का विविध विकृति, संस्कृति त्यसप्रतिको आलोचना, समर्थन, विद्रोह आदिलाई केन्द्रीय कथ्य बनाएर स्रष्टाले आफ्नो सृजना धर्मलाई अभिव्यक्ति दिएको हुन्छ । यस **स्वप्निल नयन** गजलसङ्ग्रहमा सङ्कलित विभिन्न गजलमा प्रस्तुत केन्द्रीय भाव/कथ्यलाई तल प्रस्तुत गरिएको छ :

**गजल नं. १ समीप थिए**

प्रस्तुत शीर्षकको गजलमा मुटुको टुक्रा समानकी आफ्नी प्रेमिका आफू समीप हुँदा र टाढा हुँदाका दुःख र पीडालाई गजलकारले अभिव्यक्ति दिएका छन् । प्रेमीले प्रमिकालाई हिरा, मोती सुनचाँदीसँग तुलना गर्दै त्यसैमा आफू मग्न भएको भावलाई प्रस्तुत गरिएको छ ।

**गजल नं. २ साँच्चै देशको परिकल्पना**

यस गजलमा गजलकारले तत्कालीन राजनैतिक अवस्थाका बारेमा चर्चा गरेका छन् । दस वर्षे जनयुद्धका क्रममा परिवर्तनका खातिर थुप्रै मानिसले ज्यान गुमाउनु परेको पीडा बोध गरी अब परिवर्तित मुलुकको परिकल्पना गर्नुपर्ने तर्फ सचेत गराउँदै गजलकारले युद्धका क्रममा बेपत्ता बनाइएका, मारिएकाहरूका तथ्याङ्क र स्थिति सार्वजनिक हुनुपर्ने, हिजोका पशुवत् व्यवहार र कमजोरीहरूलाई हटाएर सहयोग र सद्भावको भावना विस्तार गरी सहमतियुक्त, संविधान लेख्नुपर्ने र सुन्दर, शान्त र उन्नत राष्ट्रनिर्माणमा एकमत हुनुपर्ने आग्रह गरेका छन् ।

**गजल नं. ३ कति निस्तो, कति**

यस गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि' ले मानव जीवनका पीडा तथा छटपटीहरूलाई प्रस्तुत गरेका हुन् । अमूल्य मानवीय जीवन पनि आजभोलि रस नभएको निस्तो, सस्तो र बैँस झरेको यौवन जस्तो भएको अनुभूतिलाई अभिव्यक्ति दिइएको यस गजलमा जीवनरूपी खेलमा सधैँ हार्नुपरेको, अभावै अभावले डसिरहेको, युद्धका विभिषिकाले सन्त्रस्त बन्नु परेको भन्दै मानवीय जीवनका चोट तथा पीडाहरूलाई विभिन्न सन्दर्भका साथ प्रस्तुत गरिएको छ ।

**गजल नं. ४ अझै यहाँ जनताको**

यस गजलले देशको विकृत राजनैतिक व्यवस्थालाई केन्द्रीय कथ्य बनाएको छ । ०६२।०६३ को जनआन्दोलनपछि देशमा पक्कै आमूल परिवर्नत हुन्छ भन्ने आशा सबैमा थियो भन्ने भाव भएको प्रस्तुत गजलले जनताका आशा आशामै सीमित रहने सम्भावनालाई प्रस्तुत गरेको छ । नेताहरूका पुरानै विचार-शैली र सत्ताको हतारोले गर्दा कुनै परिवर्तनको अनुभूति जनताले गर्न नसकेको दयनीय अवस्थाको चर्चा गजलमा गरिएको छ ।

**गजल नं. ५ किन होला दाहिने**

किन होला दाहिने शीर्षकको यस गजलले नेपाली समाजमा रहेको परम्परागत सामाजिक विश्वासलाई प्रस्तुत गरेको छ । एकाबिहानै आँगनमाथि काग गराउनु, अँगेनामा आगो भर्भराउनु, दाहिने आँखो फर्फराउनुले आफ्ना प्रियजन वा आफन्तको आगमन तथा उनीहरूको खबर प्राप्तिको लक्षणलाई सङ्केत गर्दछ भन्ने सामाजिक विश्वासलाई आधार बनाएर लेखिएको यस गजलमा आँखामा नीद हराउँदा, एकान्तमा टोलाउँदा, बाडुल्की लाग्दा आफ्नै प्रियजनको याद आएको प्रसङ्गको चर्चा गरिएको छ ।

**गजल नं. ६ नफुल्दै फूल**

रङ्गविरङ्गका पत्रहरू, सुन्दर मनमोहक सौन्दर्य, सर्वत्र सुवासित सुगन्ध एवम् सुवासको कल्पना गरी रोपेको फूल फुलेर पनि कोपिलामै झरेर गएपछिको पीडालाई यस गजलमा गजलकारले मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

**गजल नं. ७ नारी मनको सौन्दर्यात्मक**

नेपाली गजल सहित्यकै कुशल स्रष्टा पुष्प अधिकारी 'अञ्जलि' ले यस गजलका माध्यमले नारी मनको सौन्दर्यात्मक पक्षलाई परिभाषित गरेका छन् । यसमा गजलकारले

गजललाई दुई आत्माको धड्कन, शब्द अलङ्कारको भावमूर्ति, भाव श्रुतिमधुर रस मान्दै घरकी मोती, सौन्दर्यकी प्रतिमूर्ति नै गजल हो भन्ने भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ८ को हौ मेरो प्यारमा**

प्रस्तुत गजलमा गजलकारले मानिसको स्वार्थी प्रवृत्तिको चित्रण गरेका छन् । आजको मानव अरूलाई दुःख, पीडा दिएर आफू हाँस्छ र मानव मानवकै निमित्त समर्पित हुनुपर्दछ भन्ने मानवतावादी सोच हराएकाले आज मानवीय आदर्शको अवमूल्यन हुँदै गएको छ भन्ने भाव भएको यस गजलमा  अरूलाई लडाएर आफू खुशी हुने, अरूलाई अलपत्र पारेर त्यसैमा रमाउने स्वार्थी मानसिकताको चर्चा गरिएको छ ।

**गजल नं. ९ मोलमोलाइमा मेरो**

प्रस्तुत गजलमा गजलकारले वर्तमान मानव जीवनको अस्तित्व सङ्कटमा परेको सन्दर्भलाई कोट्याएर अस्तित्वविहीन मानवीय जीवनको चर्चा गरेका छन् । आज मानवको अमूल्य जवानी पुतलीसरह बिक्री गर्न सजाइएको वस्तु भएको छ, त्यसैको मोलमोलाइमा होड चलको छ त्यसकारण आजको मान्छेले सपना सजाउन समेत सकेको छैन भन्ने भाव भएको यस गजलमा गजलकारले आफ्नो जीवनको कहानी नसोध्न आग्रह गरेका छन् ।

**गजल नं. १० पलपल आँखाबाट**

पलपल आँखाबाट शीर्षकको गजलमा प्रेमप्रणय, वियोग र विरहलाई मुख्य विषय बनाइएको छ । माया खरानीमा परिणत भएको, जीवन एक्लो भएको र एक्लो जीवन बाँच्दा गाउँबस्ती शून्य लाग्ने पीडा सहन नसकिने र आँसुमा परिणत जीवन मरेतुल्य भएको अनुभूतिलाई गजलकारले प्रस्तुत गरेका छन् । अरू घात सहन सकिने तर प्रेमघात मुटुको शूल बन्ने हुँदा ईश्वरसँग आफ्नो मायालु र मायालाई फर्काइ दिन गजलकारले आग्रह गरेका छन् ।

**गजल नं. ११ म राजा तिमी**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले आफू र आफ्नी मायालुको घनिष्ट सम्बन्धको चर्चा गरेका छन् । आफू राजा भए उनी रानी हुने र मायालु जीवनका लागि आँखाको नानी झैँ महत्त्वपूर्ण भएको प्रेमाभिव्यक्ति यस गजलमा प्रस्तुत भएको छ ।

**गजल नं. १२ बोलाएँ सुनिनौ**

बोलाएँ सुनिनौ शीर्षकको गजलमा आफूलाई माया गर्ने मायालुलाई बोलाउँदा नसुने पछिको पीडालाई गजलकारले प्रस्तुत गरेका छन् । इसारा नबुझ्ने मायालु झर्केर नफर्कि हिँडेपछि छाती झन् चर्केर जाने पीडाको प्रस्तुति यस गजलको केन्द्रीय कथ्य बनेको छ ।

**गजल नं. १३ हजार खोला तर्न**

हजार खोला तर्न तिमी भन्छ्यौ भने भन्दै आफ्नी मायालुका लागि आफूले जे गर्न पनि तयार हुने समर्पणको भावलाई यस गजलमा गजलकारले अभिव्यक्ति दिएका छन् । प्रेम प्राप्ति मात्र होइन त्याग पनि हो भन्दै गजलकारले प्रेममा सहमति हुनुपर्ने, सहमतिका लागि आफू जति तल झर्न पनि तयार रहेको र आफ्नी मायालुका लागि मृत्यु, डर, त्रास धम्कीबाट कत्ति पनि भयभीत नहुने यस गजलमा व्यक्त गरेका छन् ।

**गजल नं. १४ सपना सबै जल्यो**

सपना सबै जल्यो शीर्षकमा रचित यस गजलमा चाहनाहरू पूरा हुन नसक्दाको पीडालाई प्रस्तुत गरिएको छ । जीवनभर जसले सहारा दिन्छ भन्ने अपेक्षा गरिएको थियो उसैबाट अर्थात् प्रेमिकाबाट छल भएपछि जीवनको सपना र आस्थाको जग ढल्न पुगेको, शिखर चुम्ने लक्ष्य स्वयम् अठोटहरूसँग पराजित हुनुपरेको पीडालाई गजलकारले यस गजलमा मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

**गजल नं. १५ कसिलो त्यो बाहुपाशमा**

प्रस्तुत गजलले आफ्नी प्रेमिकाप्रति गहिरो लगाव रहेको चर्चा गर्दै बाहुपाशमा आफूलाई बाँध्नका लागि प्रेमिकासँग अनुरोध गरेको भावलाई अभिव्यक्त गरिएको छ । बैंसको उन्मादमा चञ्चल मनलाई स्थिर राख्नुपर्ने कुरातर्फ सचेत गराउँदै यस गजलमा आफ्नो सम्झे टाढाको पनि आफन्त हुनसक्छ त्यस कारण आफूमाथि प्रेमिकालाई विश्वास गर्न आग्रह गर्दै आफ्नो साथ मायालुप्रति रहने भावलाई प्रस्तुत गरिएको छ ।

**गजल नं. १६ जनता जनार्दनले**

प्रस्तुत गजलमा 'अञ्जलि'ले २०६२/०६३को जनआन्दोलनको भावनालाई मुख्य विषय बनाएका छन् । सबैलाई संरक्षण गर्नु पर्ने दरबार दिनप्रतिदिन षडयन्त्रको घर बन्दै

गएको सत्य, इमानबाट विचलित हुँदै गएको, मीठा सपना देखाएर जनतालाई झुलाउने र कुकर्म बढ्दै गएको, दरबारिया षडयन्त्रले गर्दा जनतामा राजसंस्थाप्रति नै वितृष्णा जागेको र लोकतन्त्र प्राप्तिको चाहना तीब्र भएको भावलाई गजलकारले यस गजलमा प्रस्तुत गरेका छन् ।

**गजल नं. १७ हरपल उनकै भाथैं**

हरपल उनकै भाथैं शीर्षकको प्रस्तत गजलमा अतीतको स्मरण गरिएको छ । वर्तमानको तितो अनुभूतिलाई मेटाउन अतीतको मिठो स्मरण गर्दै गजलकारले आफ्नी प्रेमिकालाई पूर्णिमाको जूनसँग दाँजेका छन् ।

**गजल नं. १८ देख्दै छु तिमीबिना**

प्रस्तुत गजलमा गजलकारले प्रेम वियोगको पीडालाई प्रस्तुत गरेका छन् । प्रेम वियोगले छटपटिएका गजलकारले हरेक रहर र सहरलाई शून्य देखेका छन् । स्मृतिमा रहेको प्रेम पीयुष पनि आज जहरमा परिणत भएको, हिजोकी मन्दिरकी देवी आज पत्थरमा परिणत भएको अनुभूतिलाई प्रस्तुत गजलमा वर्णन गरिएको छ ।

**गजल नं. १९ सेतो अग्लो हिमाल**

सेतो अग्लो हिमाल शीर्षकको प्रस्तुत गजलमा गजलकारको राष्ट्रवादी चिन्तन प्रस्तुत भएको छ । राष्ट्रप्रेमले प्रेरित भएर छातीभित्र मेची, महाकाली अनि सेता, अग्ला हिम शिखरहरू सजाउँदै नेपाल आमाको कोमल काखलाई सिरानी बनाउने चाहना व्यक्त भएको यस गजलमा गजलकारको पुर्खाको वीरता एवम् सहिदको रगतले सुरक्षित गुराँस र सुनाखरी फुल्ने पाखाहरूमा डाँफे र मयूरझैं सधैं स्वतन्त्र र उन्मुक्त भई बाँच्ने इच्छा व्यक्त भएको छ ।

**गजल नं. २० अँध्यारो सबै तिम्रो**

अँध्यारो सबै तिम्रो शीर्षकको यस गजलमा प्रेमालापमा निमग्न रहँदा रिसाएकी आफ्नी प्रेमिकालाई फकाउन प्रेमीले जस्तोसुकै वाचा, बन्धन गर्नुपर्ने वा त्याग गर्नुपर्ने भाव व्यक्त भएको छ । प्रेममा जित हारको भाव रहनु हुन्न, त्याग र समर्पणको सोच रहनुपर्छ भन्दै गजलकारले यस गजलमा लज्जाबोध गरेर टाढा हुन खोज्ने प्रेमिकालाई निसङ्कोच आफ्नो समीपमा आउन आग्रह गरेका छन् ।

**गजल नं. २१ क्रान्तिको आगो अब**

प्रस्तुत गजलमा जनता मैत्री हुन नसक्ने तानाशाही प्रवृत्तिको विरोध गर्दै निरङ्कुश राजतन्त्र विरुद्ध क्रान्तिको आगो सल्काएर जनताको हक अधिकार सुरक्षित गर्ने गणतन्त्रात्मक शासन व्यवस्थाका लागि सडकबाटै सङ्घर्ष गर्नु पर्ने र त्यसकै माध्यमबाट दासताको विषवृक्षको अन्त्य गर्नुपर्ने राजनैतिक चेतनालाई प्रस्तुत गरिएको छ ।

**गजल नं. २२ कसले कान भऱ्यो कुन्नि**

प्रस्तुत गजलमा गजलकारले विश्वासको सङ्कटले माया प्रेममा पार्ने समस्याको चर्चा गरेका छन् । प्रेमजस्तो अमूल्य, पवित्र र आत्मीय सम्बन्धमा पनि जब अविश्वास बढ्दै जान्छ तब प्रेमजस्तो पवित्र विषय पनि दुर्गन्धित बन्न पुग्ने र दुई शरीर र एक आत्माका बिचमा पनि चर्को द्वन्द्व हुने वास्तविकतालाई प्रस्तुत गर्दै प्रेममा सफल हुन एकले अर्कामाथि विश्वास गर्नु पर्ने वास्तविकतालाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ ।

**गजल नं. २३ एकादेशमा राजा थिए**

प्रस्तुत गजलमा गजलकारले राजतन्त्रको इतिहासको चर्चा गरेका छन् । यसमा गजलकारले राजतन्त्रको प्रारम्भका राजा सबका साझा भएका, राजाको जीवनशैली र व्यक्तित्व सरल भएको तर पछिल्ला चरणका राजाहरूमा महत्त्वाकाङ्क्षा बढ्दै गएकाले जनतालाई सताएर जनताकै शिकार गर्न थलोको यथार्थलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. २४ उस्तै उस्तै मान्छेका**

उस्तै उमेर, अवस्था र परिस्थितिका मान्छेहरू समान हुन्छन् भन्ने भावलाई प्रस्तुत गजलमा केन्द्रीय कथ्यका रूपमा चर्चा गरिएको छ ।

**गजल नं. २५ देखेको छु हिजो आज**

यस गजलमा वर्तमान युगमा मानवताको किनबेच, मानवताको विभेद भएर मानवता विखण्डित हुँदै गएको अवस्थाप्रति गजलकार पुष्प अधिकारी 'अञ्जलि'को चिन्ता अभिव्यक्ति भएको छ । सर्वश्रेष्ठ प्राणीका रूपमा रहेको मानव जब मानवबाट अवतरित हुँदै पशुतिर पुग्न थाल्छ तब जीवन भयावह र कोलाहलपूर्ण हुन पुग्छ भन्ने कुराको चर्चा यस गजलमा गजलकारले गरेका छन् ।

**गजल नं. २६ अहो ! तिनी त कसैबाट**

प्रस्तुत गजलमा गजलकारले आफ्नी सङ्गीले आफ्नो बैँसलाई सम्हाल्न नसकेको र प्रसादका रूपमा सबैलाई बाँडेको चर्चा गरेका छन् र प्रेमिकालाई बरबाद नहुन सचेत गराएका छन्, आग्रह गरेका छन् ।

**गजल नं. २७ कुरा अलिकति**

प्रस्तुत गजलमा गजलकारले फराकिलो मन बोकेर आपसी वैमनस्यतालाई हटाई प्यारको भाव विकसित गर्न र सधैँ आफ्ना लागि मात्र नभई देशको उन्नति तथा प्रगतिका लागि समर्पित हुन सबैसँग आग्रह गरेका छन् ।

**गजल नं. २८ सम्झनाको भूगोल भित्र**

आफूले चाहेको व्यक्ति वा मायालुको सम्झनामा आफू अटाउननसकेको, आफूले उनको हातबाट वरमाला पहिरन चाहेको तर आफ्ना चाहनाहरू अतृप्त बनेको भावलाई गजलकारले यस गजलमा प्रस्तुत गरेका छन् ।

**गजल नं. २९ न जूनले न घामले**

प्रस्तुत गजलमा गजलकारले जीवनको निस्सारता एवम् अर्थहीनताको अवस्थालाई प्रस्तुत गरेका छन् । आस्तिक भएर पनि घामले नचिनेको, नाम भएर पनि अपरिचित हुनुपरेको, सामाजिक सेवामा समर्पित हुँदा आफ्नो कामको समेत मूल्याङ्कन नभएको र प्रगति शून्यमा बिलाएको भावलाई गजलकारले प्रस्तुत गरेका छन् ।

**गजल नं. ३० मैले तिम्रो स्वाभिमान**

मैले तिम्रो स्वाभिमान शीर्षकको यस गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले यथार्थसँग परिचित हुन नसक्दा र यथार्थतालाई स्वीकार्न नसक्दा भ्रम हुन सक्ने सम्भावनालाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ३१ घर गोठ मान्छे जलाई**

प्रस्तुत गजलमा राजनैतिक विकृतिको चर्चा गरिएको छ । देश र जनताको हितमा आफूलाई समर्पित गरेको भाषण गर्नेहरू नै इमान्दार नभएकाले उनीहरूसँग सदाचार, सद्व्यवहार एवम् विश्वासको अपेक्षा गर्न नसकिने तितो यथार्थलाई यस गजलमा उल्लेख गरेका छन् ।

**गजल नं. ३२ कतै कतै तिम्रो**

आफू आफ्नै मायालुको आसपासमा भएको आफ्नै मायालुको कञ्चन पवित्र मनरूपी आकाशमा स्वच्छन्द बनी विचरण गरेको प्रणय भावलाई यस गजलमा गजलकारले प्रस्तुत गरेका छन् ।

**गजल नं. ३३ भोको पेट र नाङ्गो आङ्मा**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि'को नारीवादी चिन्तन प्रस्तुत भएको छ । पितृ सत्तात्मक हाम्रो समाजमा नारीहरूको पीडा, भोकै पेट लिएर बाँच्नु पर्ने बाध्यता र विवशताका बिच हास्नुपर्ने, रहरहरू मनमा नै साच्नुपर्ने, मन नहुँदा पनि पराइसँग नाता गाँस्नुपर्ने र परपुरुष दृष्ट भए पनि देवतासरह पुज्नु पर्ने नारीहरूका पीडालाई यस गजलमा गजलकारले प्रस्तुत गरेका छन् ।

**गजल नं. ३४ मनको इजलाशमा**

प्रस्तुत गजलमा गजलकारले मायालुसँग आफ्ना भावना गुनासाहरू सुनिदिन आग्रह गरेका छन् । चित्त नबुझे मनको इजलासमा मुद्धा हाल्न, कठघरामा उभ्याउन आग्रह गर्दै आफू सबै सहन तयार रहेको तर आफ्नो अपमान नगर्न मायालुसँग गजलकारले अनुरोध गरेका छन् ।

**गजल नं. ३५ तिमी भन्दा मलाई**

प्रस्तुत गजलमा गजलकारको प्रेमप्रणयको भाव अतिशयोक्ति ढङ्गले प्रस्तुत भएको छ । प्रियसीको नाउँ, उनी बस्ने ठाउँ, उनको हाउभाउ अनि मायालुको पाउ अझै उत्कृष्ट र प्रिय भएको भावलाई यस गजलमा प्रस्तुत गरिएको छ ।

**गजल नं. ३६ तिम्रै चरणमा दास**

प्रस्तुत गजलमा गजलकारले आफ्नो जीवन मायालुकै दास भएको, नियतिले उपहास गरेको, उत्साह मारेर निरास भएको फूल पनि फिक्का भएको अनुभूतिलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ३७ हौसला बुलन्द भए**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले जनता नै सबैभन्दा शक्तिशाली हतियार हुन् तसर्थ जनताका विचार र भावनाको कदर गरी काम गर्न सके

मतियारको आवश्यकता नपर्ने, देश र जनताप्रति सचेत भई काम गरे पदबिना पनि देश र जनताको सेवामा समर्पित हुन सकिने भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ३८ के सम्झूँ तिमीलाई**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि'ले मायालुलाई मदिरा वा पानी केका रूपमा लिने भन्ने विषयमा अन्यौल रहेको भाव व्यक्त गरेका छन् । विगतका प्रेमालापपूर्ण व्यवहारको स्मरण गर्दै आफ्नी मायालुसँग आँखाआँखाबाट बात हुने, असारे पानीमा आफूले हेर्दा मायालु लजाउने गरेका क्रियाकलापहरू स्मरण गरेका छन् ।

**गजल नं. ३९ झन्डा बोक्यौ नारा**

राष्ट्रप्रेमी गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले यस गजलमा निःस्वार्स्थ रूपमा राष्ट्र र जनताको मुक्तिका लागि सङ्घर्ष गर्ने व्यक्तिहरूबाट निम्न वर्गीय र निमुखा जनताको आशा र विश्वासमाथि खेलबाड भइरहेको, महलमा बस्नेहरूका लागि सधैँ लोकतन्त्र भएको तर दीन दुःखीहरूलाई कहिल्यै राहत नभएको कटु यथार्थलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ४० आगो जस्तै**

प्रस्तुत गजलमा गजलकारले दुर्योधनको पञ्जाभित्र पर्दा शकुनीको बस्तीमा जीवन चलाउन कठिन भएको र भित्र कतै ढुकढुकी मात्र चलेको भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ४१ पत्थर सम्झी बिनासित्ती**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले आजका अदूरदर्शी र अविवेकी मानिसका विवेकहीन कार्यको चर्चा गरेका छन् । अकबरी सुनलाई गाल्न खोज्नु, अमूल्य चीजलाई पत्थर सम्झनु, शान्त मनमा ज्वारभाटा उठाउनु, आफै बस्ने घरमा आगो लगाउनु जस्ता कमजोरीपूर्ण व्यवहारको पनि यस गजलमा गजलकारले चर्चा गरेका छन् ।

**गजल नं. ४२ माया गर्ने मायालुको**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि'ले प्रणयभावलाई प्रस्तुत गरेका छन् । मुस्कुराउने अधरहरू जून जस्तै लागेको विचारलाई यसमा केन्द्रीय कथ्यका रूपमा गजलकारले प्रस्तुत गरेका छन् ।

**गजल नं. ४३ घाउ छ दिलमा देखाऊँ**

प्रस्तुत गजलमा गजलकारले दिलमा घाउ भएर पनि देखाउन नसकेको र लुकाएर पनि बस्न नसकेको पीडापूर्ण अवस्थालाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ४४ आफ्नो कमाई कस्तो**

गजलकारले प्रस्तुत गजलमा श्रमपूर्ण, स्वाभिमानी र आत्मनिर्भर जीवन बाँच्नुपर्ने धारणा राख्दै बाबु आमाले कमाएको सम्पत्तिमा मोज गर्ने आजका अविवेकी युवाहरूलाई आफ्नो कमाइ कस्तो हुन्छ ? कमाएर हेर्न र पसिनाको मोल बुझ्नका लागि आग्रह गरेका छन् ।

**गजल नं. ४५ सधैं उस्कै हनुमान**

प्रस्तुत गजलमा गजलकारले कसैको हनुमान बनेर, चाकरी, चाप्लुसीबाट आफ्नो नाम र दाम आर्जन गर्न खोज्ने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेका छन् । शक्ति र सत्ता सम्पन्न मानवको पछि लागेर आफ्नो जीवनमा कायापलट रुचाउने प्रवृत्तिको चर्चा गर्दै त्यस्तो प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

**गजल नं. ४६ यो मन**

प्रस्तुत गजलमा गजलकारले आफ्नी मायालुसँग बन्धन टुटे पछि मन दुखेको, कैयौँ समयदेखि आँखाहरू मायालुकै यादमा डुबेर रोएका र जीवन तमासा बन्न पुगेको पीडालाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ४७ टोक्नै सक्दैनौ भने**

प्रस्तुत गजलमा गजलकार 'अञ्जलि'ले आफ्नै शक्ति, साधन र स्रोत पहिचान नगरी सधैं अर्काको आदेश तथा निर्देशनमा गतिशील हुने कुकुररूपी प्रवृत्तिको चर्चा गरेका छन् । आफूलाई महान् ठान्ने आजका मानिसहरू स्वयम् आफ्नो पहिचान गुमाएर आफ्नो देशको बदनाम गर्दै दुनिया सामु झुकेका छन् भन्दै यस्तो मानसिकता भएका मानसिहरूका प्रवृत्तिप्रति आक्रोश व्यक्त गरिएको छ ।

**गजल नं. ४८ तिम्रो मनको बलेसीमा**

नाफा र नोक्सानको हिसाब किताब नहुने अमूल्य प्रेममा एकाएक आफ्नै मान्छेले प्रेमको मूल्य तोकिपछि, सारा खुशीहरू खोसिएपछि ती पल र क्षणहरूका सम्झनाले आँसु बन्न थालेका र हिजो वाह ! भनी गर्नेहरूबाट नै आज बदनामी र उपेक्षित हुनुपरेको पीडालाई गजलकारले प्रस्तुत गरेका छन् ।

**गजल नं. ४९  माग्छ्यौ भने जून तारा**

प्रस्तुत गजलमा गजलकारको राष्ट्रप्रेमको भाव एवम् प्रेम समर्पणको भाव सशक्त बनेर एकसाथ प्रकट भएको छ । राष्ट्रप्रेमी कवि एवम् गजलकार 'अञ्जलि'लाई आफ्नै फेवा र रारा ताल श्रेष्ठ छन् । तसर्थ आफ्नी प्रेयसीलाई उपहारस्वरूप यी सारा कुरा दिन तयार रहेको समर्पणको भाव प्रकट गरेका छन् ।

**गजल नं. ५० नारी छन् र त पुरुषको**

नारी छन् र त पुरुषको शीर्षकको यस गजलमा गजलकारको नारीवादी चिन्तन सशक्त बनेर प्रकट भएको छ । सृष्टिकी सञ्चालिका नारी बिना संसारको कल्पना नै गर्न सकिँदैन र नारी पुरुषकी दासी बनेर पनि छातीभित्र पीडा दबाएर पनि समस्याका बिचमा साहस बटुलेर घर सम्हाल्न सक्ने क्षमताकी छन् भन्दै नारीको महिमा गाउँदै त्यसैको आडमा पुरुष रहेको भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ५१  बयान गऱ्यौ बेहिसाबै**

प्रस्तुत गजलमा गजलकारले आफ्नी प्रेमिकाले आफ्नो बेहिसाब बयान गरे पछि आफू लाजले पानी पानी भएको र आफू मायालुको सिरानी बन्न पुगेको, मायाको प्राणी भएको प्रणय भावलाई प्रस्तुत गरेका छन् ।

**गजल नं. ५२. जन्म जन्म तिम्रै हुने**

जन्म जन्म तिम्रै हुने शीर्षकको यस गजलमा गजलकार 'अञ्जलि' आस्तिक बनेका छन् । आफ्नी प्रेयसीसँग जुनीजुनीसम्म सँगै रहने, सबैलाई जित्न ईश्वरसँग आशीर्वाद माग्ने भाव यस गजलमा प्रस्तुत भएको छ ।

**गजल नं. ५३ उत्साहका पाइतालाले हिमाल**

राष्ट्रवादी गजलकार पुष्प अधिकारी 'अञ्जलि' को राष्ट्रवादी चिन्तन यस गजलमा व्यक्त भएको छ । आपसी रिस, राग, वैमनष्यता परित्याग गरी नेपालको हितका लागि लाग्न आवश्यक रहेको र सामन्ती संस्कार निर्मूल गरी गाउँघर बस्तीका घाउहरूमा मलम लगाउनु पर्ने मानवतावादी एवम् राष्ट्रवादी चिन्तन नै यसको केन्द्रीय कथ्य बनेको छ ।

**गजल नं. ५४ थोपा थोपा तृष्णाको**

प्रस्तुत गजलमा गजलकारले मानवीय जीवनको चर्चा गरेका छन् । मानवीय जीवन तृष्णा नै तृष्णाका बिचमा रहेको, मान्छेको स्वभाव छलकपटले युक्त भएको, रगत चुस्न

पल्केकाहरूको जीवन रवाफपूर्ण रहेको विसङ्गत पक्षको चर्चा नै यस गजलको केन्द्रीय कथ्य बनेको छ ।

**गजल नं. ५५ उपहासमा बल्भिएका**

प्रस्तुत गजलमा गजलकारले सामाजिक व्यवस्था र निम्नवर्गीय जीवनका पीडाहरूलाई मर्मस्पर्शी रूपमा प्रस्तुत गरेका छन् ।

**गजलन नं. ५६ अहो ! चाँदनी बनेर**

प्रस्तुत गजलमा आफ्नी मायालुले आफूलाई विध्न मन पराएकामा आश्चार्य भाव प्रकट गरेका छन् र आफ्नी मायालु चाँदनी बनेर आएकी, फूलझैँ मुस्कुराएकी भन्दै मायालुको वर्णन गरेका छन् ।

**गजल नं. ५७ आफ्नै मुटु सम्झी**

प्रस्तुत गजलमा आफ्नो मनमुटु सुम्पिएकी मायालुलाई आफ्नो संसार कस्तो छ ? भनी प्रश्न गर्दै आफ्नो जीवनलाई सजाउने सम्पूर्ण अधिकार आफ्नी मायालुलाई दिएको समपर्ण र प्रणय भाव प्रस्तुत भएको छ ।

**गजल नं. ५८ म माग्छु ती बिहानी**

प्रस्तुत गजलमा गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले आफ्नी मायालुको प्राण, कहानी, भिजेको सिरानी र जवानी समेत सबै आफूलाई दिन मायालुसँग अनुरोध गरेका छन् ।

**गजल नं. ५९ म पनि तिमीसँगै**

गजलकारले यस गजलमा मायालुले अनुमति दिए मायालुका दुःख र आँसुसँगै साथ दिन आफू तयार रहेको र त्यसका लागि अनुमति पाउनुपर्ने विचार प्रस्तुत गरेका छन् ।

**गजल नं. ६० मूल्य तोकेर तोकिने भए**

चरम स्वार्थतिर लम्कँदै गरेको जीवनको यथार्थबोध गर्दै गजलकारले पैसामा माया जोखिने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेका छन् ।

**गजल नं. ६१ बत्ती निभ्यो बस्ती उठ्यो**

प्रस्तुत गजलमा राष्ट्रवादी एवम् मानवतावादी चिन्तन प्रस्तुत भएको छ । यस गजलमा द्वन्द्वकालीन युद्धग्रस्त नेपालीहरूको मनोदशा, त्रासद जीवनकथा र कारुणिकतालाई प्रस्तुत गरिएको छ ।

**गजल नं. ६२ तिमीले देखेको सपनाको**

युद्ध र अशान्तिले आक्रान्त बनेको त्रासद मनस्थितिमा रहेकी आफ्नी मायालुलाई शान्ति प्रिय ठाँउमा लैजान र मान्छेकै महिमालाई अवमूल्यन गर्ने ठाउँबाट मानवीय महिमाको कदर गर्ने गाउँमा आँफूलाई लैजान यस गजलमा गजलकारले अनुरोध गरेका छन् ।

**गजल नं. ६३ हामी बिच बाचा बन्धन**

विगतका बाचा बन्धन तोडिएर घटनाक्रम मोडिए पनि पुनः सहयात्रा गर्न सकिने सम्भावनालाई यस गजलमा केन्द्रीय कथ्य बनाइएको छ ।

**गजल नं. ६४ बल्ल थाहा भो सञ्जाल**

प्रस्तुत गजल तत्कालीन समयको राजतन्त्रप्रति लक्षित छ । यस गजलमा बिस्तारै जनताका समक्ष राजा र राजसंस्थाको षड्यन्त्रको पोल खुल्दै गएको, पुर्खाको इतिहास मेटिँदै गएको, सुख सुविधा काटिँदै गएको भन्दै राजतन्त्रको समाप्तिको  घडी आएको सन्दर्भ प्रस्तुत गरिएको छ ।

## ४.३.३ बहर वा छन्द

पुष्प अधिकारी 'अञ्जलि'द्वारा प्रकाशित पुस्तकाकार कृति **स्वप्निल नयन** गजलसङ्ग्रह उनको दोस्रो पुस्तककार कृति हो । यस गजलसङ्ग्रहभित्र जम्मा ६४ वटा गजलहरू रहेका छन् । यस सङ्ग्रहमा सङ्कलित सबै गजलहरू लोकलयमा आधारित रहेका छन् । कुनै पनि गजल शास्त्रीय छन्दमा रचना गरेको पाइँदैन ।

## ४.३.४ लय

लय भन्नाले कुनै कुरा पढ्दा या उच्चारण गर्दा उत्पन्न हुने स्वाभाविक प्रवाह हो । लय उत्पन्न हुने विभिन्न कारण हुन सक्छन् । बहर या छन्द, अक्षर वा मात्राको एक रूपता अनुप्रासयोजना आदिको कारणबाट लय उत्पन्न हुन्छ । प्रस्तुत गजलसङ्ग्रह **स्वप्निल नयन** मा अन्त्यानुप्रासको योजनाबाट लय सृजना गरिएको छ । शब्दप्रयोगमा एकरूपता र समानता प्रायः पाइएकाले यस सङ्ग्रहका गजलहरू गेयात्मक बनेका छन् । यस सङ्ग्रहमा सङ्कलित चौसठ्ठीवटा गजलमा नै रदिफ र काफियाको उचित तालमेल पाइन्छ जसले गर्दा यस सङ्ग्रहका गजलमा लयात्मक पक्ष अझ सशक्त बनेको छ ।

## ४.३.५ भाषा शैली

शैलीले लेखकीय दक्षताको परिचय दिन्छ । विशिष्टता एवम् उत्कृष्टताको अभिवृद्धिमा शैलीको महत्त्वपूर्ण भूमिका रहन्छ ।[21] यो व्यक्तिविशेषमा निर्भर हुन्छ । गजललाई सम्प्रेषणयुक्त, प्रभावोत्पादक र रहस्योद्घाटक गुणले युक्त बनाउन सुललित भाव, स्पष्ट, सरल र सहज अभिव्यक्तिकला, सुकोमल गुणयुक्त शब्दहरूको चयन र शब्दहरूलाई सान्दर्भिक तथा स्वाभाविक प्रयोग गर्ने शैली महत्त्वपूर्ण हुन्छ । प्रस्तुत **स्वप्निल नयन** गजलसङ्ग्रह पनि यसकै परिधिभित्र रही रचना गरिएको कृति हो । थोरै शब्दमा अझ भनूँ दुई पङ्क्तिमा पूर्ण भाव सम्प्रेषण गर्नुपर्ने हुँदा गजलमा व्यञ्जनात्मक अभिव्यक्ति आवश्यक मानिन्छ तर यस सङ्ग्रहभित्रका गजलहरूलाई हेर्दा गजलकार 'अञ्जलि' अभिधात्मक रूपमा धेरै र व्यञ्जनात्मक रूपमा कम प्रस्तुत भएका छन् ।

क्रान्तिको आगो अब बाल्नु पर्छ उठ
निरङ्कुश राजतन्त्र फाल्नु पर्छ उठ । (गजल नं. २१)

नेपाल र नेपालीहरूको अन्यौलग्रस्त जीवनलाई गजलकार 'अञ्जलि' व्यञ्जना शब्दशक्तिका माध्यमले यसरी प्रस्तुत भएका छन् ।

बत्ती निभ्यो, बस्ती उठ्यो रुवावास भो नेपालीको
मन्दिर ढल्यो, मस्जिद सुत्यो रुवावास भो नेपालीको । (गजल नं. ६१)

## ४.३.६ संरचना

यस **स्वप्निल नयन** (२०६४) गजलसङ्ग्रहमा विभिन्न शीर्षकका चौसठ्ठी गजलहरू सङ्ग्रहीत छन् । प्रत्येक पृष्ठमा एक एक वटा गजल गरी चौसठ्ठीवटा गजलहरू समाविष्ट यस सङ्ग्रहमा प्रकाशकीय, शुभकामना तथा भूमिकालाई क देखि थ पेजमा प्रस्तुत गरिएको छ । यस गजलसङ्गहभित्र रहेका प्रत्येक गजल, त्यसका शीर्षक, पङ्क्तिसङ्ख्या, सेर लगायत विभिन्न तत्त्वहरूलाई यस तालिकाबाट स्पष्ट पार्न सकिन्छ :

[21] मोहनराज शर्मा, **शैली विज्ञान**, (काठमाडौं : ने.रा.प्र.प्र., २०४८), पृ. २१ ।

## स्वप्निल नयन गजलसङ्ग्रहमा सङ्कलित गजलहरूको संरचनागत अवस्था

## तालिका सङ्ख्या २

| गजल नं. | पङ्क्ति सं. | गजल शीर्षक | सेर सं. | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 10 | समीप थिएँ | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 2 | 10 | साँच्चै देशको | 5 | √ | √ | √ | √ | × | लोकलय | राष्ट्रवादी स्वर |
| 3 | 10 | कति निस्तो कति | 5 | √ | √ | √ | √ | √ | लोकलय | मानवीय पीडा |
| 4 | 10 | अझै यहाँ जनताको | 5 | √ | √ | √ | √ | × | लोकलय | राजनीतिक वितृष्णा |
| 5 | 10 | किन होला | 5 | √ | √ | √ | √ | √ | लोकलय | सामाजिक विश्वास |
| 6 | 10 | नफुल्दै फूल | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 7 | 10 | नारी मनको | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 8 | 10 | को हौ मेरो प्यारमा | 5 | √ | √ | √ | √ | × | लोकलय | स्वार्थी मानसिकता |
| 9 | 10 | मोलमोलाइमा मेरो | 5 | √ | √ | √ | √ | × | लोकलय | मानवीय मूल्य |
| 10 | 10 | पलपल आँखाबाट | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 11 | 10 | म राजा तिमी | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 12 | 10 | बोलाएँ सुनिनौ | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 13 | 10 | हजार खोला तर्न | 5 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 14 | 10 | सपना सबै जल्यो | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |

| गजल नं. | पङ्क्ति सं. | गजल शीर्षक | सेर सं. | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 15 | 10 | कसिलो त्यो बाहुपाशमा | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 16 | 10 | जनता जनार्दनले | 5 | √ | √ | √ | √ | × | लोकलय | आध्यात्मवादी चिन्तन |
| 17 | 10 | हरपल उनकै | 5 | √ | √ | √ | √ | × | लोकलय | अतीतको बोध |
| 18 | 10 | देख्दै छु तिमीबिना | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 19 | 10 | सेतो अग्लो हिमाल | 5 | √ | √ | √ | √ | × | लोकलय | राष्ट्रवादी स्वर |
| 20 | 10 | अध्यारो सबै तिम्रो | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 21 | 10 | क्रान्तिको आगो अब | 5 | √ | √ | √ | √ | × | लोकलय | क्रान्ति चेतना |
| 22 | 10 | कसले कान भर्‍यो | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 23 | 10 | एकादेशमा राजा थिए | 5 | √ | √ | √ | √ | √ | लोकलय | ऐतिहासिक बोध |
| 24 | 10 | उस्तै उस्तै मान्छेका | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 25 | 10 | देखेको छु हिजो आज | 5 | √ | √ | √ | √ | × | लोकलय | मानवतावादी स्वर |
| 26 | 10 | अहो ! तिमी त | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 27 | 10 | कुरा अलिकति | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |

| गजल नं. | पङ्क्ति सं. | गजल शीर्षक | सेर सं. | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 28 | 10 | सम्झनाले भूगोल भित्र | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 29 | 10 | न जुनले न घामले | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 30 | 10 | मैले तिम्रो स्वाभिमान | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 31 | 10 | घर गोठ मान्छे जलाई | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 32 | 10 | यतै कतै तिम्रै | 5 | √ | √ | √ | √ | × | लोकलय | नारी पीडा |
| 33 | 10 | भोको पेट र नाङ्गो | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 34 | 10 | मनको इजलासमा | 5 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 35 | 10 | तिमी भन्दा मलाई | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 36 | 10 | तिम्रै चरणमा दास | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 37 | 10 | हौसला बुलन्द भए | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 38 | 10 | के सम्झू तिमीलाई | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 39 | 10 | झन्डा बोक्यौ नारा | 5 | √ | √ | √ | √ | × | लोकलय | अन्तरमनको वेदना |
| 40 | 10 | आगो जस्तै हुर्हुर्ती | 5 | √ | √ | √ | √ | × | लोकलय | अन्तरमनको वेदना |

| गजल नं. | पङ्क्ति सं. | गजल शीर्षक | सेर सं. | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 41 | 10 | पत्थर सम्झी बिनासित्ती | 5 | √ | √ | √ | √ | × | लोकलय | विवेक हिनता |
| 42 | 10 | माया गर्ने मायालुको | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 43 | 10 | घाउ छ दिलमा देखाऊ | 5 | √ | √ | √ | √ | × | लोकलय | पीडाबोध |
| 44 | 10 | आफ्नो कमाइ कस्तो | 5 | √ | √ | √ | √ | × | लोकलय | स्वाभिमानी भाव |
| 45 | 10 | सधैँ उस्कै हनुमान | 5 | √ | √ | √ | √ | × | लोकलय | चाप्लुसी भाव |
| 46 | 10 | यो मन | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 47 | 10 | टोक्नै सक्दैनौ भने | 5 | √ | √ | √ | √ | × | लोकलय | हैकमवादी |
| 48 | 10 | तिम्रो मनको बलेसीमा | 5 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 49 | 10 | माग्छ्यौ भने म जुन तारा | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 50 | 10 | नारी छन् र ती पुरुषमा | 5 | √ | √ | √ | √ | × | लोकलय | नारीवादी भाव |
| 51 | 10 | बयान गरायौ बेहिसाबैमा | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 52 | 10 | जन्म जन्म तिम्रै हुने | 5 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 53 | 10 | उत्साहका पाइतलाले | 5 | √ | √ | √ | √ | × | लोकलय | राष्ट्रवादी सोच |

| गजल नं. | पङ्क्ति सं. | गजल शीर्षक | सेर सं. | मतला | मकता | काफिया | रदिफ | तखल्लुस | लय | भाव |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 54 | 10 | थोपाथोपा तृष्णाको | 5 | √ | √ | √ | √ | × | लोकलय | मानवीय भाव |
| 55 | 10 | उपहासमा बल्भिएका | 5 | √ | √ | √ | √ | × | लोकलय | सामाजिक भाव |
| 56 | 10 | अहो ! चाँदनी बनेर | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 57 | 10 | आफ्नै मुटु सम्भी | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 58 | 10 | म माग्छु ती बिहानी | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 59 | 10 | म पनि तिमीसँगै | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 60 | 10 | मूल्य तोकेर तोकिने भए | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 61 | 10 | बत्ती निभ्यो बस्ती | 5 | √ | √ | √ | √ | × | लोकलय | राष्ट्रवादी स्वर |
| 62 | 10 | तिमीले देखेको सपनाको | 5 | √ | √ | √ | √ | √ | लोकलय | प्रेमप्रणय |
| 63 | 10 | हामी बिच वाचाबन्धन | 5 | √ | √ | √ | √ | × | लोकलय | प्रेमप्रणय |
| 64 | 10 | बल्ल थाहा भो सञ्जाल | 5 | √ | √ | √ | √ | × | लोकलय | राष्ट्रवादी स्वर |

उपर्युक्त तालिका अनुसार यस गजलसङ्ग्रहमा सङ्कलित गजलहरूका सबै गजल दश पङ्क्ति र पाँच सेरका छन् । सबैमा मतला, मकता काफिया र रदिफको प्रयोग भएको छ । यस सङ्ग्रहमा सङ्कलित चौसट्ठी गजलहरूमध्ये एघार गजलमा तखल्लुसको प्रयोग

भएको छ भने बाँकी त्रिपन्न गजलहरूमा तखल्लुस प्रयोग भएको पाइँदैन । तखल्लुसका रूपमा 'पुष्प'नामलाई मात्र प्रयोग गरिएको छ । संरचनागत एकरूपता यस गजलसङ्ग्रहको एउटा निजी पहिचानको आधार बनेको छ ।

### ४.३.७ निष्कर्ष

गजलकार पुष्प अधिकारी 'अञ्जलि'ले २०६४ सालमा प्रकाशन गरेको गजलसङ्ग्रह **स्वप्निल नयन** उनको एक महत्त्वपूर्ण उपलब्धिका रूपमा स्थापित हुन पुगेको छ । आफ्ना अग्रज गजलकारहरूको प्रेरणा र हौसला प्राप्त गरी प्रकाशित यस गजल सङ्ग्रहले गजलकार पुष्प अधिकारी 'अञ्जलि'लाई नेपाली गजल लेखन परम्पराको इतिहासमा एक सफल गजलकारका रूपमा स्थापित गराएको छ ।

## ४.४ मुक्तकको सामान्य परिचय

मुक्तक एउटा श्लोक वा एउटै कविता पुञ्जका रूपमा अभिव्यक्ति हुन्छ ।[22] मुक्तकलाई परिभाषित गर्ने क्रममा विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्हरूको फरकफरक दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । पूर्णविराम प्रसङ्ग विनाको काव्य रचनालाई एकातिर मुक्तक भनिएको छ भने अर्कातिर एउटै श्लोकको संरचनायुक्त भएर पनि यो चमत्कारपूर्ण हुन्छ भनिएको छ । संस्कृत साहित्यमा प्रयोग र परिभाषित भएर आएको मुक्तक नेपाली साहित्यमा समेत प्रारम्भिक अवस्थादेखि नै प्रयोग हुँदै आएको देखिन्छ । पूर्वीय काव्यशास्त्र अनुसार समासरहित गद्य, कथासूत्रमा आबद्ध नभएको, हृदयका भावलाई प्रतिबिम्बित गर्ने प्रभावकारी निरपेक्ष स्वतन्त्र कविता नै मुक्तक हो ।

मुक्तक जति छोटो भए पनि यसमा आफ्नै विशिष्ट संरचना रहेको हुन्छ । छोटो भइकन पनि तेजिलो र चोटिलो संरचनाका रूपमा मुक्तकलाई लिने गरिन्छ । मुक्तक वास्तवमा पठनीयभन्दा श्रवणीय नै हुन्छ । मुक्तकको अधिकतम संरचना चतुष्पदी हुन्छ । मुक्तक खासमा एक प्रहर वा गहना हो । यो झिलिक्क बिजुली मिल्के झैँ वा सलाई कोरेझैं जगमगिने एक अनुभूति हो ।[23] यसले केही लक्षित गरेर आधारयुक्त रूपमा प्रहार गरेको हुन्छ । अनुभूति प्रहारयुक्त नहुने मुक्तक हुँदैन ।

[22] वासुदेव, त्रिपाठी, **मुक्तक एक सङ्क्षिप्त चर्चा**, (काठमाडौं : ने.रा.प्र.प्र., २०४२), पृ २९ ।
[23] कपिल अज्ञात **समालोचनाको सन्दर्भ**, (चितवन : चितवन साहित्य परिषद्, २०५५), पृ. २६ ।

### ४.४.१ मुक्तकका तत्त्वहरू

कविता विधाकै एक लघुत्तम रूपमा देखापरेको मुक्तकमा पनि कविताकै तत्त्वहरू रहेको छ । कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य, महाकाव्य सम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक वा तत्त्व क्रमशः शीर्षक, संरचना, लय विधान, भाषाशैली, कथन पद्धति, केन्द्रीय कथ्य तथा भावविधान, बिम्बविधान एवम् अलङ्कारव्यञ्जना र विधागत स्वरूप तथा आयम देखा पर्दछन् ।

#### ४.४.१.१ शीर्षक

शीर्षक जुनसुकै विधामा महत्वपूर्ण तत्त्वका रूपमा रहन्छ र यसले रचनाको नामकरण मात्र गर्दैन रचनाभित्रको सारभूत भावलाई समेत सङ्केत गर्छ । मुक्तकका सन्दर्भमा कतिपय मुक्तकहरू 'मुक्तक' शीर्षकमा नै रचिएका पाइन्छन् भने प्रायः विषय सुहाउँदो शीर्षक दिएर नै मुक्तक लेख्ने चलन छ । अन्तर्बाह्य संरचना र केन्द्रीय कथ्यका बिच सङ्गति भएको शीर्षकले मुक्तकलाई विशिष्ट तुल्याउँछ ।[24]

#### ४.४.१.२ संरचना र विधागत स्वरूप

मुक्तकमा प्रत्येक पङ्क्ति समान र सशक्त हुनुपर्छ अर्थात् मितव्ययी संरचना हुनु मुक्तकको पहिचान हो । अनुभूतिको एक झल्कोलाई अभिव्यक्ति दिने मुक्तकको संरचना तारतम्ययुक्त, छरितो, संयमित र तीव्रतायुक्त हुनुपर्छ । मुक्त अधिकतम रूपले चार पङ्क्तिको हुने भए पनि कतै दुई, कतै छ, कतै आठ पङ्क्तिका पनि मुक्तकहरू रचिएका छन् । गद्यलयमा मुक्तकलेखन प्रारम्भ भएपछि यसको आयाममा पनि विविधता र विस्तार देखिन थालेको हो तापनि यसको संरचनात्मक स्वरूप प्रतीकात्मक, सूत्रात्मक र वर्तुल किसिमको हुनुपर्छ ।[२५] मुक्तकका हरेक हरफ निश्चित नियममा आबद्ध हुन्छन् र यसको पहिलो, दोस्रो र चौथो पङ्क्ति स्वतः अनुप्रासयुक्त हुनुपर्छ भने तेस्रो पङ्क्तिलाई स्वतन्त्र रहन दिनुपर्छ ।

---

[24] वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), *कविताका घटक तत्त्वहरू पहिचान,* **नेपाली कविता** भाग ४, (ललितपुर : साझा प्रकाशन, २०४६), पृ. ४२ ।

[२५] मोहनराज शर्मा, *लघुतम नेपाली कविता,* **समसामयिक मुक्तक,** (काठमाडौं : नेपाल राजकीइ प्रज्ञा प्रतिष्ठान, २०३६) ।

### ४.४.१.३ लयविधान

मुक्तक साहित्यको मुख्य परिचयात्मक स्वरूप लयविधान हो । अनुभूतिलाई छोटोमा मिठो, प्रभावपूर्ण र चोटिलो बनाउनुपर्ने भएकाले मुक्तकमा हरफको गतिक्रम र मुक्तलय (गद्यलय)को प्रयोग पाइन्छ तापनि श्रुतिरम्य शब्दहरू चयन गरेर लयविधान गर्नु यसको सबैभन्दा ठुलो चुनौती हो ।[२६]

### ४.४.१.४ भाषाशैली

मुक्तक साहित्य कविता विधाको एउटा आयाम भएकाले यसको भाषा लालित्यपूर्ण, रागात्मक र व्यङ्ग्यात्मक हुनुपर्छ । पद्यात्मक वा गद्यात्मक जुनसुकै शैलीको प्रयोग गरे पनि मुक्तकमा लाक्षणिक वा व्यञ्जनार्थक भाव आवश्यक हुन्छ र सोही अनुसारको भाषाशैली पनि अपेक्षित रहनछ । भाषिक विचलनबाट पनि भावसघनता निर्माण गर्न सकिने भएकाले यसको भाषाशैली व्यञ्जनामूलक, लालित्ययुक्त र लयात्मक हुन्छ ।[२७]

### ४.४.१.५ कथनपद्धति

मुक्तकमा आत्मलाप वा मनोलाप कथनकलालाई प्रबलरूपमा व्यक्त गरिएको हुन्छ अर्थात् प्रथम पुरुषीय वा तृतीय पुरुषीय कथनकला कविता विधाको निजी पहिचान हो, त्यसैले मुक्तकमा श्रुतिमाधुर्यले भरिपूर्ण र सटीक कथनपद्धतिको अपेक्षा गरिन्छ । यो जुनसुकै पद्धतिको भए पनि वस्तुपरक वा आत्मपरक कथनमा आधारित हुनु आवश्यक छ ।[२८]

### ४.४.१.६ बिम्बविधान वा अलङ्कारविधान

कुनै पनि कथ्यको अर्थमा सहचर प्रतिच्छायाका रूपमा आउने सहवर्ती अर्थलाई बिम्ब भनिन्छ । जीवन जगत्का विविध सन्दर्भ र सामग्रीबाट मुक्तककारले बिम्बविधान गर्छ र भावसम्प्रेषण गर्ने माध्यमका रूपमा त्यसलाई स्वीकार गर्छ । अर्थालङ्कार मुक्तक साहित्यको सौन्दर्य हो त्यसैले मुक्तककारले बिम्ब र अलङ्कार विधान गरेर श्रोतालाई

---

[२६] वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** भाग ४, पूर्ववत्, पृ. १८ ।
[२७] ऐजन, पृ. १९ ।
[२८] ऐजन ।

मन्त्रमुग्ध तुल्याउँदै रसास्वादन गराउने चेष्टा गर्छ । मुक्तक कवितामा भावलाई उजिल्याउन र चोटिलो-घतिलो बनाउन बिम्बालङ्कार आवश्यक र अनिवार्य छ ।[२९]

### ४.४.१.७ कथ्य/भावविधान

जीवनजगत्को समग्र विषयवस्तु, मानवचेतनाको यावत् अनुभवयुक्त मुक्तक साहित्यमा केन्द्रीय कथ्य वा भावका रूपमा प्रस्तुत हुन सक्छ । विसङ्गति, विकृति, शोषण, अन्याय, अत्याचार, दुराचार आदि सामाजिक विषयहरू पनि मुक्तकमा कथ्य हुन सक्छन्[३०] र यिनलाई मुक्तककारले व्यङ्ग्यात्मक प्रस्तुतिमा अभिव्यक्ति दिन सक्छ त्यसैले यसको भावविधान विविध र अनेक हुनसक्ने कुरामा कुनै विवाद छैन ।

सारांशमा मुक्तकको साझा धर्म सङ्क्षिप्तता, भावसघनता र मर्मस्पर्शी सामर्थ्य हो । यी तीन तत्त्वका अभावमा मुक्तक नै हुँदैन र यो मूलतः पठनीयभन्दा पनि श्रवणीय विधा भएकाले यसमा आउने अनुभूति प्रहारयुक्त हुनुपर्छ, भावानुभूतिको एक झमट यसमा प्रस्तुत हुनुपर्छ ।

## ४.४.२ 'जून फुलेको बस्ती' मुक्तकसङ्ग्रहको अध्ययन

अन्य प्राणीभन्दा केही सचेत र विवेकशील प्राणी भएकाले मानिस सर्वश्रेष्ठ मानिन्छ । मानव जीवनका उल्लास र वेदनाहरूलाई अभिव्यक्त गरी जीवनलाई अत्यन्तै सूक्ष्म किसिमले छुने र हाम्रो जस्तो विकासोन्मुख तथा शिक्षाको गति ज्यादै मन्द भएको समाजमा कविताका माध्यमबाट भनिने कुनै सन्देश अथवा जीवनको मर्म उद्घाटन वा सृजनात्मक उद्गार मुक्तकमा नै बढी सार्थक र प्रभावकारी ढङ्गबाट प्रस्फुटन भएको पाइन्छ । २३ वर्षको उमेरमा २०४४ सालमा बालकविता लेखेर साहित्यमा प्रवेश गरेका 'अञ्जलि' का साहित्यिक कृतिहरू भ्रष्टाचार, विकृति र विसङ्गतिलाई पर्दाफास गर्दै सभ्य र आधुनिकतातर्फ अघि बढेका देखिन्छन् । यसै गरी यिनको **जून फुलेको बस्ती** मुक्तकसङ्ग्रह ४+४+६ को आक्षरिक संरचनामा संरचित भएको छ । प्रस्तुत **जून फुलेको बस्ती**

---

[२९] ऐजन, पृ. २१ ।
[३०] ऐजन, पृ. २० ।

मुक्तकसङ्ग्रहले सरल-सहज भाषाशैलीका माध्यमबाट देशभक्तिको भावनालाई अभिव्यक्त गरेको छ । जूनजस्तै सुकिलो जिन्दगी हुनुपर्नेमा अराजकता र धमिलोपनको वृद्धि भएको दुःखपूर्ण जीवन जीउन नेपालीहरू बाध्य रहेको कुरालाई अङ्कित गर्दै यस मुक्तकसङ्ग्रहको रचना गरिएको छ ।

यहाँ आफ्नै सीमाना मिचिँदा नदुख्ने मान्छे कति कति
यहाँ आफ्नै झण्डा च्यातिँदा नदुख्ने मान्छे कति कति
बैरीहरूले देश लुटिसके हेर्दा हेर्दै दिउँसै ।
यहाँ आफ्नै अस्तित्व मेटिँदा नदुख्ने मान्छे कति कति । (पृ. ञ)

यसरी साहित्यकार 'अञ्जलि'बाट प्रकाशित **जून फुलेको बस्ती**ले समाजमा रहेको भ्रष्टचार, घुसखोरी, अन्याय र अत्याचारजस्ता विषयवस्तुलाई सहज र सरल ढङ्गबाट प्रस्तुतीकरण गरेको पाइन्छ ।

## ४.४.२.१ शीर्षक

शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक समेत हो । शीर्षक विशेषीकृत भएमा यसले कृतिको अन्तर्बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय भावलाई जोड्ने गर्दछ ।[31] पुष्प अधिकारी 'अञ्जलि' ले 'जून फुलेको बस्ती' मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा शीर्षक दिएका छैनन् । मुख्य शीर्षक वा एउटै शीर्षकका रूपमा **जून फुलेको बस्ती** शीर्षक राखी एउटा पृष्ठमा दुईवटा मुक्तकहरू समेट्दै कृतिलाई अन्त्य गरिएको छ । यस कृतिभित्र सबै मुक्तकहरू शीर्षकविहीन नै छन् । १, २, ३ गरी श्लोक सङ्ख्या निर्धारण पनि गरिएको पाइँदैन । जम्मा छयालीस पृष्ठमा फैलिएको यस कृतिभित्र प्रायः सबै मुक्तकहरू चतुष्पदीय ढाँचामा छन् भने लय विधान पनि मिलेका मुक्तकहरू छन् ।

## ४.४.२.२ लयविधान

कविता विधाको विधागत परिचयात्मक तत्त्व नै लयविधान हो । लयविधान प्रथमतः भाषिक स्वर र व्यञ्जनवर्ण दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति र कविता कृतिको

---

३१ ऐजन ।

चरण/पाउ वा पङ्क्ति र हरफको गतिक्रम तथा यति विधानबाट थालिन्छ ।[32] पुष्प अधिकारी 'अञ्जलि'को मुक्तकसङ्ग्रह **जून फुलेको बस्ती**भित्र रहेका मुक्तकहरू प्रायः सैद्धान्तिक संरचना र नियमहरू पालन गरी लेखिएका छन् । मुक्तककार 'अञ्जलि' ले कविता विधाको मुख्य विधागत परिचयात्मक तत्त्व लयविधान नै हो भन्ने राम्रोसँग बुझेर बाह्य लयात्मक अन्त्यानुप्रासलाई आफ्ना मुक्तकहरूमा मिलाएर कलात्मक र सुन्दर बनाएका छन् । कुनै कुनै मुक्तकहरूमा मध्यानुप्रास पनि मिलेको देखिन्छ । मुक्तक साहित्य रचना आफैँमा पूर्ण, छोटोमा मीठो र भावपूर्ण हुने हुँदा 'अञ्जलि'ले अत्यन्तै मार्मिकता र गम्भीरताका साथ मुक्तकहरूलाई लयात्मक, चोटिला र श्रुतिमाधुर्यपूर्ण बनाउने प्रयास गरेका छन् । यस **जून फुलेको बस्ती** मुक्तकसङ्ग्रहभित्र रहेका मुक्तकहरू सबै चतुष्पदीय लय ढाँचामा छन् र अन्त्यानुप्रास मिलेको पाइन्छ जसलाई उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :

> दासताको जञ्जीर भत्काएर आफ्नै भूगोल बनाऊ तिमी
> मान्छेको वधशालामा अब एउटा खगोल बनाऊ तिमी
> इतिहासको धमिलो अक्षरहरू अब सच्चाएर सधैँका लागि
> स्वर्णिम, सौरभ र सबैका लागि अनमोल बनाऊ तिमी । (पृ. ७) ।

यसरी मुक्तककार 'अञ्जलि'का मुक्तकहरूमा पहिलो, दोस्रो र चौथो पङ्क्तिमा अनुप्रासता, तुकबन्दी मिलेको छ भने तेस्रो पङ्क्तिलाई स्वतन्त्र छोडिएको देखिन्छ । यस्ता अनुप्रासयुक्त मुक्तकहरू चार पङ्क्तिमा मात्र लेखिन्छन् र यस कृतिमा पनि चार पङ्क्तिका मात्र मुक्तकहरू रहेका छन् ।

## ४.४.२.३ कथनपद्धति

कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक कथन कला हो । मुक्तक साहित्य पनि कविताको लघुतम रूप भएको हुँदा र यसमा चोटिला प्रहारयुक्त अभिव्यक्ति रहने हुँदा मनोलययुक्त श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । मुक्तक प्रायः धारिलो, पेचिलो र भावमा सघनता भएको साहित्य हो । मुक्तकमा मनोलापीय कथन पद्धति आएको पाइन्छ । पुष्प अधिकारी 'अञ्जलि'का मुक्तकहरूमा श्रुतिरम्य कथनहरू रहेका छन् जसले पाठक र श्रोता दुवैलाई आनन्दानुभूति गराउँछन् ।

---
२२. ऐजन ।

### ४.४.२.४ भाषाशैली

पुष्प अधिकारी 'अञ्जलि' का मुक्तकहरू अत्यन्त मिठासपूर्ण लय र चार्तुयपूर्ण शैलीमा कलात्मक शब्दहरूको सुन्दर संयोजन गरी संरचित छन् । सरल, सहज र यथार्थपूर्ण सामाजिक परिवेशहरूलाई हृदयस्पर्शी ढङ्गबाट प्रस्तुत गरिएका मुक्तकहरू सामान्य पाठकहरूका लागि पनि अत्यन्त उपयोगी र घतलाग्दा हुन्छन् । सरल भाषाशैलीमा श्रुतिमधुर लयमा आफ्ना भावनाहरू पोख्न खप्पिस 'अञ्जलि'ले मुक्तकहरूमार्फत वर्तमान अवस्थाको यथार्थ तस्वीर उतारेका छन् । मुक्तकका सिद्धान्त र नीति नियमप्रति पूर्ण सचेत भएर संरचित **जून फुलेको बस्ती**भित्रका मुक्तकहरूमा व्यञ्जनात्मक भाषिक अभिव्यक्ति भेटिन्छ । वर्ण, पद, पदावली र वाक्यस्तरसम्म लयविधानलाई प्रभावपूर्ण बनाइएको पाइन्छ । मुक्तकहरू संरचनाका क्रममा आगन्तुक, तद्भव, तत्सम साथै झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको छ । विविध पौराणिक बिम्बालङ्कार र प्रतीकहरूको प्रयोगले मुक्तकहरूको भाषाशैली कलात्मक एवम् सुन्दर बनेको छ ।

### ४.४.२.५ संरचना

मुक्तक जति छोटो भए पनि यसको आफ्नै विशिष्ट संरचना हुन्छ । यो छोटो भइकन पनि धारिलो र घतलाग्दो एवम् मर्मस्पर्शी प्रहार हो । दुई पङ्क्ति नै कविताको सानो आवृत्ति हो र यही नै मुक्तक कविताको पनि न्यूनतम संरचना हो । मुक्तक अधिकतम चार पङ्क्तिको भए पनि कुनै छ, आठ, दश, बाह्र र चौध पङ्क्तिसम्मका संरचनालाई मुक्तक भनिएको पाइन्छ तर मुक्तकको अधिकांश संरचना चतुष्पदीय नै देखा पर्छ ।[33] गद्यकवितामा मुक्तक लेखिन थालेपछि मुक्तकको आयममा विविधता र विस्तार देखिन थालेको हो । अत्यधिक तन्कँदा मुक्तकको मुक्तकपन हराउँछ । 'अञ्जलि'को मुक्तकसङ्ग्रह **जून फुलेको बस्ती**भित्र जम्मा ४६ पृष्ठमा फैलिएर रहेका ९२ वटा मुक्तकहरू रहेका छन् । भूमिका खण्डका रूपमा रहेको यस कृतिको आद्यभागका २८ पृष्ठहरू विभिन्न साहित्यिकारका शुभकामना र भूमिका लेखनमा खर्चिएका छन् । यिनका मुक्तकहरूमा पहिलो, दोस्रो र चौँथो पङ्क्तिको अन्त्यानुप्रास मिलाइएको छ भने तेस्रो पङ्क्तिलाई स्वतन्त्र छोडिएको छ ।

३३. पूर्वत् ।

मुक्तकहरूमा हुनुपर्ने सूत्रात्मक गुणका कारण 'अञ्जलि'का मुक्तकहरू कसिला र वैशिष्ठय गुणयुक्त देखापर्दछन् । लयविधान सबल रूपमा रहेको छ । मुक्तकको सैद्धान्तिक मान्यता अनुरूपको ढाँचामा मुक्तकहरू संरचित छन् । मुक्तकहरूमा लयात्मकता पनि कलात्मक रूपमा नै आएको छ। उदाहरणका लागि तलको पङ्क्तिलाई प्रस्तुत गरिएको छ :

न मेरा छन् यी बगरहरू न तिम्रा हुन् यी सहरहरू
केवल विद्रोह मात्र गरिरहन्छन् स्वप्निल मनका रहरहरू
उठ्न खोज्छन् तर सक्दैनन् सुस्ताउँछन् आँखाका परेली
अब त हामीले युद्ध जित्ने बनाउनुपर्छ हर प्रहरहरू । (पृ. २०)

चन्द्र र सूर्य अङ्कित झन्डा बोकेर अघाउँदिन कहिल्यै
आफ्नो स्वार्थका खातिर राष्ट्रिय गान म गाउँदिन कहिल्यै
विजयका फूलहरू जबसम्म फुल्दैनन् मेरो गाउँपाखाभरि
विश्वासका भेटीहरू सँगालेर मन्दिर पुज्न आउँदिन कहिल्यै । (पृ. २१)

## ४.४.२.६ भाव र विचार

मुक्तकहरूका माध्यमबाट वर्तमान समयको प्रतिनिधित्व गर्न सफल मुक्तककार पुष्प अधिकारी 'अञ्जलि'ले आफ्ना मुक्तकहरूमा प्रेमप्रणय, घातप्रतिघात, शान्तिको चाहना, लोकतन्त्रप्रतिको आकाङ्क्षा राष्ट्रप्रेम, एकताको आह्वान, विश्व भ्रातृत्वको भावना, अन्तर्राष्ट्रिय घटनाक्रमका साथै मान्छेको यथार्थ चरित्रलाई उचित बिम्ब र प्रतीकका सहायताले अभिव्यक्त गरेका छन् । पुष्प अधिकारी 'अञ्जलि' ले बनाएका विविध विषय वस्तुका आधारमा उनका मुक्तकहरूलाई यसप्रकार विश्लेषण गर्न सकिन्छ :

### क) जीवनचेतनाका मुक्तकहरू

गरिबी र बेरोजगारीले ग्रस्त मानव समाजमा निम्नवर्गीय जीवनका बाध्यता, विवशता, अन्याय, अत्याचार र भ्रष्टाचारको परिदृश्यलाई 'अञ्जलि'का मुक्तकहरूले राम्रोसँग उजागर गरेका छन् । उनका मुक्तकहरूमा नारीप्रतिको सकरात्मक, नकरात्मक सोचाइ, बाँच्नका निम्ति निम्न वर्गीय समूहले गर्नुपरेको सङ्घर्ष, मानव

सभ्यता र संस्कृति आदिलाई पनि व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । निकै द्रुत गतिमा आर्थिक र राजनैतिक परिवर्तन भइरहेको छ तर आजको मानव समाजले प्राप्त गर्न नसकेको खुशी र असन्तुष्टि आदिलाई समेटेर विविध परिघटनाका कारण मानव जीवन तहसनहस बन्दै गएको यथार्थलाई मुक्तककारले यसरी देखाएका छन् :

मान्छे अब मान्छेका विरुद्ध पर्खाल नबनुन्
निहत्या निरीह मान्छे विरुद्ध कोही काल नबनुन्
के जित्छौ रित्तो धर्ती जब तिम्रो समीप कोही हुन्नन्
चक्रब्यूह रेचेर फेरि कोही कसैको ढाल नबनुन् । (पृ. १९)

अन्याय, अत्याचार र क्रुर नियतिको आक्रान्त बनेको नेपाली परिवेशलाई दृष्टिगत गर्दै मुक्तककार 'अञ्जलि' का भावनाहरू यसरी प्रस्फुटित भएका छन् :

दमन गरेर कोही पनि शिखर चढ्न सक्दैन यहाँ
स्वतन्त्रताको हत्या गरेर युद्ध लड्न सक्दैन यहाँ
इतिहासको क्रुर नियतिले वर्तमान दुखाएर सधैँ
दुर्वासाहहरूको राज्यमा कोही अगाडि बड्न सक्दैन यहाँ । (पृ. २)

जनचेतनाकै सिलसिलामा मुक्तककार 'अञ्जलि'ले मानवसमाजले भोग्नुपरेको महङ्गी र पैसाका निमित्त जे पनि गर्ने मानिसको दासतावादी प्रवृत्ति एवम् बाध्यात्मक अवस्थाजस्ता कुराहरूलई मध्यनजर गर्दै आफ्नो मुक्तक रचनामा यस्तो भाव व्यक्त गरेका छन् :

लिलामीमा किस्ता किस्ता बाँच्नु पर्ने कस्तो जिन्दगी यो
थोत्रा कागज खाली सिसिभन्दा सस्तो जिन्दगी यो
जहाँ टेक्यो त्यहीँ भासिने म उभिएको धरातल यो
बाँच्नु पनि खै के बाँच्नु वाहियत यस्ता जिन्दगी यो । (पृ. ३९)

देशमा बढेका अस्थिरता र त्रासदीयुक्त घटनाहरूले मानिसका मनभित्र पलाएका राजनैतिक आकाङ्क्षाहरूबाट सृर्जित कतिपय पीडाहरूको चक्रब्यूहमा अल्भेका आजका मान्छेका बारेमा पुष्प अधिकारी 'अञ्जलिले' यस्तो व्यङ्ग्य प्रहार गर्न छन् :

गाउँबस्ती मात्र हैन सहर पनि संवेदनशील भएको छ यति बेला
यस्तो लाग्दै छ मेरो देश कानुनविहीन भएको छ यति बेला ।
उज्यालो सबै अर्काको भाग्यमा कैद भएको छ हाम्रै नियतिले
चिर शान्तिमा सुतेको छ कतै विलीन हुँदैछ यति बेला । (पृ. ११)

मानव अधिकारप्रतिको खरो र मार्मिक आवाज राम्रोसँग उठाएर मुक्तकमा अभिव्यक्त गरेका ‘अञ्जलि’ले आफ्नो रचनाका माध्यमबाट यसरी प्रस्तुत गरेका छन् :

यहाँ जीवन हैन मृत्यु भोगिरहेछन् मान्छेहरू
आफ्नो मूल्य आफै यहाँ तोकिरहेछन् मान्छेहरू
कोही बुद्ध हुन खोज्दछन् कोही शुद्ध हुन खोज्दैछन्
जहाँसुकै रित्तो मानवता जोखिरहेछन् मान्छेहरू । (पृ. ३१)

अन्यायी र अत्याचारी शासक कहिल्यै पनि धेरै टिक्न सक्दैन, जनताले यस्ता षडयन्त्रकारी, भ्रष्टचारीलाई गलहत्ती लगाउने छन् भन्ने आक्रोशयुक्त अभिव्यक्ति पनि राम्रोसँग ‘अञ्जलि’ ले आफ्ना मुक्तकहरूमा पोखेका छन्  र तानाशाहप्रति व्यङ्ग्य प्रहार गरिएका र राष्ट्रप्रेमले भरिएका मुक्तकहरू यसप्रकार रहेका छन् :

कसैले भ्रष्टाचारमा देश सात पुस्ता खाए
कसैले दिनदहाडै कालापानी र सुस्ता खाए
थिचिएर-मिचिएर कति सङ्घर्ष गरुन् जनताले
हेर्दाहेर्दै यी कङ्गालहरूले देशकै चुस्ता खाए । (पृ. ५)

निरङ्कुश तानशाह झुक्छ कुनै दिन
जनताले बोलेको नि पुग्छ कुनै दिन
षड्यन्त्रकारी दरबार जोगाइ नराख
सहिदको रगतले थुक्छ कुनै दिन । (पृ. १३)

## ख) देशप्रेमका मुक्तकहरू

यस **जून फुलेको बस्ती** मुक्तकसङ्ग्रहभित्रका धेरैजसो मुक्तकहरू देशप्रेम र राष्ट्रियताको भावनाले ओतप्रोत भएका छन् । यो कृति पढ्दा जतातत‍ै देशप्रेमका

भावनाहरू मात्र सुसेलिएझैं लाग्दछ । देशप्रतिको आफ्नो कर्तव्य र दायित्व पूरा गर्न सधैं तयार रहने आफ्ना चाहनाहरू व्यक्त गर्दै मुक्तककार राष्ट्रको अस्तित्वका लागि सबैलाई एक भएर जुट्नु पर्छ भनी अनुरोध गर्न पुगेका छन् । आफ्नो देशको अस्मितामा विदेशी हस्तक्षेप बढेको सहन नसक्ने मुक्तककार 'अञ्जलि' आफ्नो प्राणभन्दा प्यारो भूमि विस्तारै विदेशीले लुट्दै छन् भन्ने कुरामा पनि चिन्तित छन् । उनका सन्दर्भित मुक्तकहरू यसप्रकार रहेका छन :

म मरेर मेरो देशले मुक्ति पाउँछ भने म पर्न तयार छु
मन्दिर हो मेरो देश म जस्तोसुकै यज्ञ गर्न तयार छु
तिर्खा लाग्छ भने कसैलाई, म पियाउँछु रगतका धारा
र बन्छ भने देश म सबका सामु तल झर्न तयार छु । (पृ. १४)

केमा मिलेन भागबण्डा तिम्रो र गाउँ सहर जलाउँदैछौं
अभाव अभावहरूका बिच अझ धेरै अभाव बनाएर
भन अझै कतिन्जेल निर्दोष नेपालीको घर जलाउँदैछौ । (पृ. २२)

देशभक्तिका नारा जस्तै लाग्ने उनका मुक्तकहरू देशका विरुद्धमा हात उठाउने वा नालायक कार्य गर्नेहरूप्रति व्यङ्ग्यात्मक झटारो हान्न सफल छन् :

मुर्कट्टाहरू ब्युँतिएर फेरि छाप मार्न खोज्दैछन्
होसियार ए ! मान्छेहरू, लोकतन्त्र सखाप पार्न खोज्दैछन्
कालो धरती आकाससँग रविको रश्मि माग्दै गर्दा
अँध्यारो सन्नाटाभित्र भूतहरू नकाब झार्न खोज्दैछन् । (पृ. ३३)
यहाँ चोरी र घुसखोरी बढ्दो छ अचेल
सरकारको कमजोरी बढ्दो छ अचेल
कहीँ कतै देखिँदैन सद्भाव र शान्ति
राजनीति खेल फोहोरी बढ्दो छ अचेल । (पृ. २९)

यसरी नेपाली र नेपालीपनप्रति बेवास्ता गर्ने र राष्ट्र निर्माणको पवित्र कार्यलाई फोहोरी खेल बनाउने राजनेताप्रति व्यङ्ग्य गर्दै आफ्नो राष्ट्रप्रतिको अगाघ प्रेमलाई मुक्तकभरि 'अञ्जलि'ले पोखेका छन् ।

## ग) राजनीति चेतनायुक्त मुक्तकहरू

अञ्जलिका धेरैजसो मुक्तकहरू राष्ट्रप्रेम र राजनैतिक व्यङ्ग्यले ओतप्रोत छन् त्यसैले यिनका मुक्तकहरूमा राजनैतिक चेतनाको स्तर व्यापक र उच्च मान्न सकिन्छ । राजनेताको विकृत चरित्र र मनोवृत्तिले देशमा भ्रष्टाचार बढेको, जनताको अधिकार मिचेर राजनेताले सुविधा उपयोग गरेको र विदेशी शक्तिको जति हस्तक्षेप बढे पनि त्यसको वास्ता नगर्ने प्रवृत्तिप्रति अञ्जलिले यसरी व्यङ्ग्य गरेका छन् :

सिङ्गापुर बनाउँछु भन्थ्यौ कङ्गाल बनायौ देशलाई
अझ आफ्नो महत्त्वाकाङ्क्षाले बबाल बनायौ देशलाई
भोलिको सुनौलो बिहानी हेर्ने सपना थियो हाम्रो ।
सिङ्गै भूगोल जलाएर बेहाल बनायौ देशलाई । (पृ. ३०)

यसरी मुक्तकहरूमार्फत मुक्तककारले राजनीतिक विकृति, विसङ्गति, नेताहरूका चरित्र, नेताका फोहरी खेल, घात-प्रतिघात आदिलाई विषयवस्तु बनाई घतलाग्दा प्रस्तुति दिएका छन् ।

## घ) प्रेम र प्रणयभावका मुक्तकहरू

प्रस्तुत **जून फुलेको बस्ती** मुक्तकसङ्ग्रहभित्रका केही मुक्तकहरू प्रणय प्रसङ्गमा आधारित पनि छन् । अन्य मुक्तकसङ्ग्रहहरूमा जस्तो प्रणय प्रसङ्गको लहर उनको यस कृतिमा आएको पाइँदैन । प्रेम प्रणयका कुरा गर्दा पनि मुक्तककार राष्ट्रिय वेदनामा मुछिएका छन् । देशको परिस्थितिले गर्दा प्रेमप्रणय पनि प्रभावित भएको स्थिति उनका मुक्तकहरूमा देख्न सकिन्छ । कुनै कुनैमा आनन्दानुभूति युक्त प्रणय पनि पाइन्छ । यस किसिमका मुक्तकहरू यसप्रकार रहेका छन् :

च्यातिन्छन् सपनाहरू जब आँधीहुरी चल्छ जीवनमा
पोखिन्छन् खुसीहरू जब आगो बल्छ जीवनमा
प्रश्नमाथि प्रश्न तेर्सिन्छन् अनभिज्ञ भएर
हुँदैनन् समाधान अनि तब चिता जल्छ जीवनमा । (पृ. ३५)

यसरी मुक्तककारले प्रेम वियोग अशान्ति, निराशावादी चिन्तनआदि परिस्थितिले जन्माएका आफ्ना भावानुभूतिहरूलाई प्रणय प्रसङ्गसँग पनि जोडेर प्रस्तुत गरेका छन् ।

**ङ) बिम्बविधान र अलङ्कार विधान**

पुष्प अधिकारी अञ्जलि'ले **जून फुलेको बस्ती** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा विभिन्न प्रतीक र विम्बहरूको प्रयोग गरी भाव पक्षलाई प्रगाढ तुल्याएका छन् । यस सङ्ग्रहका मुक्तकहरूमा दृश्य, ताप, गति, स्वाद, स्पर्श, गन्ध आदि बिम्बहरू प्रयोग भएका छन् भने विविध अलङ्कारको प्रयोगले मुक्तकहरू सुन्दरता, श्रुतिरम्यता र लयविधानलाई पनि सबल बनेका छन् । बिम्बालङ्कारले विशेष मुक्तकहरूलाई चमत्कारी र रसास्वादनयुक्त बनाउँछ । बिम्ब, प्रतीक र अलङ्कारयुक्त केही मुक्तकहरू तल प्रस्तुत गरिएको छ :

विदेशीसँग भिक्षा मागेर कतिन्जेल पजेरो चढ्छौ ए नेताजी
देशलाई च्याखे थापेर कतिन्जेल पजेरो चढ्छौ ए नेताजी
दन्दनी बलेको छ आगोझैं देश तिमी भने चुपचाप छौ
भन देश जलेको आगो तापेर कतिन्जेल पजेरो चढ्छौ ए नेताजी ! (पृ ३४)

## ४.४.२.७ निष्कर्ष

पुष्प 'अधिकारी अञ्जलि'को प्रस्तुत कृति 'जून फुलेको बस्ती' मुक्तक सङ्ग्रहभित्र जम्मा ९२ वटा मुक्तकहरू रहेका छन् । यस कृतिमा ४६ पृष्ठसम्म मुक्तकहरू फैलिएर रहेका छन् । ती पृष्ठहरूमा पृष्ठसङ्ख्या ग देखि घ, ङ, च गर्दै छ पृष्ठसम्म राखिएको छ । यी पृष्ठहरूमा विभिन्न सर्वोत्कृष्ट साहित्यकारहरूले भूमिका, मन्तव्य र शुभकामना लेखहरू लेखेका छन् । यस कृतिभित्रका सबै मुक्तकहरू चतुष्पदीय संरचना अनुरूप संरचित छन् । सबै मुक्तकहरूमा समान चारवटा पङ्क्ति मात्र छन् र कुनै पनि मुक्तकलाई शीर्षक दिइएको छैन । मुक्तकहरूमा भाव वा विचारका आधारमा विविध विषय वस्तुलाई समेटिएका भए तापनि मुख्य रूपमा देशको जटिल परिस्थिति, विविध घट्नाक्रम र राष्ट्रप्रेमका भावना नै बढी छचल्किएको पाइन्छ ।

सरस र सरल भाषाशैलीको प्रयोग गरी आफ्ना भावनाभूतिहरूलाई सहज र सटिक बनाएर कलात्मक संयोजन गरी मुक्तकहरूको रचना गरिएका हुँदा मुक्तकहरू श्रुतिमधुर र ह्रदयस्पर्शी छन् । कहीँकहीँ भाषिक विचलनहरू देखापरे तापनि अञ्जलिले छन्द र लय पक्षमा ध्यान पुऱ्याउने प्रयास गरेको पाइन्छ । उनले मुक्तकहरूमा बिम्ब, प्रतीक र

अलङ्कारहरूको अत्यन्त सचेत प्रयोग गर्दै भाव पक्षलाई सघन एवम् कलात्मक तुल्याउने कार्य गरेका छन् । मुक्तकहरू बोधगम्य, चोटिला र घतलाग्दा बनेका छन् ।

### ४.४.३ पुष्प अधिकारी 'अञ्जलि' को एक अञ्जुलि घाम मुक्तकसङ्ग्रहको अध्ययन

**मनभित्रको मन** गजलसङ्ग्रहपछि दोस्रो कृतिका रूपमा **एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रह साहित्यिक अनुरागीसमक्ष पस्कन सफल भएका छन् । २०६३ साल आषाढमा हाम्रो मझेरी साहित्य प्रतिष्ठानको प्रकाशन माला- ६ अन्तर्गत प्रस्तुत **एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहमा १०६ वटा मुक्तकका पुष्प थुङ्गाहरू चतुष्पदीय ढाँचामा संरचित छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय विविध परिवेश, विज्ञान, दर्शन, राजनीति तथा आर्थिक सामाजिक असमानता जस्ता विविध पक्षलाई सटीक रूपमा मुक्तकमा उतार्ने पुष्प अधिकारीले मुक्तक भन्ने बित्तिकै प्रेम र प्रणय भावसँग जोडिन्छ भन्ने अव्यक्त मान्यतालाई तोडिदिएका छन् । उनका मुक्तकहरू अनौठा स्वादका छन् र पाठकवर्गमा आनन्दानुभूति दिन सक्षम छन् । कोमल भएर पनि गहन, सरल भएर पनि परिष्कृत, सुबोध भएर पनि स्तरीय हुनु उनका मुक्तक रचनाका विशेषता हुन् । आलङ्कारिक मुक्तकमा पनि पुष्प अधिकारी बडो सजग देखिन्छन् । मुक्तककार 'अञ्जलि'ले वर्तमान नेपाली जनजीवनसँग सरोकार राख्ने थुप्रै विषयवस्तुलाई यस मुक्तकसङ्ग्रहमा समेटेका छन् । उनका मुक्तकहरूमा माया, प्रेम, पीडा, व्यथा, घातप्रतिघात, आत्मपीडा, प्रेममा उत्सर्ग र आस्था, कर्मप्रतिको विश्वास, मावतावाद आदिलाई आधार बनाई यथार्थको प्रस्तुति गरिएको छ भने अर्कातिर व्यङ्ग्य पनि गरिएको छ । स्वतन्त्रता र शान्तिको चाहना, हिंसाप्रति असहमति, राष्ट्रप्रेम, विश्वबन्धुत्व भातृत्व, एकताको आह्वान, स्वाभिमानी नेपालीको वर्तमान परिवेश, इराकमा नेपाली रेटिँदाको पीडा, मान्छेको यथार्थ र नेताहरूको भ्रष्ट चरित्र आदि प्रसङ्गलाई पनि सरल र सटिक ढङ्गले मुक्तकहरूमार्फत व्यक्त गरेका छन् । कविता, गजल, मुक्तक, गीत तथा सबै विधामा उत्तिकै हात चल्ने अधिकारीको लेखनी सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक रूपमा पनि उत्कृष्ट नै देखिन्छन् । उनको लेखनीको मूलभूत विशेषता भनेको सरलता, सहजता र उचित बिम्बको छनोट र क्षमता नै हो ।[34] rोटिलो भाव र सुकुमार शब्दका साथमा

[34] दामोदर पुडासैनी 'किशोर', *समयको शक्तिशाली साथी पुष्पअधिकारी अञ्जलि,* **एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. ८ ।

'अञ्जलि'ले आफूलाई सुटुक्क मुक्तककारका रूपमा उभ्याएका छन् ।[35] मीठाशब्द, सरल अभिव्यञ्जना र कोमल भाव बोकेका उनका मुक्तकहरू स्रोता तथा पाठकहरूको हृदय सुमसुम्याएर काउकुती लगाउन सार्थक छन् । जनजीवनलाई कलात्मक ढङ्गले चिनाउन खोज्ने उनले आत्मपरक अभिव्यक्तिलाई मुक्तकका माध्यमबाट सुन्दर, लयात्मक शब्दमा ढालेका छन् । उनका मुक्तकहरू श्रुतिमधुर र निखारिएका छन् । मुक्तककार 'अञ्जलि'द्वारा लिखित **एक अञ्जुलि घाम**मा रहेका मुक्तकहरूलाई कविताको उपविधा मुक्तकका तत्त्वहरूका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

## ४.४.३.१ शीर्षक

कुनै पनि विधामा कलम चलाउने स्रष्टाहरूले आफ्नो रचनाको शीर्षक विषयवस्तुको आधारमा चयन गरेका हुन्छन् । शीर्षक बिनाको रचना कल्पनासम्म गर्न सकिन्न तसर्थ पुष्प अधिकारी 'अञ्जलि'ले **एक अञ्जुलि घाम** शीर्षक दिएर मुक्तकलाई अगाडि बढाएका छन् । यस मुक्तकसङ्ग्रहभित्र शीर्षकहरू चयन नगरी स्वतन्त्र रूपमा मुक्तक लेखेका छन् । प्रत्येक पृष्ठमा चतुष्पदी ढाँचामा चार पङ्क्तियुक्त दुई-दुई मुक्तक राखेको पाइन्छ । यस कृतिमा सङ्ख्या निर्धारण पनि गरिएका छैनन् । यस कृतिमा १०६ वटा मुक्तकमा पुष्प थुङ्गा गुथिएका छन् । शीर्षक अनुसारको भावभूमि मुक्तकहरूबाट प्राप्त गर्न सकिन्छ ।

## ४.४.३.२ लयविधान

कविता विधाको मुख्य परिचयात्मक तत्त्व लयविधान नै हो । मुक्तक लयात्मक भाव र लेखाइमा माझिएको हुनुपर्दछ, अन्यथा व्यक्त गर्न खोजिएको कथन फितलो र प्रभाव विहीन हुन पुग्दछ । मुक्तक रुवाइयत शैलीकै हुनुपर्दछ भनेर गजलकार एवम् मुक्तककार वियोगी बुढाथोकीद्वारा सम्पादित शिवपुरी सन्देशको मुक्तक विशेषाङ्कले निर्क्यौल गरिसकेको हुँदा अब मुक्तकलाई रुवाइयत शैलीको अनुप्रासयुक्त लयात्मक काव्य उपविधा भन्नमा दुविधा छैन ।[36] लयविधानका दृष्टिले पुष्प अधिकारी 'अञ्जलि'का मुक्तकहरू सबल र

---

[35] नवराज लम्साल, *अञ्जुलिमा पुष्प अञ्जुलि र घामका किरणहरू*, **एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. ११ ।

[36] श्रेष्ठ प्रिया पत्थर, *एक अञ्जुलि घामभित्रका 'अञ्जुलि'*, **एक अञ्जुलि घाम**, पुष्प अधिकारी अञ्जलि, (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. १-७ ।

कलात्मक देखिन्छन् । प्रायः सबै मुक्तकहरूलाई अन्त्यानुप्रास मिलाउने प्रयास पनि गरेको भेटिन्छ जसले गर्दा मुक्तकहरूमा श्रुतिमाधुर्यता भरिएको छ-

मनपरेको फूल रोज्नु गल्ती मेरै थियो
नजाने बाटो खोज्नु गल्ती मेरै थियो
सबैको मन आफ्नो जस्तै स्वच्छ ठान्नु पनि
स्वार्थी यो दुनियाँमा गल्ती मेरै थियो । (पृ. ५०)

यसरी उनका मुक्तकहरू अन्त्यानुप्रास मिलेका, कलात्मक र चतुष्पदीय लयढाँचामा छन् ।

### ४.४.३.३ कथनपद्धति

कविता मुलतः आत्मलाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला हो तापनि सबै काव्य साहित्यमा श्रुतिरम्य मनोगुञ्जनको अपेक्षा गरिन्छ । कथनमा लयात्मकता र कलात्मकता पुष्प अधिकारी अञ्जलिका मुक्तकहरूमा भेटिन्छ । उनका मुक्तकहरू गेयात्मक कथनमा बाँधिएका छन् । कथन पद्धतिले लेखकको कथन कौशललाई पनि प्रस्तुत गर्दछ । मुक्तककार पुष्प अधिकारीका मुक्तकहरू प्रायः प्रथम पुरुषात्मक कथनपद्धति र अंशतः तृतीय पुरुषात्मक कथनपद्धतिमा प्रकट भएका छन् ।

### ४.४.३.४ भाषाशैली

सबै साहित्यिक विधाहरूमा भाषाशैली महत्त्वपूर्ण तत्त्व हो । भाषाशैली बिना मुक्तकको संरचना नै हुन सक्दैन । मुक्तकमा प्रयोग हुने भाषाशैली सरल, सरस, सुगठित साथै श्रुतिमधुर र स्तरीय हुनु पर्दछ । मुक्तकले विषय विविधताका कारण आज जुन उचाइ र लोकप्रियता पाएको त्यो यथार्थमा अरू विधाको पकडभन्दा निश्चय नै नवीन छ, परिचित छ, तर्कपूर्ण र स्वादिष्ट छ ।[37] अधिकारीको **एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहमा पनि विविध विषयवस्तुलाई योजनाबद्ध रूपले प्रस्तुत गरिएको छ । सरल भाषाशैलीमा आबद्ध, श्रुतिमधुरतायुक्त र अन्त्यानुप्रासयुक्त चतुस्पदीय ढाँचामा मुक्तकहरू रचना गरिएका छन् ।

[37] आर. के. अदिप्त गिरी, *समसामयिक नेपाली मुक्तक*, **कालीको सुसेली**, (वर्ष ५, अङ्क ३, २०६४), पृ. ३१ ।

मीठा शब्द, सरल अभिव्यञ्जना र कोमल भाव बोकेका उनका मुक्तकहरू श्रोता वा पाठकको हृदयलाई सुम्सुम्याएर काउकुती लगाउन समर्थ छन् । जीवन कलात्मक ढङ्गले बिताउन खोज्ने प्रयत्नलाई 'अञ्जलि'ले मुक्तकमा आत्मपरक ढङ्गबाट व्यक्त गरेका छन् । यसले गर्दा उनका मुक्तकहरू अत्यन्त पठनीय र श्रुतिमधुर भएर निखारिएका छन् ।[38] यसरी अधिकारीका मुक्तकहरूमा कवितात्मक र आलङ्कारिक भाषा प्रयोग भएको छ । समाजमा देखापरेको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक आदि विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्न यिनका मुक्तक सफल छन् । सरल र स्वाभाविक भाषाशैलीका माध्यमबाट कविले आफ्ना अनुभूतिलाई मुक्तकमार्फत सहज ढङ्गले पोखेका छन् ।

## ४.४.३.५ संरचना

जति बेलादेखि आधुनिक कविताको युग प्रारम्भ भयो त्यही समयदेखि कवितालाई सङ्क्षेपमा प्रस्तुत गर्ने काम सुरु भयो । मुक्तक कविता विधाको एक लघुतम विधा हो । त्यसैले कविताको सिद्धान्त मुक्तकको पनि सिद्धान्त हो । परम्परागत रूपमा मुक्तकहरूको ढाँचामा चतुष्पदीय संरचनालाई बढी महत्त्व दिइएको पाइन्छ तर पनि आधुनिक मुक्तकहरू चारभन्दा बढी हरफमा पनि लेखिने गरेको पाइन्छ । **एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहमा सङ्ग्रहीत मुक्तकहरू सबै चतुष्पदीय संरचना ढाँचामा संरचित छन् र पाठकको मनमुटु छुने खालका छन् । अन्त्यानुप्रासयुक्त बनाएर श्रुतिमधुर बनाउने प्रयासले सुनमा सुगन्ध थपेजस्तै लाग्दछ । हरेक मुक्तकमा मर्मभेदी चोटिला प्रहारहरू भेट्न सकिन्छ । अति सङ्क्षिप्त चार हरफ भएका, मानव ढुकढुकीलाई घचघचाएर मन्त्रमुग्ध बनाउने खालका उनका मुक्तकहरूमा एकाएक घतलाग्दो तितो सत्ययुक्त चोट भेट्न सकिन्छ । यस मुक्तकसङ्ग्रहमा १०६ वटा मुक्तकहरू पृ. १७ देखि पृ. ७१ सम्म फैलिएर रहेका छन् । मुक्तकमा हुनुपर्ने सङ्क्षिप्तता, भावमा सघनता र सूत्रात्मकता पुष्प अधिकारी 'अञ्जलि' का मुक्तकहरूमा सहज रूपमा पाउन सकिन्छ ।

**एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहमा संरचित मुक्तकहरू धेरैजसो देशभक्तिका भावनाले ओतप्रोत भएका छन् । यसमा भएका केही शृङ्गारिक रचनाहरू पनि नाङ्गोपनबाट बाँचेका संयमित र शालीनता दर्शाउने खालका छन् ।

---

[38] खगेन्द्र गिरी 'कोपिला', *शुभकामना*, **एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. १३ ।

### ४.४.३.६ भाव र विचार

यस मुक्तकसङ्ग्रहमा मानव जीवनका शाश्वत पक्षहरू र मानव मनका विविध अवस्थाहरूलाई सुन्दर मुक्तकका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै सामाजिक परिवेश, आर्थिक र राजनैतिक विकृतिप्रति व्यङ्ग्य प्रहार गर्नुका साथै प्रेम प्रसङ्ग र प्रेमप्रतिको दृष्टिकोण पनि मुक्तकमा प्रस्तुत गरिएको छ । भाव वा विचारका आधारमा उनका मुक्तकहरूलाई यसरी अध्ययन गर्न सकिन्छ :

**क) जीवन चेतनाका मुक्तकहरू**

जीवनका शाश्वत पक्षहरूलाई उजिल्याउने क्रममा मन, जीवन, मृत्यु, आँसु, हाँसोप्रतिको दार्शनिक दृष्टिकोणलाई 'अञ्जलि'ले अगाडि सारेका छन् । आफ्ना बारेमा सही र गलतको निर्णय त हरेक प्राणीले गर्न सक्छ तर सम्पूर्ण जीवन जगत्का बारेमा सोच्न सक्ने चेतनशील प्राणी मानिस मात्र हो । यही चेतनाको कारणले नै मानिस अन्य प्राणीभन्दा भिन्न र उच्च मानिन्छ तर मानिस कहिलेकाहीँ आफ्नो औकातबाट ओर्लिएर पाशविक व्यवहार पनि गर्दछ । यस्तो प्रवृत्ति देखिनुको मुख्य कारण हो मानिसको मन । मानिसको अवचेतन मनमा उत्पन्न हुने नकरात्मक भावनालाई चेतन मनले नियन्त्रण गर्न नसक्दा मानिसमा दानवीय प्रवृत्ति प्रबल बन्न पुग्दछ भन्ने विचार 'अञ्जलि'ले मुक्तकका माध्यमबाट व्यक्त गरेका छन् । समयको क्रमसँगै जीवनमा आइपर्ने विभिन्न आरोहअवरोहले मानिसलाई विभिन्न रूप धारण गर्न बाध्य पारेको छ । साथै जीवनबाट विचलित हुन पुग्ने स्थिति सृजना गर्दछ । त्यसैको परिणामस्वरूप सुख-दुःख र आँसु-हाँसोका अवस्थाहरू सृजना हुन पुग्दछन् । जे जस्तो भए पनि जीवनलाई स्विकार्नु पर्ने बाध्यतालाई यसरी 'अञ्जलि'ले व्यक्त गरेका छन् :

थोपा थोपा तृष्णाको अभाव जिन्दगी
छलकपटी मान्छेको स्वभाव जिन्दगी
रगत चुस्न पल्केका यी ब्वाँसाहरूको
उफ! हेर न कस्तो छ रवाफ जिन्दगी । (पृ. ६५)

कलात्मक र कोमल गजल कोरेर आफ्नो छुट्टै पहिचान बनाइ सकेका पुष्प अधिकारी 'अञ्जलि' फेरि मुक्तकमा लहरिएर मौलाएका छन् । मीठा शब्द, सरल

अभिव्यञ्जना र कोमल भाव बोकेका उनका मुक्तकहरू पाठकको हृदयलाई घोच्न र काउकुती लगाउन समर्थ भएका छन् । जीवनलाई लयात्मक ढङ्गले अभिव्यक्ति दिँदै मुक्तक लेख्ने यिनका मुक्तकहरू अत्यन्त पठनीय र श्रुतिमधुर भएर पनि तिखारिएका छन् ।

मुक्तकमा के दिने र मुक्तकलाई कसरी भावप्रधान बनाउने भन्ने कुरामा पुष्पअधिकारी 'अञ्जलि'ले पूर्ण रूपमा अनुभवी र प्रेरणादायी भूमिका निर्वाह गरेका छन् भन्ने कुराको सङ्केत यस सङ्ग्रहले दिएको छ । पुष्प अधिकारीका मुक्तकहरू पोल्टाभरी प्रेरणादायी वास्ना र उमङ्गका आशा लिएर बाँचेका छन् । जब घाम झुल्कन्छ, शीत परेको भुइँ पनि ओभानो हुन्छ, त्यसलाई 'अञ्जलि'ले अञ्जुलिभरि राख्ने आशा बोकेर त्यस्तै न्यानो र ओभानो किरण यस सङ्ग्रहमा छरेका छन् ।

हुस्सुभित्र हराउने हिउँदको आस राम्रो
कलिलो बिहानीको एक अञ्जुलि घाम राम्रो
पूर्णिमामा झुल्किएको शीतल जुन जस्तै
बदनामी पैसाभन्दा इज्जत र नाम राम्रो । (पृ. १७)

हरेक व्यक्तिको जीवन शैली फरक फरक हुन्छ । जीवनलाई हेर्ने दृष्टिकोण पनि व्यक्तिपिच्छे फरक फरक पाइन्छ । पुष्प अधिकारी 'अञ्जलि' मानव जीवनमा धन सम्पत्तिभन्दा इज्जतलाई नै आफ्नो सान ठान्दछन् । मानिस मृत्युदेखि डराएर जतिसुकै भाग्ने चेष्टा गरे तापनि मृत्यु अपरिहार्य छ । कुनै न कुनै दिन त्यसलाई स्विकार्नै पर्छ तर त्यो अनिश्चित छ त्यसैले 'अञ्जलि'ले मृत्युलाई अनभिज्ञ ठान्छु तर पनि बाँचिरहेको छु, मनभित्र पीडा बोकी हाँसिरहेको छु, भनेका छन् । माया प्रेमका सकारात्मक र नकारात्मक दुवै भावनालाई आफ्नो मुक्तकमा समेटका छन् । मायाप्रेम अमृत हो, जति दिए पनि यसको स्रोत सुक्दैन र जति पाए पनि तिर्सना मेटिँदैन भन्दै स्वार्थ, घमण्ड सबै आफन्तबाट टाढा बनाउने कालो सत्यतथ्य हो भनेका छन् ।

ईर्ष्या द्वेष छलकपटी मान्छेको स्वभाव कस्तो
सज्जन् सच्चरित्र यहाँ मान्छेको प्रभाव कस्तो
बुद्धको छातीमा पाइला टेक्दै हिँड्नेहरूको नै
यो देशमा हिंसाको बन्यो प्रभाव कस्तो-कस्तो । (पृ. ४०)

आजको मानव समाजमा छलकपट, ईर्ष्या, द्वेष र हिंसा स्वतः बढ्दै गएका छन् । यसका लागि कारक तत्त्व चाहना र आकाङ्क्षा बनिरहेका छन् ।  अनगिन्ती कल्पना, सपना बोकेर हिँडेका मान्छेमा सच्चरित्रता र पवित्रता पाउन असम्भव जस्तै बनेको छ । 'अञ्जलि' आफ्नो देशमा मानव सभ्यता हिंसातिर अघि बढेको र अनैतिक कार्यमा देशको नेतृत्ववर्ग नै अगाडि बढेको देखेर दुःखित छन् । अञ्जलिले प्रमुख विषयवस्तुका रूपमा देश प्रेमलाई नै लिएका छन् । धन, बाटो, घर, कलम, जीवन, संस्कृति, पीडा, दुःख, हर्ष, आँसु, माया प्रेमजस्ता मानवीय जीवनसँग सम्बन्धित विभिन्न विषयवस्तुहरूप्रतिको दृष्टिकोणलाई पनि मुक्तकमा प्रस्तुत गरेका छन् । उनका अनुसार धन प्राप्तिको चाहना, मृगतृष्णा हो, गास, बास र कपास मानिसका आधारभूत आवश्यकता हुन्, अनिश्चित बाटो मानिसका जिन्दगीका बाध्यता र विवशताको प्रतिबिम्ब हो । आजको मानव समाज यस्ता व्यक्तिगत परिवेश र परिस्थितिभन्दा माथि उठेर देशप्रेमले ओतप्रोत भई देशका निम्ति केही गर्नुपर्दछ भन्ने भावना मुक्तकमा व्यक्त गरेका छन् :

युद्ध र अशान्तिमा किन अगाडि बढ्दैछन् मान्छे आज
राष्ट्र र राष्ट्रियता बेचेर शिखर चढ्दैछन् मान्छे आज
आफू-आफू लडाइँ गरी कुन विजय खोज्दैछन् कुन्नि
देशको अस्तित्व ध्वस्त हुँदा लड्दै छन् मान्छे आज । (पृ.६३)

पुष्प अधिकारीले वर्तमान मानव सभ्यता, विकट र विषम परिवेश बोकेर हुर्किएको देखेका छन् । वर्तमान समयको विषम परिवेशले गर्दा मानिस खुलेर हाँस्न न त रुन नै पाउने स्थितिमा छ भन्दै यिनले जीवन र मरणको दोधारमा वा मृत्युको पर्खाइमा निराशावादी जीवन जीउन बाध्य मान्छे आधुनिक सभ्यता र सम्पन्नताको आवरणभित्र विकृति र अभावले पीडित हुँदै बाँच्न विवश छ भन्ने आशय मुक्तकमार्फत व्यक्त गरेका छन् :

आक्रान्त छ मन समय पनि उस्तै उस्तै
आँसु हाँसो रोदन मिश्रित जीवन उस्तै उस्तै
पिठ्यूँमा भारी बोकी मुग्लान् पस्छन्  मान्छेहरू
कसले सुन्छ हाम्रो क्रन्दन सबै स्वार्थी उस्तै-उस्तै । (पृ. ५७)

यसरी **एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा समाजमा घटित विविध समसामयिक घटनाहरू र विषयवस्तुलाई व्यङ्ग्यात्मक प्रस्तुतिमा सजाएर प्रस्तुत गरिएको छ ।

**ख) देशप्रेमका मुक्तकहरू**

**एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा राष्ट्रियता बोलेको छ । हरेक नेपालीलाई राष्ट्रको अस्मिता जोगाउने आफ्नो काम, कर्तव्य र दायित्व पूरा गर्नुपर्छ, हामी आफ्नो देशविकास गर्न एकजुट भएर लाग्नुपर्छ भन्ने आह्वान गरिएका मुक्तकहरू यस कृतिमा थुप्रै रहेका छन् ।

मान्छेहरूको भीडमा मैले देशको वर्तमान खोजेँ
कोही भन्छन् नेपाल र नेपालीको शिर ढलिसक्यो
तै पनि हार नखाई देशको अभिमान खोजेँ । (पृ. ५८)

मातृभूमिप्रति दृढ आस्था राख्ने मुक्तककार 'अञ्जलि' देशमा लोकतन्त्र आए पछि आफ्ना भावना यसरी पोख्न पुगेका छन् :

छोरा सम्झेर अब तिमीले रुनुपर्दैन आमा
लोकतन्त्र आयो देशमा एक्लै हुनुपर्दैन आमा । (पृ. ६९)

यसरी मुक्तकहरूमा आफ्ना निजी स्वार्थ र घरायसी घटना त्यागेमा स्वच्छ राष्ट्रियताको भावना प्रवाहित हुन्छ भन्ने भावाभिव्यक्ति प्रस्तुत भएको पाइन्छ ।

**ग) राजनीति चेतनायुक्त मुक्तककार**

नेपाली जनजीवन र वास्तविक वर्तमान स्थितिलाई झल्काउने यी मुक्तकहरूमा ग्रामीण परिवेश र सहरिया जनजीवनका यथार्थहरूका बाँध फुटालेर देखाउने प्रयास गरिएको छ । विकृति, विसङ्गति र अभावले ग्रसित नेपालीहरूमा अझ अर्को हिंसाको डर, त्रासमा बाँच्नु पर्ने स्थिति विद्यमान छ भने अर्कातिर आर्थिक, सामाजिक र राजनैतिक उतारचढावले गर्दा उत्पन्न अशान्तिका कारण विस्थापित भई शरणार्थी जीवन झेल्नुपर्ने आशङ्का मनमा जीवन्त भएर बसेको छ । देशमा बढ्दो बेरोजगारीको समस्याले कमजोर आर्थिक अवस्था भएका युवावर्ग

अर्थोपार्जनका लागि वैदेशिक रोजगारमा होमिइरहेका छन् । यस्तो देशको विकराल स्थितिलाई 'अञ्जलि' मुक्तकका माध्यमबाट चित्रण गर्न पुगेका छन् :

हामी आफै हारिरहेछौ कुन जीतको कुरा गरुँ ?
गाउँ बस्ती रोइरहेछ कुन हितको कुरा गरुँ ?
अस्तव्यस्त छ मुलुक आज युद्धको चपेटाले
तिमी नै भन यस्तो बेला कुन प्रीतको कुरा गरुँ ? (पृ. ५६)

गाउँ-गाउँ, बस्ती-बस्ती रोइरहेको बेलामा यहाँ माया र ममताको पनि कुनै मूल्य नै छैन । पदको मातमा मर्यादालाई लत्याएर कुल्चिने मानवीय प्रवृत्ति पनि यहाँ ठूलाबडामा हावी रहेको छ भनी व्यङ्ग्य गर्ने मुक्तकसङ्ग्रहमा राजनैतिक विषयवस्तु बोकेका प्रशस्त मुक्तकहरू पनि रहेका छन् ।

कुर्ची पाए सत्ताको गीत गाउनुस् नेताजी
नपाए जनतासँगै मीत लगाउनुस् नेताजी
हजार खर्चे लाख हुन्छ लाख खर्चे करोड
मौका छोपी जनतासँग प्रीत लगाउनोस् नेताजी । (पृ. ४९)

यस मुक्तकसङ्ग्रहमार्फत 'अञ्जलि' वर्तमान राजनैतिक विकृतिमाथि व्यङ्ग्य प्रहार गर्नमा रमाएका छन् । स्वार्थी र धूर्त नेताहरू, सिधासाधा जनता र रुग्ण बन्दै गएको प्रजातन्त्रको स्थिति देखेर आफ्ना अनुभूतिहरूलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । देशविकास र जनताको अवस्थामा सुधार ल्याउनका लागि देशभक्त सहिदले दिएको बलिदानको फलस्वरूप स्थापना भएको लोकतन्त्र नेताहरूका लागि सत्ता मोहको खेलमैदान बनेको छ भन्दै व्यङ्ग्यात्मक रूपले नेताहरूको चरित्रचित्रण गरिएको छ । सत्ता प्राप्त गर्न हड्डीका निम्ति कुकुरहरू लडेझैँ नेताहरू पनि आपसी सङ्घर्षमा नै व्यस्त रहन थालेका छन् । नेताहरूको फोस्रो भाषणमा विश्वास गर्न पुगेका सोझा जनता आफूले निर्वाचन गरी जिताएर पठाएका नेताहरूले देश विकास गर्ने छन् भन्ने आशामा बाँच्न विवश छन् तर जनताको आशा पूरा हुने कुनै लक्षण देखिँदैन । देश नै बेच्छन् कि भन्ने शङ्का उत्पन्न भएको छ । जनतालाई चुसी आफ्नै पेट भर्न पल्केका नेताहरूमा 'मै खाउँ मै लाउँको प्रवृत्ति हावी भएको छ । जनताको चाहना बुझ्न त उनीहरूको कुनै

उद्देश्य देखिँदैन । यस्तै यस्तै भाव व्यक्त भएका उनका मुक्तकहरू कलात्मक सौन्दर्यले भरिपूर्ण भइकन पनि सामाजिक चेतना, राजनैतिक स्थिरता र राष्ट्रप्रेमका कारुणिक भावनाहरू अभिव्यक्त भएका छन् ।

आफै खाउँ आफै लाउँ मोज मस्ती आफै गरुँ
भन्दै ती ब्वाँसाहरू देश बेच्न पल्केका छन् । (पृ. ४९)

## घ) प्रेमप्रणययुक्त मुक्तकहरू

**एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहमा कतिपय मुक्तकहरू युवा सुलभ प्रेमभावले भरिएका छन् । अनुराग, प्रतीक्षा, मिलन, धोका, बिछोडजस्ता अवस्थाहरूका प्रेमी हृदयमा उत्पन्न हुने प्रणयभावहरू मुक्तकहरूमा व्यक्त भएका छन् । आफ्नी प्रेमिकासँगको सुमधुर मिलनको सपना देख्ने प्रेमी आफ्नो मुटुभरिको माया दिएर पनि सन्तुष्ट हुन नसक्दा रातदिन प्रेमीकै यादमा हराउन थाल्छ । आफ्नो मनभित्र पीडा दवाएर सपनामा उनीसँग खेल्न थाल्छ । आफ्ना भावना बुझिदिन प्रेमिकालाई आग्रह पनि  गर्दछ भन्ने कुरा मुक्तकका माध्यमबाट व्यक्त गर्न पुग्दछन् तर उनी बिछोडका पीडालाई बढी मार्मिक ढङ्गबाट व्यक्त गर्छन् :

खै किन हिजोआज म त तिम्रै हुन थालेँ
तिम्रै रूप सम्झी-सम्झी रात भरी रुन थालेँ
कल्पनाको सागरमा पौडी खेल्दै पलपल
हररात सपनीमा तिमीलाई नै छुन थाले । (पृ. ३८)

मुक्तककार प्रेम प्रेमिकाको चित्रण गर्दा कतै गुनासो गर्न पुगेका छन्,  कहीँ धोकाले आफ्नो आक्रोश व्यक्त गर्न पुगेका छन् भने कहीँ निराश भई आफूभित्रै भुट्भुटिन पुगेका छन् । आफ्नो जिन्दगीदेखि नै विरक्त भएर वेदनायुक्त पीडा पोखिएको पनि पाइन्छ । आफू जीउनुको अर्थ नै बिर्सिएर बिछोडको पीडा बोकेर हाँस्नुको अर्थ खोज्न विवश प्रेमिको स्थिति चित्रण गर्न पुगेको पनि देखिन्छ मुक्तकहरूका माध्यमबाट :

तिम्रो निम्ति बाँच्नुको अर्थ खोज्दै छु म
सापटीमा हाँस्नुको अर्थ खोज्दै छु म

जसलाई भनि सारा जीवन साँचेको थेँ मैले
सायद जीवन साँच्नुको अर्थ खोज्दै छु म । (पृ. ३०)

जीवनलाई हेर्ने दार्शनिक दृष्टिकोण सबैको एक किसिमको हुँदैन । चेतन र अवचेतन मनका विविध भावहरू, ग्रामीण तथा सहरिया समाजभित्रका तीता यथार्थहरू र नैतिकताको अभावमा दुर्गन्धित बन्न पुगेका राजनैतिक अवस्थालाई मुक्तकमा समेटिएको छ । जीवन र मरणको स्थितिमा बाँच्न विवश दैनिक जीवनचर्या देखाएर कविले बढी निराशावादी दृष्टिकोण पनि व्यक्त भएको जस्तो लाग्छ ।

### ङ) बिम्बविधान र अलङ्कारविधान

पुष्प अधिकारी 'अञ्जलि' ले **एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा प्रतीक र बिम्बहरू प्रयोग गरी भावलाई प्रगाढ तुल्याएका छन् । मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा ताप, दृश्य, गति, स्वाद, गन्ध आदि विभिन्न बिम्बहरूमा प्रयोग पाइन्छ । यस्तै विविध अलङ्कारको प्रयोगद्वारा मुक्तक सुन्दर श्रुतिरम्य बनेका छन् । बिम्ब र अलङ्कारले विशेषतः मुक्तहरूलाई आकर्षक तथा स्तरीय तुल्याउँछ । बिम्ब, प्रतीक र अलङ्कारयुक्त केही मुक्तकहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

कलम समाउने कलिला हातहरूमा देखेको छु बन्दुक र गोली
किताब बोकेर पाठशाला जानेबेला बगाउँदैछन् रगतको खोली
कहिले रोकिन्छ यो युद्ध कहिले फर्किन्छ शान्ति देशमा
खै कसलाई चिन्ता छ र भविष्य यी सन्ततिहरूको भोलि । (पृ. ४५)

## ४.४ निष्कर्ष

मुक्तककार पृष्प अधिकारी 'अञ्जलि'ले वर्तमान नेपाली जनजीवनसित सरोकार राख्ने थुप्रै विषयवस्तुहरूलाई यस सङ्ग्रहमा समेटेका छन् । मुक्तकमा माया-प्रेम, पीडा-व्यथा, घात-प्रतिघात, आत्मपीडा-परपीडा, चेतन, अचेतनका साथै मान्छेको यथार्थ चरित्र र देशका राजनेताका भ्रष्ट चरित्रहरूलाई प्रसङ्ग मिलाई सरल र सटीक ढङ्गबाट व्यक्त गरेको

पाइन्छ । मुक्तककारले वर्तमान समयको प्रतिनिधित्व आफ्नो मुक्तकहरू मार्फत गरेका छन् । हातका औँलाहरू त लामा छोटा हुन्छन् भने उनका सबै मुक्तकहरू स्तरीय, कसिला र ओभिला छन् भन्न चाहिँ सकिँदैन । वास्तवमा सबै संरचना उत्तिकै उत्कृष्ट बनाउन कसैले पनि सक्दैन तर यस सङ्ग्रहमा अधिक उत्कृष्ट र ओभिला रचनाले त्यस्ता कमजोरीहरूलाई ओभेलमा पारिदिएका छन् ।[39]

**एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रहमा छन्द, अलङ्कार र विभिन्न बिम्ब र प्रतीकहरूलाई पनि महत्त्वका साथ मिलाउने कोशिस गरिएको छ । थोरै शब्दबाट धेरै भावलाई समेट्ने प्रयास गरिएका यी मुक्तकहरू घतलाग्दा र चोटिला छन् । यसरी मुक्तककारका मनमा उम्लिएका अनुभूतिहरू व्यक्त भएका उनका मुक्तकहरू समग्रमा पाठक तथा अध्येताहरूका माभ सार्थक, उत्कृष्ट बन्न पुगेका छन् ।

[३०] श्रेष्ठ प्रिया पत्थर, *एक अञ्जुलि घामभित्रका अञ्जलि*, **एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मभेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. १-७ ।

# परिच्छेद : पाँच

# मूल्याङ्कन तथा उपसंहार

## परिच्छेद : पाँच

# मूल्याङ्कन तथा उपसंहार

नेपाली साहित्यिक इतिहासको खोज गर्दा धेरै त्यस्ता स्रष्टा भेटिन्छन् जसको खुबीले सम्पूर्ण नेपाली गर्वले छाती फुलाउँछन् । सिङ्गो नेपाल र नेपालीको सामीप्य र घनिष्ठताको छहारीमा बाँच्ने स्रष्टाहरूको समृद्ध परम्परामा पुष्प अधिकारी 'अञ्जलि' पनि एक स्रष्टाका रूपमा देखापरेका छन् । 'अञ्जलि' बहुप्रतिभाका धनी नेपाली माटो र मुटुका स्रष्टा हुन् । विभिन्न विधामा आफ्नो क्षमता र प्रतिभालाई उत्तिकै देखाउन सक्ने खुबी यिनीसँग छ । कथा, कविता, निबन्ध, गजल र मुक्तक आदि विधाहरूमा आफूलाई विभाजन गरेर राजनीतिक, सामाजिक, राष्ट्रियता र प्रेमप्रणय भरिएका रचना सृजना गर्ने 'अञ्जलि' कलागत क्षमता प्रदर्शन गर्न सक्ने स्रष्टा हुन् । रचनागत नवीनता, बौद्धिकता र दर्शनका प्रयोगले यिनका सृजनाहरूसशक्त र शालीन देखिन्छन् । 'अञ्जलि'का कतिपय सृजनाहरू राजनीतिक र सामाजिक रूपान्तरणमा केन्द्रीकृत भएका छन् । समसामयिकतामा यथार्थको खोजी र परिवर्तनको चाहना बोकेका रचनाले प्रगतिवादी स्रष्टाका रूपमा यिनलाई उभ्याएका छन् । पीडा, वेदना, दैनिक जीवनमा भोग्नु परेको समस्या र तिनको समाधानमा सचेत रहेको पाइन्छ । रचनाको आकार सानो भए पनि व्यापकता र पूर्ण संसार अटाउने काव्य शिल्पको परिकल्पनातिर उन्मुख 'अञ्जलि' सङ्क्षिप्ततालाई महत्त्व दिने स्रष्टा हुन् । यसरी हेर्दा अञ्जलि संस्कृत साहित्यका कालिदास र अङ्ग्रेजी साहित्यका क्रिस्टको काव्यकलाको नजिक देखिन्छन् । आफ्नो विवेक र अनुभूतिलाई प्रस्तुतिमा नयाँपन दिने र विसङ्गतिप्रति प्रहार गर्ने यिनको प्रवृत्ति अपेक्षाकृत उल्लेखनीय छ । आफ्नो लेखनीमा नयाँ विषयवस्तुको प्रयोग, कलापक्षमा परिमार्जनको खोजी, शैलीमा नवीनता र विचारमा बौद्धिकताको प्रयोग उर्जाशील ढङ्गले सन्तुलन कायम गर्न सकेको खण्डमा राम्रो देखिन्छ । साहित्य सृजनामा लामो समय पार गरिसकेका पुष्प अधिकारीका सृजना **मनभित्रको मन** (२०६२), **एक अञ्जुलि घाम** (२०६३), **स्वप्निल नयन** (२०६४) र **जून फुलेको बस्ती** (२०६६)

मा कलापक्ष राम्रो देखिन्छ । साहित्य कालजयी विश्वजनीन हुनुपर्छ भन्ने दृष्टिलाई यिनले आत्मसात् गरेका छन् र साहित्यिक बजारमा पुष्प अधिकारीको भविष्य उज्जवल देखिन्छ ।

चितवनको साहित्यले समग्र नेपाली साहित्यको वर्तमान अवस्थाको स्थितिलाई मजबुत बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसै चितवनको साहित्य र यसका स्रष्टाहरूको चर्चा गर्नुपर्दा साहित्यकार पुष्प अधिकारी 'अञ्जलि' को नाम अग्रपङ्क्तिमा पर्दछ । २०२३ साल भाद्र १२ गते आइतबारका दिन चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ९ मा जन्मेका पुष्प अधिकारी 'अञ्जलि' पिता स्व. झपनबहादुर अधिकारी र माता देवकुमारी अधिकारीका पाँचौ सन्तानका रूपमा जन्मेका थिए । उनको जन्म निम्न वर्गीय परिवारमा भएको थियो । उनले २०२८ सालमा गाउँकै प्राथमिक विद्यालयबाट औपचारिक शिक्षाको आरम्भ गरेका थिए । कक्षा ४ देखि कक्षा सातसम्मको अध्ययन श्री जनजीवन निम्न माध्यमिक विद्यालयबाट पूरा गरेका 'अञ्जलि'ले पिठुवामा अवस्थित श्री जनजागृति माध्यमिक विद्यालयबाट २०४४ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए । वाल्यावस्थामा नै पिताको देहवसान भएको, पुर्ख्यौली सम्पत्ति खासै नभएको हुँदा आर्थिक कठिनाइका कारण पनि उनी उच्च शिक्षाका लागि भरतपुरस्थित वीरेन्द्र बहुमुखी क्याम्पसमा भर्ना भएर आफ्नो औपचारिक अध्ययनलाई निरन्तरता दिएको पाइन्छ । सोही कलेजबाट बि.ए. सम्मको अध्ययनपश्चात् उनको औपचारिक शिक्षामा पूर्णविराम लागेको देखिन्छ ।

पारिवारिक दृष्टिकोणबाट हेर्दा आफ्ना माता-पिताका पाँचौ सन्तानका रूपमा जन्मेका पुष्प अधिकारी 'अञ्जलि' २०४४ सालमा एक्काइस वर्षको उमेरमा नै वैवाहिक सूत्रमा आवद्ध भएको पाइन्छ । मकवानपुर जिल्लाको सदरमुकाममा जन्मेकी इन्दिरा सापकोटासँग २०४४ सालमा उनको विवाह भएको थियो । जातीय विभेदले ग्रस्त तत्कालीन समयमा पनि उनले सामाजिक आलोचनालाई चुनौति दिँदै अन्तर जातीय विवाह गरेका थिए । अहिले उनका सुलभ र सुभाष नामका दुई छोरा रहेका छन् । सानै उमेरदेखि नै आर्थिक अभावका चपेटामा परेका 'अञ्जलि'ले आफ्नो आर्थिक अवस्था दरिलो बनाउन तथा पारिवारिक जिम्मेवारी पूरा गर्नका लागि २०४७ सालदेखि नै जागिरे जीवनको आरम्भ गरेको पाइन्छ । २०४७ सालदेखि वीरेन्द्र बहुमुखी क्याम्पसको प्रशासनिक फाँटमा काम गरेका 'अञ्जलि' अहिलेसम्म पनि सोही स्थानमा कार्यरत छन् ।

पुष्प अधिकारी 'अञ्जलि' नेपाली साहित्यमा परिचित साहित्यकारका रूपमा देखिन्छन् । नेपाली साहित्यका विभिन्न विधाहरू कथा, कविता, गजल, मुक्तक र निबन्ध

विधाजस्ता विधामा उनको कलम अझ बढी सशक्त बन्दै गएको देखिन्छ । २०४४ सालमा *मेरो माटो मेरो मुटु* शीर्षकको राष्ट्रवादी चिन्तनले युक्त कविता प्रकाशन गरेर औपचारिक साहित्य यात्राको आरम्भ गरेका पुष्प 'अञ्जलि'का हालसम्म चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् जसमा **मनभित्रको मन** गजलसङ्ग्रह (२०६२), **स्वप्निल नयन** गजलसङ्ग्रह (२०६४), **एक अञ्जुलि घाम** मुक्तकसङ्ग्रह (२०६३) र **जून फुलेको वस्ती** (२०६६) मुक्तकसङ्ग्रह पर्दछन् ।

कविता लेखनबाट साहित्य यात्रा आरम्भ गरेको भए पनि पुष्प अधिकारी 'अञ्जलि' गजल विधामा बढी सशक्त देखिन्छन् । दुई गजलसङ्ग्रहभित्रका उनका गजललाई हेर्ने हो भने उनका अधिकांश गजलमा प्रेमप्रणयका भावहरू सशक्त रूपमा प्रस्तुत छन् । यसका अतिरिक्त उनका गजलहरूमा राष्ट्र र राष्ट्रियताको भावना पनि निकै प्रगाढ बनेको पाइन्छ । उनका गजलमा सामाजिक विकृति-विसङ्गतिको आलोचना, राजनैतिक क्षेत्रको विसङ्गतिको चर्चा मानवतावादी चेतना, जीवनप्रति आशावादी दृष्टिकोण, प्रकृतिप्रेम, विरह एवम् व्यथाका अनूभूतिहरू निकै कलात्मक रूपमा व्यक्त भएका छन् । उनका अधिकांश गजलहरूमा संरचनागत सन्तुलन भेटिन्छ । रदिफ र काफिया दुवैको सरल र प्रभावकारी प्रयोग उनको गजलकारिताको एक विशेषता बनेको छ । उनको गजललेखनमा शास्त्रीय एवम् लोक छन्द दुबैको उचित संयोजन पाइन्छ । यसरी गजलकार पुष्प अधिकारी 'अञ्जलि'का प्रकाशित गजलहरू तथा गजलसङ्ग्रह भित्र सङ्कलित गजलहरूको अध्ययन विश्लेषण गर्दा उनलाई आधुनिक गजल लेखनका क्षेत्रमा क्रियाशील एक कुशल स्रष्टाका रूपमा लिन सकिन्छ ।

गजलका अतिरिक्त पुष्प अधिकारी 'अञ्जलि' मुक्तक विधामा पनि त्यक्तिकै प्रसिद्ध रहेका छन् । '**एक अञ्जुलि घाम** (२०६३) र **जून फुलेको वस्ती** (२०६६) उनका प्रकाशित मुक्तकसङ्ग्रहहरू हुन् । यी सङ्ग्रहमा सङ्कलित मुक्तकहरूका आधारमा हेर्ने हो भने मुक्तककार पुष्प अधिकारी 'अञ्जलि' नेपाली साहित्यकै एक स्थापित मुक्तककारका रूपमा रहेको पाइन्छ । यिनका मुक्तकहरूमा नेपाली जनजीवन तथा समाजसँग सम्बद्ध थुप्रै विषयहरूलाई समेटेर चित्रण गरिएको छ । उनका मुक्तकहरूमा मायाप्रेम, पीडाव्यथा, घातप्रतिघात, प्रेम, उत्सर्ग, समर्पण, वियोग तथा विरहका व्यथाहरू, स्वतन्त्रता एवम् शान्तिको चाहना, कर्मप्रतिको आस्था, विश्वबन्धुत्व एवम् भ्रातृत्वको भावना, नेपाली स्वाभिमान, भ्रष्ट राजनैतिक नेतृत्व, अकर्मण्य नेतृत्वको आलोचना एवम् व्यङ्ग्य लगायतका

प्रसङ्गहरूलाई निकै सरल एवम् प्रभावकारी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । गजल र मुक्तकका अतिरिक्त उनका प्रशस्त फुटकर कथा, निबन्ध, समालोचना पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित रहेका छन् ।

यसरी नेपाली साहित्यका फाँटमा साहित्यकार पुष्प अधिकारी 'अञ्जलि'एक सशक्त गजलकार तथा मुक्तककारका रूपमा परिचित हुँदै गएका छन् । विभिन्न विधामा कलम चलाउने साहित्यका 'अञ्जलि' सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक रूपमा पनि सशक्त बनेका छन् । भाषिक सरलता एवम् सहजता नै उनका लेखनीको मूलभूत विशेषताहरू हुन् । सरल एवम् कोमल शब्दचयन गर्दै प्रभावकारी शैलीका माध्यमले विषयको प्रस्तुति दिन उनका साहित्यिक रचना सक्षम देखिन्छन् । राष्ट्रप्रेमको भावना, विसङ्गतिप्रतिको आलोचना, अहिंसाको विरोध, समाजसुधारको अपेक्षा 'अञ्जलि'का साहित्यिक विशेषता नै बनेका छन् ।

# सन्दर्भसामग्री सूची

# सन्दर्भसामग्रीसूची


अन्जान, बिर्खे, *मुक्तककार पुष्प अधिकारी 'अन्जलि' र उनको मुक्तकको मनोसामाजिक धरातल,* **हाम्रो मझेरी,** (हाम्रो मझेरी साहित्य प्रतिष्ठान, भरतपुर, चितवन, २०६६), पृ. ११-२० ।

आनन्द, धनराज, *यो माटो साहित्यशान तेस्रो नेत्र : हाम्रो मझेरी प्रतिष्ठान,* **चितवन पोष्ट,** (वर्ष ९, अङ्क ४, २०६५), पृ. १ ।

आमोदी, केशवराज, *'सत्यमोहन' सैद्धान्तिक विश्लेषणको कसीमा,* **जून फुलेको बस्ती,** (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६) ।

ओझा, घनेन्द्र, **नेपाली गजल, सिद्धान्त र विवेचना,** (काठमाडौं : ऐन पुस्तक संसार, २०६७) ।

गिरी, खगेन्द्र, *फूलको बस्तीमा जूनलाई निम्तो,* **जून फुलेको बस्ती,** (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६) ।

———— *शुभकामना,* **एक अञ्जुलि घाम,** (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३) ।

गिरी, धनराज, *फगत् चोखो माया-हृदयको कुनाबाट !,* **जून फुलेको बस्ती,** (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६) ।

त्रिपाठी, वासुदेव, **मुक्तक एक सङ्क्षिप्त चर्चा,** (काठमाडौं : ने.रा.प्र.प्र., २०४३) ।

तिवारी, शिला, *शुभकामना,* **मनभित्रको मन,** पुष्प अधिकारी 'अन्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३) ।

दवाडी, पूर्णप्रसाद, **धनराज गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.), वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवन, २०६७ ।

नागेन्द्र, *गजल गाथा,* **समकालीन साहित्य,** (वर्ष ३, अङ्क २, २०५०), पृ. ४९ ।

नेपाल, देवी, **गजल कसरी लेख्ने,** (काठमाडौं : ऐरावती प्रकाशन, २०६७) ।

प्रिया, श्रेष्ठ 'पत्थर', *एक अञ्जुलि घामभित्रका 'अन्जलि',* **एक अञ्जुलि घाम,** (पुष्प अधिकारी 'अन्जलि', चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३) ।

पुडासैनी, दामोदर 'किशोर', *समयका शक्तिशाली साक्षी पुष्प अधिकारी 'अञ्जलि',* **एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३) ।

———————————— *स्वप्निल नयनभित्र डुबेका अञ्जलि,* **स्वप्निल नयन**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६४) ।

पोखरेल, बालकृष्ण, **नेपाली बृहत शब्दकोश**, (काठमाडौं : ने.रा.प्र.प्र., २०५५) ।

बराल, रेशमराज, *शुभकामना,* **एक अञ्जुलि घाम**, पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३) ।

लम्साल, नवराज *अञ्जुलिमा पुष्प अञ्जुलि र घामका किरणहरू,* **एक अञ्जुलि घाम,** पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३) ।

विनोदी, गोविन्दराज, *शुभकामना,* **मनभित्रको मन,** पुष्प अधिकारी 'अञ्जलि', (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३) ।

शशी, सरिता, *स्वप्निल नयनमा नयन बिछ्याउँदा,* **हेटौंडा सन्देश**, (वर्ष ३, अङ्क ११२, २०६४), पृ. ३ ।

शर्मा, मोहनराज, **शैली विज्ञान,** (काठमाडौं : ने.रा.प्र.प्र., २०४८) ।

# परिशिष्ट खण्ड

# परिशिष्ट 'क'

## शोधनायक पुष्प अधिकारी 'अञ्जलि'लाई गरिएका प्रश्नावलीहरू

१. यहाँको वास्तविक नाम के हो ?

२. तपाईंको जन्म कहाँ र कहिले भएको थियो ?

३. यहाँका बाबु तथा आमाले पहिला कुन पेसा अवलम्बन गर्नु हुन्थ्यो र हाल के गर्दै आउनु भएको छ ?

४. तपाईंको परिवारमा हाल कति जना सदस्य हुनुहुन्छ ?

५. तपाईंको परिवारमा तपाईं कुन चाहिँ सन्तान हुनुहुन्छ ?

६. अधिकारी वंशको सुरुवात कसरी भएको थियो ?

७. तपाईंको पुर्ख्यौली बसोबास कहाँ रहेको थियो ?

८. तपाईंको जन्मस्थानमा सर्वप्रथम कसले प्रवेश गर्नु भएको थियो ?

९. तपाईंका पुर्खाहरू तपाईंको जन्मस्थलमा आउने क्रममा के कसरी आउनु भएको थियो ?

१०. तपाईं कहिलेदेखि चितवन प्रवेश गर्नुभयो ?

११. खास कुन सिलसिलालाई लिएर चितवन प्रवेश गर्नुभयो ? (पेसागत हिसाबले भएमा मात्र)

१२. तपाईंको बाल्य अवस्था कसरी बितेको थियो ?

१३. बाल्यावस्था कुन ठाउँमा बिताउनु भयो ?

१४. बाल्यावस्थाका रुचिका विषयहरू के के थिए ?

१५. बाल्यकालमा विशेषगरी के गर्न मन लाग्थ्यो ?

१६. औपचारिक शिक्षामा कहिलेदेखि प्रवेश गर्नु भयो ?

१७. औपचारिक शिक्षा आर्जन कहाँ कहाँ बाट गर्नु भएको थियो ?

१८. घरमा शैक्षिक वातावरण कस्तो प्रकारको रह्यो ?

१९. अध्ययनका अवस्थामा यहाँका रुचिहरू के के थिए ?

२०. खानपान तथा पोसाकको दृष्टिकोणमा केही जानकारी दिनुहोस् न ।

२१. यहाँका मनोरञ्जन तथा रुचिका विषयहरू के के छन् ?

२२. अध्ययनको सिलसिलामा पनि साहित्यप्रति विशेष अनुराग रहनुमा कसको प्रभाव परेको थियो ?

२३. तपाईंको वैवाहिक अवस्था तथा हालसम्मको दाम्पत्य जीवन के कस्तो रहेको छ ?

२४. तपाईंका कति जना सन्तति हुनुहुन्छ र उहाँहरूको शारीरिक तथा शैक्षिक अवस्था के कस्तो छ ?

२५. धर्म-संस्कृतिप्रति यहाँको धारणा के कस्तो रहको छ ?

२६. आफ्नो परम्परा तथा धर्म संस्कृतिको जगेर्ना गर्नका लागि यहाँले गर्नुभएका उल्लेखनीय योगदानहरू के-के होलान् ?

२७. पेसागत हिसाबले हाल कुन पेसा अवलम्बन गर्दै आउनु भएको छ ?

२८. हालसम्म विशेषगरी कुन कुन पेसालाई अवलम्बन गर्दै आउनु भयो ?

२९. हाल कुन कुन संस्थामा आबद्ध हुनुहुन्छ ?

३०. तपाईंको घरपरिवार आर्थिक अवस्थाका दृष्टिकोणले कत्तिको सबल रहेको छ ?

३१. आर्थिक दृष्टिकोणले तपाईंको पुर्ख्यौली अवस्था कस्तो थियो ?

३२. साहित्ययात्रामा कहिलेदेखि के विधालाई लिएर प्रवेश गर्नु भएको थियो ?

३३. यहाँले साहित्य यात्रामा प्रवेश गर्नुको मुख्य उद्देश्य के रहेको छ ?

३४. खास कसको प्रेरणाले साहित्य साधनामा प्रवेश गर्नु भएको हो ?

३५. साहित्य साधनामा यहाँका रुचिहरू के के होलान् ?

३६. साहित्यमा आफूलाई किन 'अञ्जलि' कै नामबाट चिनाउन खोज्नुको मुख्य आशय के होला ?

३७. साहित्यमा यहाँले कुन- कुन विधामा कलम चलाउनु भएको छ ?

३८. विशेषगरी गजल तथा मुक्तक विधामा नै कलम चलाउनुमा यहाँको धारणा के हुन सक्छ ?

३९. साहित्य लगायत अन्य सामाजिक, राजनीतिक, क्षेत्रमा यहाँको योगदान कस्तो रहेको छ ?

४०. यहाँको जीवनमा घटेका अविस्मरणीय क्षण के के हुन सक्दछन् ?

४१. अहिलेसम्म यहाँका दुःखद तथा रोचक घटनाहरू के के हुन सक्दछन् ?

४२. यात्रामा यहाँको कत्तिको रुचि छ होला ?

४३. यात्रा गर्दा यहाँले अनुभूति गर्नु भएका अविश्मरणीय क्षण के के होलान् ?

४४. यहाँले गर्नु भएको पहिलो यात्रा के थियो ?

४५. साहित्य साधनाका क्रममा के कत्तिको यात्रा गर्न रुचाउनु हुन्छ ?

४६. यहाँले अहिलेसम्म प्राप्त गर्दै आउनु भएका सम्मान तथा पुरस्कारहरू के के हुन् ?

४७. तपाईँको बुझाइमा गजल के हो ?

४८. तपाईँको विचारमा नेपाली गजलको विषयवस्तु कस्तो हुनुपर्दछ ?

४९. जीवनलाई कसरी परिभाषित गर्नुहुन्छ ?

५०. तपाईंको भावी योजना के छ ?

५१. चितवन जिल्लाको साहित्यिक मोडलाई कसरी नियाल्नु भएको छ ?

५२. साहित्यले समाजलाई परिवर्तन गराउँछ र नयाँ समाजको निर्माण हुन्छ पनि भनिन्छ नि ?

५३. तपाईँ जागिरे पनि हुनुहुन्छ, पत्रिकाहरूसँग विभिन्न राष्ट्रिय गजलका कृतिहरू सम्पन्न गर्नुहुन्छ र साहित्यमा कलम चलाइ रहनुभएको छ, कसरी समय मिलाउनु भएको छ ?

## परिशिष्ट 'ख'

### शोधनायकको छायाचित्र



# परिशिष्ट 'ग'

## पुष्प अधिकारी 'अञ्जलि'ले प्राप्त गरेका सम्मानहरू



शुभारम्भ साहित्य समाज

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर, चितवन, नेपाल

[illegible] पत्र

साहित्यको सेवामा अनवरत लागिरहेको यस शुभारम्भ साहित्य समाजद्वारा मिति २०६९/१२/१९ गते सोमबार का दिन आयोजित "खुल्ला कविता प्रतियोगिता" मा निर्णायकको भुमिका निर्वाह गरी सहयोग पऱ्याउनुहुने वरिष्ठ साहित्यकार श्री **पुष्प अधिकारी अञ्जली** ज्युलाई स-धन्यवाद यो **कदर पत्र** प्रदान गरिएको छ ।

नेपाली साहित्य क्षेत्रमा यहाँको योगदान एक आधारशीला बन्नुका साथै नयाँ पुस्ताका निम्ति मार्गनिर्देश गर्ने श्रोतको रुपमा रहिरहोस् ।

सभापति
गोविन्द 'नवोदित'
संयोजक, शु.सा.स.

प्रमुख अतिथि
प्रा. डा. डिल्लि राम बराल
डिन
कृषि संकाय, कृ.व.वि.वि

मितिः-२०६९/१२/१९



गजल मञ्च मकवानपुर

हेटौंडा, २०६१

सम्मानपत्र

श्री पुष्प अधिकारी 'अञ्जली'
गजलकार, चितवन

नेपाली गजल साहित्यको क्षेत्रमा विगत दुई दशकदेखि क्रियाशील रही आधुनिक नेपाली गजलको संरक्षण, सम्वर्द्धन र विस्तारमा प्रतिबद्ध तपाईंलाई गजल विधामा पुऱ्याउनुभएको उल्लेखनीय योगदानको कदर गर्दै गजल मञ्च मकवानपुरको तर्फबाट यो सम्मानपत्र समर्पण गरिएको छ । यस अवसरमा मञ्च यहाँको निरन्तर साधना, दीर्घजीवन र उत्तरोत्तर समृद्धिका लागि हार्दिक कामना गर्दछ साथै नेपाली गजल साहित्यले यहाँको अथक योगदानबाट अझ पुष्पित र पल्लवित हुन पाउने छ भन्ने आशा एवम् विश्वास व्यक्त गर्दछ ।

२ वैशाख, २०६९

वसन्त खरेली
(सचिव)

मुस्कान [illegible]
(अध्यक्ष)

निमेष निखिल
(प्रमुख अतिथि)

सौजन्य: मुक्तिगोविन्द वैद्य, हेटौंडा-५



श्री

तुल्सिराम स्मृति प्रतिष्ठान

कोहलपुर, बाँके

तुल्सिराम स्मृति पुरस्कार–२०६३

नेपाली साहित्यको अभिबृद्धिमा सृजनात्मक, संगठनात्मक र साहित्यिक पत्रकारिताको क्षेत्रबाट तपाई **भरतपुर, चितवन** निवासी **श्री पुष्प अधिकारी "अञ्जली"** ले मोफसलमा बसेर पुर्‍याउनु भएको योगदान वन्दनीय छ।

विशेषत: नवप्रतिभाहरुलाई प्रष्फुटित, पल्लवित र उर्जाशील बनाउनका लागि तपाईले विगत लामो समयदेखि पुर्‍याउनु भएको योगदानको कदर गर्दै यस प्रतिष्ठानले प्रथम पटक यस वर्षको **तुल्सिराम स्मृति पुरस्कार**द्वारा तपाईलाई सम्मानीत गर्ने निर्णय गरेको छ।

(इति सम्वत्: २०६३ आषाढ १० गते शुभम्)

पवित्रा ढकाल (संस्थापिका) | (प्रमुख अतिथि) | महानन्द ढकाल (अध्यक्ष)



कालिका एफ एम प्रा लि

Kalika FM Pvt Ltd

भरतपुर, चितवन

सम्मान–पत्र

श्रद्धेय युवा साहित्यकार **पुष्प अधिकारी 'अञ्जली'** ज्यू,


भरतपुर, चितवन


**कालिका एफ एम** ९५.२ ले सफलतापूर्वक आफ्नो प्रसारणको चौथो वर्ष पूरा गरी पाँचौं वर्ष प्रवेश गरेको उपलक्ष्यमा यहाँले नेपाली भाषा र साहित्यको सेवा र श्रीवृद्धिमा निरन्तर पुर्‍याउँदै आउनु भएको विशिष्ट योगदानको उचित कदरस्वरूप यहाँलाई **कालिका स्रष्टा सम्मान २०६३** द्वारा सम्मान एवम् पुरस्कृत गरिएको हुँदा अभिनन्दनपूर्वक यो **सम्मान–पत्र** अर्पण गरिएको छ ।

यहाँको साहित्यिक भविष्य उज्ज्वल रहोस्
यही हाम्रो शुभकामना ।

(चेतन कार्की)
वरिष्ठ गीतकार एवम् संस्कृतिविद्
प्रमुख अतिथि

(विक्रम पाण्डे)
अध्यक्ष तथा प्रबन्ध निर्देशक
कालिका एफ एम प्रा लि


श्री लक्ष्मीस्मृति साहित्य समाज
LAXMI SMITRI SAHITYA SAMAJ
कावासोती, नवलपरासी
सम्मान-पत्र
साहित्यकार - श्री पुष्प अधिकारी 'अञ्जली' ज्यू
भरतपुर, चितवन
आफ्नो कार्यदक्षताको लगानीले साहित्यिक पत्रकारिता र साहित्यिक लेखनका क्षेत्रमा वि.स. २०४४ सालदेखि सम्लग्न रहँदै साहित्यिक युग निर्माणका लागि संस्थागत उत्थानका लागि तपाईंले पुर्‍याउनु भएको योगदानको कदर गर्दै यो सम्मान प्रदान गरिएको छ ।
साहित्यिक जगत तपाईं विशिष्ठ योगदान पाउने आशाका साथ तपाईंको भावी जीवनको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
(हिमलाल चापागाईं)
सचिव
(बूँद राना)
प्रमुख अतिथि
(सदानन्द अभागी 'जैसी')
अध्यक्ष


सुदूरपश्चिमाञ्चल गजल मञ्च
घनगढी, कैलाली
गजलकार श्री पुष्प अधिकारी "अञ्जली" ज्यू
भरतपुर, चितवन ।
वरिष्ठ गजलकार श्रेष्ठ प्रिया "पत्थर"द्वारा स्थापित तथा यस गजलमञ्चद्वारा सञ्चालित "गजल साधना सम्मान" को लागि तपाईंद्वारा लिखित गजल सङ्ग्रह "स्वप्निल नयन" ले यस वर्षको मूल्याङ्कनमा उत्कृष्ट स्थान प्राप्त गरेको हुँदा गजल विधाको विकासको लागि तपाईंको योगदानको उच्च मूल्याङ्कन गर्दै तपाईंलाई नगद रु.३००१।- सहित "गजल साधना सम्मान-२०६४" बाट सम्मान गर्दछौं । आगामी दिनमा तपाईंबाट नेपाली साहित्यमा बहुचर्चित गजललाई अझ बढी लोकप्रिय र बौद्धिक विधाको रूपमा स्थापित गर्न सत्प्रयास जारी रहनेछ भन्ने आशा व्यक्त गर्दै हामी तपाईंको साहित्यिक समुज्ज्वल भविष्यको हार्दिक कामना गर्दछौं ।
(श्रेष्ठ प्रिया "पत्थर")
पुरस्कार संस्थापक
(टोपेन्द्र शाह "रसिक")
का.वा. अध्यक्ष
(वासुदेव भट्ट "भाइसाब")
प्रमुख अतिथि
दिनाङ्क : २०६४।५।२९



अन्तरङ्ग
काठमाडौं नेपाल
सम्मान-पत्र
भरतपुर- १०, चितवन ।




जि.प्र.का.द.नं.: ५११/०६४
जि.प्र.का.द.नं.: २९४/०५७
सिन्धुली साहित्य प्रतिष्ठान तथा पल्लवी ज्ञानमञ्च पुस्तकालय
सिन्धुली साहित्य सम्मान- २०६५
नेपाली साहित्य क्षेत्रमा अनवरत रूपमा योगदान पुऱ्याउदै आउनुभएका नेपालका
श्री पुष्प अधिकारी 'अञ्जलि'ज्यूलाई वहाँको योगदानको कदर स्वरूप यस वर्षको "सिन्धुली साहित्य सम्मान- २०६५" प्रदान गरिएको छ ।
अध्यक्ष
(तीर्थ यात्री)
पल्लवी ज्ञानमञ्च, जखनी
प्रमुख अतिथि
विषमलाल अधिकारी दनुवार
सभासद, सिन्धुली
अध्यक्ष
(आश्विन पवन भीमानेली)
सिन्धुली साहित्य प्रतिष्ठान, सिन्धुली
प्रदान मितिः २०६५।१०।१३


पचहत्तरै जिल्लाका स्रष्टाहरूलाई एकैपटक समावेश गर्न सफल एकमात्र पत्रिका

# अनामिका राष्ट्रिय साहित्य विविध

गैंडाकोट, नवलपरासी

## सम्मान-पत्र

श्री पुष्प अधिकारी 'अञ्जली'

हाम्रो मझेरी राष्ट्रिय मासिक भरतपुर, चितवन

मितिः २०६१/०४/२३ गते शनिवार

हाम्रो मझेरी राष्ट्रिय साहित्यक मासिकको प्रकाशनद्वारा विगत पाँच वर्षदेखि नव-प्रतिभाहरूलाई प्रेरणा-प्रोत्साहन दिंदै मोफसलमा रहेर नेपाली वाङ्मयको श्रीवृद्धिमा निरवच्छिन्न रूपमा पुऱ्याउनु भएको विशिष्ट योगदानको कदर स्वरूप यहाँलाई अभिनन्दनपूर्वक यो सम्मान-पत्र अर्पण गरिएको छ ।

सूर्यप्रकाश भुषाल (कार्यक्रम संयोजक)

गोविन्दराज विनोदी (प्रमुख अतिथि)

लेखराम सापकोटा 'निर्दोषयात्री' (प्रधान सम्पादक)


# "१३९ औं मोती जयन्ती"

२०६१

## प्रमाण-पत्र

युवाकवि राष्ट्रिय विभूति मोतीराम भट्टको १३९ औं जन्म जयन्तीको अवसरमा चितवन साहित्य परिषद् र नारायणी कला मन्दिरको संयुक्त आयोजनामा भएको **प्रतियोगितात्मक समस्यापूर्ति गजल गोष्ठी** मा भरतपुर निवासी श्री/~~श्रीमती~~/~~सुश्री~~ पुष्प अधिकारी 'अन्जली' प्रथम/द्वितीय/तृतीय/............ हुनु भएकोले पुरस्कार सहित यो **प्रमाण-पत्र** प्रदान गरिएको छ ।

*"समस्यापूर्ति- आफ्नै घर जलाएर आगो ताप्न लाग्यौ किन ?"*

(सहन प्रधान)
अध्यक्ष
नारायणी कला मन्दिर

(तीर्थराज कोइराला)
प्रमुख अतिथि

(केदारनाथ खनाल)
अध्यक्ष
चितवन साहित्य परिषद

मिति : २०६१ भाद्र २८ गते मंगलबार ।


शिवपुरी साहित्य समाज
हात्तीगौडा, काठमाडौं
२०६२
सम्मानपत्र
शिवपुरी साहित्य समाजद्वारा स्थापना गरिएको विष्णु-पुष्पा साहित्यिक पत्रकारिता पुरस्कार विगत १३ वर्षदेखि प्रकाशित हुँदै आएको "हाम्रो मझेरी" साहित्यिक पत्रिकाको स्वर्ण (५०औं) अङ्कले पुऱ्याएको योगदानको उच्च कदर गर्दै तपाईं पुष्प अधिकारी अञ्जलिको सम्पादन संयोजनलाई यस वर्ष (२०६९)को रु.५००१ (अक्षरेपी पाँचहजार एक रुपैयाँ) राशि सहितको यो सम्मान सादर समर्पण गरिएको छ ।
तीर्थ श्रेष्ठ
प्रमुख अतिथि
वरिष्ठ उपाध्यक्ष
नेपाली लेखक संघ
वियोगी बुढाथोकी
अध्यक्ष
(शिवपुरी साहित्य समाज)
विष्णुबहादुर सिंह
पुरस्कार संस्थापक
२०६९ चैत्र १७, शनिवार


आँकुरा नेपाल
कदर-पत्र
श्री हाम्रो मझेरी साहित्य प्रतिष्ठान
भरतपुर, चितवन
नेपाली साहित्यको श्रीबृद्धि र साहित्यिक पत्रकारिताको उन्नयनमा त्यस संस्थाले आफ्नो स्थापना कालदेखि नै उल्लेखनीय योगदान दिँदै आइरहेको हुनाले सो योगदानको समुचित कदर गर्दै सगर्व यो कदर-पत्र अर्पण गर्दछौं ।
(मिति २०६४-११-२५, नेपालगञ्ज)